



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

सोमबार, असोज ३०, २०७४ | Monday, October 16, 2017 | www.newsofnepal.com | नेसं ११३७ कौला गा: १२ | वर्ष २३, अंक २७३ | पृष्ठ १२ | मूल्य रु. १०/–


# महतोलाई किन पटकपटक कर छुट ?

## एउटै प्रकृतिमा सरकारको दोहोरो नीति




3.6 The Seller shall be responsible for all taxes payable under the laws of any jurisdiction in connection with the transactions contemplated by this Agreement, including for the avoidance of doubt, any capital gains tax in relation to the sale of shares which might be applicable.



**नेपाल समाचारपत्र**

काठमाडौं

मोबाइल सेवा प्रदायक कम्पनी एनसेलको बिक्री प्रकरणमा पुँजीगत लाभ कर निर्धारण गर्ने क्रममा एनसेलका तत्कालीन शेयर साझेदार डा. उपेन्द्र महतोलाई फेरि एकपटक उन्मुक्ति दिइएको छ। अघिल्लो साता ठूला करदाता कार्यालयले एनसेलका तत्कालीन साझेदार निरज गोविन्द श्रेष्ठलाई थप ११ अर्ब रुपियाँ पुँजीगत लाभकर निर्धारण गरेको भए पनि श्रेष्ठलाई शेयर बिक्री गर्ने महतोमाथि भने रहस्यमय तरिकाबाट कर निर्धारण गरिएको छैन।

श्रेष्ठले उपेन्द्र महतोको सिनर्जी नेपालसँग खरिद गरेको २० प्रतिशत शेयर सतिशलाल आचार्यकी श्रीमती भावना सिंह श्रेष्ठलाई बिक्री गरेबापत ठूला कर कार्यालयले पटक-पटक लाभकर लगाउँदै आएको छ। तर, त्यस्तै प्रकृतिको अर्को बिक्री अर्थात् उपेन्द्र महतोले श्रेष्ठलाई र रेनोल्डस् होल्डिङलाई बिक्री गरेबापतको पुँजीगत लाभकरका विषयमा भने सरकार सधैं मौन रहँदै आएको छ।

एउटै प्रकृतिको बिक्रीमा एक जनालाई पटक-पटक कर लगाउने तर त्यस्तै प्रकृतिको अर्को कारोबारमा भने महतोले छुटकारा पाउँदै आउनु रहस्यमय मात्रै होइन प्राकृतिक न्यायको सिद्धान्तविपरीत रहेको सरोकारवालाको भनाइ छ। गैरआवासीय नेपाली संघका संस्थापक अध्यक्षसमेत रहेका महतोले आफ्नो उच्च राजनीतिक पहुँचलाई दुरुपयोग गर्दै कर छली कार्यमा सदुपयोग गर्न सफल हुँदै आएका छन्।

उपेन्द्र महतोको कर छली प्रकरणलाई पटक-पटक विभिन्न सञ्चारमाध्यम, सांसदहरूले विषय उठान गर्दा पनि यो विषयमा सरकार मौन रहँदै आएको छ।

सन् २००८ मेसम्म डा. उपेन्द्र महतोको स्पाइस नेपालमा ४० प्रतिशत शेयर रहेको थियो। जसमा महतोको साइप्रसमा रहेको कम्पनी डेल्टो ट्रेडिङ लिमिटेडको नाममा २० प्रतिशत र नेपालमा रहेको कम्पनी सिनर्जी नेपालको नाममा २० प्रतिशत शेयर रहेको थियो। बाँकी ६० प्रतिशत शेयरचाहिँ टेलियासोनेरा नर्वेको रेनोल्डस् होल्डिङ कम्पनीको नाममा रहेको थियो।

महतोले सन् २००८ को मे १९ तारिखमा डेल्टो ट्रेडिङमा रहेको २० प्रतिशत शेयर रेनोल्डस् होल्डिङलाई बेचेका थिए।

(क्रमशः पृष्ठ ९ मा)

# ५४ दलले बुझाए उम्मेदवारको सूची

तस्वीर : अनिल आङदेम्बे



सुनील महर्जन, काठमाडौं

प्रदेशसभा र प्रतिनिधिसभाको समानुपातिकतर्फको निर्वाचनका लागि ५४ वटा राजनीतिक दलले आइतबार उम्मेदवारको बन्दसूची बुझाएका छन्।

आयोगको समानुपातिकतर्फको निर्वाचन अधिकृत कार्यालयमा दलहरूले उम्मेदवारको सूची बुझाएका हुन्। समानुपातिकतर्फ भाग लिन ८८ वटा राजनीतिक दलले दल दर्ता गराएका छन्।

बन्दसूची बुझाएसँगै औपचारिकरूपमा चुनावी प्रक्रिया शुरू भएको आयोगले जनाएको छ। 'राजनीतिक दलका नेताहरू आयोगमा मनोनयन-पत्रको बन्दसूची पेस गरिरहनुभएको छ। यो ज्यादै ऐतिहासिक शुरूवात हो' -प्रमुख आयुक्त अयोधिप्रसाद यादवले भन्नुभयो।

निर्वाचन आयोगले आउँदो मंसिर १० र २१ मा हुने प्रदेशसभा र प्रतिनिधिसभाका लागि समानुपातिकतर्फ उम्मेदवारको बन्दसूची बुझाउन आइतबार बिहान १० बजेदेखि साँझ ५ बजेसम्मको अवधि तोकिएको थियो। प्रमुख राजनीतिक दलले निर्धारित समयसीमाभित्र बन्दसूची बुझाउन सकेनन्। प्रमुख राजनीतिक दलहरूले उम्मेदवार छनोट गर्न नसक्दा निर्धारित समयभित्र बन्दसूची बुझाउन नसकेका हुन्।

निर्वाचन आयोगका कर्मचारी कार्यालय परिसरमा बन्दसूची बुझाउने डेस्क नै बनाएर बसेका थिए। तर, दलहरू भने उम्मेदवारको टुंगो लगाउन नसक्दा र क्लस्टर मिलाउन नसक्दा समयमै आयोग पुग्न नसकेका हुन्। साँझ ६:३० बजे मात्र प्रमुख राजनीतिक दलका नेताहरू उम्मेदवारको बन्दसूची लिएर आयोग पुगेका थिए। नेपाली कांग्रेसले बन्दसूची बुझाउन टोकन लिएको थियो।

आइतबारै ४ बजेसम्ममा साना ३० दलले मात्रै बन्दसूची पेस गरेका थिए। कतिपय दलले उम्मेदवारको सूची नै निर्वाचन आयोगमा पुगेर तयार पारेका थिए। कात्तिक ६ सम्म त्यसमा संशोधन गरी पेस गर्ने समय दिएकाले दलहरूले प्रारम्भिक सूची मात्र बुझाएका हुन्।

राजनीतिक दलहरू उम्मेदवारको प्रारम्भिक बन्दसूची तयार गरी पछि संशोधन गर्ने मनस्थितिमा रहेको पाइएको छ। आयोगले समानुपातिकतर्फको उम्मेदवारको बन्दसूची सच्याउन कात्तिक १२ गतेसम्मको समय तोकेको छ। समानुपातिक उम्मेदवारको अन्तिम सूची आगामी मंसिर ३ गते प्रकाशित गर्ने कार्यतालिका रहेको छ।

समानुपातिकतर्फ ५० प्रतिशत महिलासहित दलित, आदिवासी जनजाति, खस, आर्य, मधेसी, थारू, मुस्लिम समुदायको अनिवार्य प्रतिनिधित्व हुने गरी बन्दसूची तयार गर्नुपर्ने कारणले गर्दा दलहरूले बन्दसूची बुझाउन ढिलाइ गरेका आयोगका प्रवक्ता नवराज ढकालले बताउनुभयो। प्रतिनिधिसभाका लागि समानुपातिक सूची तयार गर्दा दलित १३.८, आदिवासी जनजाति २८.७, खस आर्य ३१.२, मधेसी १५.३, थारू ६.६ र मुस्लिम ४.४ प्रतिशत तोकिएको छ। प्रदेशसभाका लागि जनसंख्या र जातीय आधारमा प्रतिशत तोकिएको छ।

सबै प्रदेश र केन्द्रीय संसद्का लागि उम्मेदवारी दिँदा दलहरूले २ लाख २५ हजार रुपियाँ धरौटी बुझाउनुपर्छ।

(क्रमशः पृष्ठ ९ मा)

# प्रचण्डको बाटो हेर्दै देउवा

## माओवादीका मन्त्री अन्योलमा

काठमाडौं, (नेस)

वाम गठबन्धनपछि प्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बीच सम्बन्ध बिग्रिएको छ। तर, प्रधानमन्त्री देउवा माओवादी अध्यक्ष प्रचण्डको निर्णयको प्रतीक्षामा रहनुभएको छ।

प्रधानमन्त्री देउवाले माओवादीका मन्त्री हटाउने गरी सातौंपटक मन्त्रिपरिषद् विस्तार गरे पनि माओवादीले सरकारमा सहभागी भएका आफ्ना मन्त्री फिर्ता नबोलाउने निर्णय गरेको छ।

माओवादीले आफ्ना मन्त्री फिर्ता नबोलाए देउवाले माओवादीबाट सरकारमा सहभागी सबै मन्त्रीलाई बिनाविभागीय बनाउने तयारी गर्नुभएको छ। तर, प्रचण्डको निर्णयको प्रतीक्षामा प्रधानमन्त्री देउवा रहनुभएको छ।

नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच चुनावी तालमेलसँगै एउटै कम्युनिस्ट पार्टी बनाउने सहमतिपछि प्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को सम्बन्ध चिसिएको छ। सत्तारुढ दल भएर पनि प्रमुख प्रतिपक्ष दलसँग चुनावी तालमेलसँगै पार्टी एकीकरण गर्ने सहमति भएलगत्तै सरकारको नेतृत्व गरेको नेपाली कांग्रेसले लोकतान्त्रिक गठबन्धन बनाएको थियो।

वाम गठबन्धन बनाउने निर्णयसँग प्रधानमन्त्री देउवाले माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसँग सशंकित भएका छन्। देउवा र प्रचण्डबीच बढेको अविश्वासका कारण माओवादी केन्द्रसँग परामर्शबिना नै व्यवस्थापिका संसद्को म्याद सकिने अन्तिम दिन शनिबार प्रधानमन्त्रीले सातौंपटक मन्त्रिमण्डल विस्तार गर्नुभएको हो।

(क्रमशः पृष्ठ ९ मा)

# करेन्ट लागेर सासू बुहारीको मृत्यु

वीरगन्ज, (नेस)

वीरगन्जको लक्ष्मणवामा करेन्ट लागेर दुई जनाको मृत्यु भएको छ। वीरगन्ज महानगर-१५ लक्ष्मणवामा आइतबार बिहान करेन्ट लागेर कान्ति देवी र उनकी बुहारी जागोदेवी सोनारको मृत्यु भएको हो।

घरमा रहेको चापाकलमा जडान गरिएको पानी तान्ने विद्युतीय मोटर चलिरहेका बेला चापाकल चलाउने क्रममा करेन्ट लागेर सासू-बुहारी दुवै जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

करेन्ट लागेर गम्भीर घाइते भएका दुवै जनालाई उपचारका लागि नेसनल मेडिकल कलेजमा लैजाने क्रममा बाटोमै दुवै जनाको मृत्यु भएको पर्साका प्रहरी नायव उपरीक्षक प्रेमबहादुर शाहीले बताए।







# महानगर

युरोप यात्रा १०

# स्पेन घुम्नै पर्ने एउटा मुलुक

पुष्करलाल श्रेष्ठ
pushkarlal@gmail.com

स्पेनको सबैभन्दा सुन्दर शहर बार्सिलोना घुमेर फर्केको केही दिनपछि अर्थात् २०७४ भदौ १ गते हामी घुमेकै एउटा ठाउँ ला राम्बलामा गाडीबाट आक्रमण गरी १३ जना पर्यटक मारिएको समाचार सुन्दा एकछिन् त हंसले नै ठाउँ छोड्यो। यो समाचारले दैनिक हजारौं पर्यटक पैदल यात्रामै रमाउने करिब सवा किलोमिटर लामो यस्तो शान्त र रमाइलो ठाउँमा फेरि कुन आतंककारीको आँखा परेको होला भनी एकछिन् सोच्न बाध्य बनायो।

सन् १३७७ मा निर्माण भई सन् १४४० मा मात्र हिँड्न योग्य बनेको यो बाटोको बीचमा मान्छेबाहेक गाडी गुड्नै मिल्दैनथ्यो। कसरी फेरि यत्रो मान्छेलाई गाडीले कुल्चेको होला ? जति सोचे पनि घटना त भइसकेकै थियो। घटनाले संसार हल्लाइसकेको थियो। स्पेनका विभिन्न चाड मनाउन आउने भएकाले पनि यो सडकमा सधैंजसो भीडचाहिँ भई नै रहने रहेछ।

यो घटनाको मुख्य जिम्मेवार को हो भन्ने कुराको अनुसन्धान अहिलेसम्म जारी नै रहेको छ। युरोपका अन्य देशहरूको तुलनामा इटलीपछि अलि सजिलै शरणार्थी छिर्न सक्ने भएकाले स्पेनमा धेरै आतंककारी रहेको अनुमान यो घटनाले पुष्टि गरेको छ। स्पेनमा आधिकारिकरूपमै १ सय ४० भन्दा बढी मुस्लिम संघ-संगठन क्रियाशील छन्। अफ्रिकी मुलुक मोरक्को नजिकै रहेकाले समुद्रबाट पौडेरै यहाँबाट पनि धेरै शरणार्थी छिर्ने गरेको बताइन्छ।

भर्खरै यति दुःखदायी घटना घटेको बार्सिलोनामा अहिले फेरि क्याटलोनियाको स्वायत्तताको अधिकारलाई लिएर भइरहेको प्रदर्शन स्पेन सरकारका लागि अर्को टाउको दुःखाइ भइरहेको छ। तीन हप्ताअघि मात्र क्याटलोनिया स्वतन्त्रताका पक्षधरहरूले गरेको जनमत संग्रहको परिणामबाट हौसिएका नेता कार्लेस पुइगडेमन्टले बीबीसीलाई दिएको अन्तर्वार्तामा क्याटलोनियालाई एकतर्फीरूपमा स्वतन्त्र घोषणा गर्ने चेतावनी दिएका थिए।

स्पेनका राजा फिलिप छैटौंको क्याटलोनिया विरोधी कडा चेतावनीको स्वतन्त्रताका पक्षधर नेताहरूले प्रतिकार गरे पनि स्पेनका प्रधानमन्त्री मारियानो रेजोयले स्वतन्त्रताको घोषणा कार्यान्वयन नहुने स्पष्ट पारिसकेका छन्। स्पेनको संवैधानिक अदालत र सरकारबाट आएको कडा प्रतिक्रियाविरुद्ध क्याटलोनिया स्वतन्त्र पक्षधरहरूको प्रदर्शन जारी रहेकाले यो मुद्दा कहाँ गएर टुंगिन्छ भन्नेबारे अहिले नै यकिन गर्न सक्ने अवस्था छैन। पछिल्लो समयमा क्याटलोनियाका विखण्डनकारी नेता कार्लस सुज्डमोनमाथि क्याटलोनिया स्पेनबाट अलग हुने योजना त्याग्न उनीमाथि राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा निकै ठूलो दबाब बढिरहेको छ।

साधारण जानकारीका लागि क्याटलोनिया स्पेनको उत्तर-पूर्वी क्षेत्रमा पर्छ। यहाँ करिब ४ हजार नेपालीसमेत गरी ७५ लाख मानिस बसोबास गर्छन्। उनीहरूको आफ्नै भाषा र संस्कृति छ भने बार्सिलोना त्यसको राजधानी हो। हुन त यहाँ अहिले पनि माथिल्लो स्तरको स्वायत्तता नभएको होइन, तैपनि स्पेनको संविधानले यसलाई अलग राष्ट्र मानेको छैन। स्पेनकै सबैभन्दा राम्रो शहरको रूपमा विश्वभर चर्चित यो ठाउँलाई स्पेन सरकारले त्यति सजिलै छोड्ने कुरा सम्भव देखिँदैन।

यसपटकको युरोप भ्रमणमा धेरैजसो मुलुकहरू ट्रेनबाटै सफर गरेको भए पनि स्पेनचाहिँ एम्सटर्डमबाट अलि टाढा भएकाले हामी विमानबाटै गएका थियौं। स्पेनको यात्रामा भने हामीलाई भाइ दुर्गा मोक्तानले साथ दिएका थिए। भाइ मोक्तानकी श्रीमती तथा हाम्री भाइ-बुहारी नाताली मोक्तान नेदरल्यान्डको राजधानी एम्सटर्डममै कार्यरत रहेकी र अनि भाइ मोक्तान पनि काठमाडौंबाट एम्सटर्डम आइपुगेकाले हामीलाई स्पेन घुम्न धेरै सहज भयो। भाइ एमस्टर्डम पुगेको पर्सिपल्टै अनलाइनबाट हवाई टिकट बुक गरेर हामी एम्सटर्डमबाट ३ जुलाई २०१७ मा बार्सिलोना उडेका थियौं। एम्सटर्डमबाट दुई घण्टाको हवाई उडान भरेपछि बार्सिलोना पुग्न सकिन्छ।

कला, संस्कृति, वास्तुकला, राम्रो मान्छे र मीठो खानाका कारण स्पेन संसारकै एउटा राम्रो र सुन्दर देश भएकोमा कसैको विमति छैन। ५ लाख ५ हजार ९ सय ९० वर्गकिलोमिटर क्षेत्रफल रहेको स्पेन युरोपियन युनियनकै दोस्रो ठूलो देश हो। यो युरोपियन युनियनको पाँचौं धेरै जनसंख्या भएको देश पनि हो। यहाँको जनसंख्या झण्डै ४ करोड ६६ लाख छ। विश्वप्रख्यात फुटबल टिम रियल म्याड्रिड खेल्ने टिम रहेको म्याड्रिड स्पेनको राजधानी हो।

स्पेनको इतिहास पढ्दा रोमन साम्राज्यको बेला जन्मेको यो देशको पहिलो नाम हिस्पेनिया रहेछ। पहिले नेपालमा छरिएर रहेका स-साना देशहरूलाई पृथ्वीनारायण शाहले एकीकरण गरेजस्तै स्पेन पनि १५औं शताब्दिमा एकीकरण भएर सिंगो देश बनेको थियो। स्पेन इतिहासकै पहिलो साम्राज्य खडा गर्ने देश हो। स्पेनपछि मात्र बेलायतले विस्तारै साम्राज्य खडा गर्दै लगेको थियो। यसरी विश्वभरि नै आफ्नो साम्राज्य खडा गर्न सफल भएका कारण अहिले विश्वका ५० करोड मानिस स्पेनी भाषा बोल्न सक्छन्। यो संसारमा चिनियाँ भाषापछि सबैभन्दा बढी मान्छेले बोल्ने भाषा हो।

सन् १९३६ मा स्पेनमा भएको ठूलो गृहयुद्धमा ५ लाखभन्दा बढी मान्छेले ज्यान गुमाउनुपरेको थियो। नाजी जर्मनी र इटलीको सहयोगमा गणतन्त्रवादी र फ्रान्सिस्को फ्रान्कोको नेतृत्वमा राष्ट्रवादीबीच भएको ३ वर्ष लामो घमासान गृहयुद्धपछि सन् १९३९ मा राष्ट्रवादीले विजय हासिल गरेको थियो। राष्ट्रवादी शक्तिलाई त्यस बेला सोभियत युनियनको साथ रहेको बताइन्छ।

हाल संवैधानिक राजतन्त्र रहेको स्पेनलाई हेर्न अमेरिका र फ्रान्सपछि सबैभन्दा धेरै मानिस ओइरिने गरेको दाबी गरिन्छ। अहिले संसारकै एक नम्बर रहेको देश अमेरिका बनाउनमा स्पेनिसहरूको ठूलो हात रहेको कुरा धेरैलाई थाहा नहुन सक्छ। यो संवाददाता अमेरिकी सरकारको निमन्त्रणामा अमेरिकी भ्रमणमा रहेको बेला त्यहाँका धेरै पुराना सांस्कृतिक ठाउँहरू घुमाउने क्रममा अमेरिकी अधिकारीहरूले स्पेनिसका बारे धेरै बयान गर्दै अमेरिका बनाउनमा स्पेनिसको ठूलो हात रहेको कुरा बताउने गरेका थिए।

विश्वकै ४४ वटा प्रसिद्ध हेरिटेज साइड भएको देशमा पहिले कहाँबाट यात्रा शुरू गर्ने भन्ने कुरामा हामी होटलमै एकछिन् अलमलियौं। पुरानो फुटबल खेलाडीको नाताले यस स्तम्भकारलाई युरोपका आफ्नो सबैभन्दा प्रिय फुटबल टिम बार्सिलोनाको घरेलु मैदान क्याम्प नाउ जाने इच्छा थियो। तर, भाइ दुर्गा र श्रीमती राजेश्वरीलाई फुटबल ग्राउन्ड हेर्ने कुरो पहिलो प्राथमिकतामा नपर्ने बुझेको यो स्तम्भकारले बार्सिलोना शहर घुम्ने तालिका बनाउने जिम्मा भाइ दुर्गालाई नै सुम्पेको थियो।

भाइ दुर्गाले बनाएको तालिकाअनुसार सबैभन्दा पहिले हामी बार्सिलोनामा वार्षिक ३० लाख पर्यटकले हेर्ने नामुद वास्तुकलाविद् एन्टोनी गाउडले डिजाइन गरेको विश्वप्रसिद्ध सग्रादा फेमिलिया हेर्न निस्क्यौं। सन् १८८२ मा बनाउन शुरू गरिएको सग्रादा फेमिलियाको निर्माण अहिले पनि जारी नै रहेको छ। वास्तुशास्त्रको अनुपम नमुनाको रूपमा ठडिएको यसको डिजाइन जति हेरे पनि हेरिरहुँ लाग्ने निकै आकर्षक एवं सुन्दर छ। यसको निर्माण कहिले सक्ने भनी त्यहाँ बुझ्न खोज्दा यसको डिजाइन गर्ने सर्जक आर्किटेक गाउड मरेको सय वर्षको वार्षिक पुण्यतिथिका दिन सन् २०२६ मा मात्र सक्ने लक्ष्य रहेको थाहा पाइयो। यस हिसाबले यो चर्चको निर्माण सम्पन्न गर्न मात्र १ सय ४४ वर्ष लाग्ने अनुमान गर्न सकिन्छ।

शहरमा छरिएर रहेका चित्ताकर्षक चर्च, दरबार, महल, हरियाली पार्कहरू घुमीसाध्य छैन। स्पेन पुगेपछि सन् १९२० मा भएको अन्तर्राष्ट्रिय प्रदर्शनीका लागि बनाइएको क्लाउसिडिया स्पेनिया, १४औं शताब्दिमा बनेको क्याथ्रिडेल सम्रिविच, वास्तुकलाका लागि प्रसिद्ध एन्टोना गौदी पनि हेर्न नछुटाऊ भन्छन् प्रायः स्पेनिस।

स्पेनको संस्कृति र इतिहाससँगै जोडेर आउने स्पेनिस साँढे जुधाउने खेलचाहिँ अलि बढी नै हिंस्रक लागेकाले हाम्रो ध्यान त्यतातिर मोडिएन। संस्कृतिसँग जोडिएको भए पनि यसको स्पेनमै धेरै विरोधका स्वर सुन्न पाइयो। आगोको मुस्लो नचाउने प्रदर्शन पनि स्पेनमा धेरै लोकप्रिय रहेछ। संगीतको धुनमा आगो नचाउने स्पेनको परम्परागत नृत्य त्यहाँको लोक संस्कृतिसँग पनि जोडिएको रहेछ।

बार्सिलोना पुगेपछि त्यहाँ नहेरी नहुने ठाउँहरूको चर्चा गर्नुपर्दा केही महिनाअघि मात्र आतंककारीको शिकारमा परेको भए पनि एक पटक ला राम्बलामा पैदल यात्रा गरेर आनन्दचाहिँ लिनै पर्ने देख्छु। यस ठाउँमा यात्रा गर्दा वरिपरि धेरै नेपाली पनि भेट्न सकिन्छ। यहाँ केही नेपालीले पसल थापेर व्यापार गरिरहेका छन्। यसपछि यहाँ छुटाउनै नहुने अर्को पार्क ग्वेल र थिम पार्क नामका दुई ठूला हरियाली पार्क पनि हुन्। यी पार्कमा पुगेपछि तपाईं यहाँबाट नजिकै पर्ने आकर्षक समुद्री किनारमा पनि पुग्न सक्नुहुन्छ। पार्क त त्यसै पनि सुन्दर छ नै।

दिनभरि घुमेर तपाईं साँझमा थकाइ मेट्न चाहनुहुन्छ भने रंगीन पानी र संगीतको समिश्रणले भरिएको चित्ताकर्षक फाउन्टेन हेर्ने ठाउँ खोज्दै यहाँ पुग्ने प्रयास गर्नुस् भन्छु। किनभने सन् १९३९ मा बनेको यो फाउन्टेनबाट छोड्ने रंगीन पानी नाचेको हेर्न यो ठाउँमा विश्वभरबाट वार्षिक २५ लाख पर्यटक ओइरिने गर्छन्। यसबाहेक विश्वप्रसिद्ध स्पेनिस चित्रकार पाब्लो पिकासो संग्रहालय पनि बार्सिलोनाको छुटाउन नहुने एउटा अर्को आकर्षण हो। यहाँ पिकासोका नामुद चित्रहरू नरहे तापनि उनले कोरेका ४ हजारभन्दा बढी आकर्षक पेन्टिङ हेर्न सकिन्छ।

शुरूमा भनिएझैं कला र संस्कृतिले धनी देश स्पेनको राजधानी मेड्रिडलगायत भ्यालेन्सिया, सेभिल, पोर्टो, बार्सिलोना

खेलकुदप्रेमीहरूका लागि त स्पेन स्वर्ग नै भन्दा हुन्छ। बार्सिलोना फुटबल टिमको मैदान क्याम्प नाउ र रियल मेड्रिड घरेलु फुटबल मैदान नेब्रास्काबाहेक स्पेनमा फर्मुला वान, साइक्लिङ, टेनिस र बास्केटबलका थुप्रै क्लबहरूको अवलोकन गर्न सकिन्छ। स्पेनले सन् २०१० मा भएको विश्वकप फुटबल शानदाररूपमा जितेको कुरा अहिले पनि धेरै फुटबलप्रेमीको स्मरणमै हुनुपर्छ। सन् २०१८ मा रसियामा हुने विश्वकप फुटबलको छनोट प्रतियोगितामा पनि स्पेनले एक खेल खेल्न बाँकी हुँदै रसियाको टिकट काटिसकेको छ।

फुटबलप्रेमीहरूलाई थाहा भए पनि अरू धेरैलाई थाहा नहुन सक्छ, स्पेनको रियल मेड्रिड फुटबल क्लब संसारकै सबैभन्दा धनी फुटबल क्लब हो। यसको वार्षिक आम्दानी ६ सय ५० मिलियन युरो अर्थात् करिब ७९ अर्ब ५७ करोड नेपाली रुपियाँ छ। यस क्लबको ब्रायन्ड भ्यालु मात्र ३ दशमलव ३ बिलियन युरो छ भन्दा सुन्ने सबैले एकपटक जिब्रो नटोकी सुखै पाउँदैनन्। यसको चिर प्रतिद्वन्द्वी बार्सिलोनाको ब्रायन्ड भ्यालु भने रियल मेड्रिडको भन्दा कम अर्थात् २ दशमलव २ बिलियन युरोबाहेक छैन।

बार्सिलोनाको क्याम्प नाउमा रहेको फुटबल मैदान मात्र हेर्न पनि २३ युरो खर्च गर्नुपर्ने र अनुसन्धानात्मक पत्रकारिताको अध्ययन गरिरहँदा अमेरिकामा विश्वकप फुटबल विजेता अर्जेन्टिना र अमेरिकाको राष्ट्रिय फुटबल टिमबीच भएको प्रत्यक्ष फुटबल म्याच हेरिसकेका कारण यसपटक त्यत्रो पैसा खर्च गरी खाली फुटबल मैदान मात्र हेर्न क्याम्प नाउ फुटबल मैदान नछिरीकनै फर्क्यौं।

टेनिसको कुरा गर्दा वर्तमान क्ले कोर्टका राजा नै स्पेनिस खेलाडी राफाल नाडाल हुन् भन्ने कुरा त सबैलाई थाहा भएकै कुरा हो। उनले क्ले कोर्टमा खेलिने फ्रेन्च ओपन ग्रायन्ड स्लाम मात्र १० पटक जितेर विश्व रेकर्ड बनाइसकेका छन्। यसबाहेक भर्खरै चीनमा सकेको बेइजिङ टेनिससँगै नाडालले आफ्नो टेनिस क्यारियरमा १६ वटा ग्रान्ड स्लाम हात पारिसकेका छन्। यसबाहेक फर्मुला वानका मार्क मार्केस, फुटबलका काकियास, एन्ड्रस इनियस्टा, इकर क्यासियल्स, लुइस स्वारेज, राउल, फरनान्डो टोरेस, बास्केटबलका अल्बर्ट मिरालेस, अल्बर्ट ओलिभर, अल्बर्टो डियाज सबै विश्वप्रसिद्ध स्पेनिस खेलाडी हुन्। रियो ओलम्पिकको महिला ब्याडमिन्टनको स्वर्णपदक विजेता क्यारोलिना म्यारिन पनि स्पेनकै खेलाडी हुन्।

वास्तविक समाजवादको रसास्वादन गरिरहेको युरोपको स्पेनमा पनि शिक्षा र स्वास्थ्यका लागि जनताले पैसा खर्च गर्नुपर्दैन। सन् १६०५ मा लेखिएको डन क्विन जोते नामक विश्वको पहिलो आधुनिक उपन्यास प्रकाशित गरेको स्पेनलाई सम्पदामा युनेस्कोले इटली र चीनपछि विश्वकै तेस्रो धनी देशको सूचीमा राखेको छ। यहाँका ७१ प्रतिशत जनता क्याथोलिक धर्म मान्छन्। स्पेनले पहिलो र दोस्रो दुवै विश्वयुद्धमा औपचारिकरूपमा भाग नलिए तापनि यसको झुकाव भने जर्मनी र इटलीमा रहेको थियो। संसारको २३औं ठूलो अर्थतन्त्र भए पनि स्पेन युरोपको दोस्रो धेरै बेरोजगारी भएको देश हो। यहाँ धनी र गरिबको खाडल पनि निकै ठूलो छ। त्यसका बाबजुद नेपाल आउने पर्यटकहरूमा स्पेनिसको पनि बाहुल्यता रहने गरेको कुरा बेला-बेला नेपाल टुरिजम बोर्डले सार्वजनिक गर्ने तथ्यांकहरूमा हामी देख्न पाउँछौं।

स्पेनिसहरू नेपालमा आएजस्तो हामी नेपाली स्पेनमा जान सम्भव नभए पनि तुलनात्मकरूपमा अन्य युरोपेली मुलुकभन्दा सस्तो भएकाले युरोप जाने अवसर पाउँदा एकपटक स्पेन छिर्ने प्रयास गर्नुचाहिँ भ्रमणको दृष्टिकोणले फलदायी नै हुने यो स्तम्भकारको सुझाव छ। समुद्र हेर्नबाट वञ्चित भूपरिवेष्ठित मुलुकका हामी नेपालीका लागि समुद्रको आनन्द लिनसक्ने स्पेनमा हजारभन्दा बढी आकर्षक समुद्री किनार छन्। तपाईं बार्सिलोना, मेड्रिड वा भ्यालेन्सिया जहाँ गए पनि तीन शहर तीनै किसिमका देखिनुहुन्छ। जहाँ गए पनि भू-बनोटदेखि पर्व, संस्कृतिसमेत फरक-फरक पाइने हुनाले तपाईंले स्पेनको जुन भागमा पुगे पनि फरक किसिमको मजा लिन सक्नुहुनेछ। खाना यहाँको सस्तो मात्र होइन कि मीठो पनि छ। पायला, जामोन क्रोक्विटस यहाँका प्रसिद्ध खानाहरू हुन्। चाख्दा स्वादिलो मात्र होइन आनन्दको पनि अनुभूति हुन्छ। यी सबै कारणले गर्दा पनि एकपटक स्पेन घुम्नु रमाइलै हुन्छ।



लेखक श्रीमती राजेश्वरी श्रेष्ठसँग सग्राडा फेमिलियामा



लेखक साथी दुर्गा मोक्तानसँग




क्याम्प नाउस्थित बार्सिलोनाको घरेलु फुटबल स्टेडियममा लेखक



ला राम्बला





# चन्दाको एकल साँझ

विर्तामोड, (नेस)। झापामा गायिका चन्दा देवानको *एकल सांगीतिक साँझ* सम्पन्न भएको छ। झापाको पुरानो स्कुल शनिश्चरे माध्यमिक विद्यालयको भौतिक पूर्वाधार सुधार सहयोगार्थ शनिबार विर्तामोडको अतिथि सदनमा गायिका देवानको *एकल सांगीतिक साँझ* गरिएको हो।

२०३८ सालमा एसएलसी परीक्षा दिएका पूर्वविद्यार्थीको समूह *हामी ०३८ साले, हामी सहयात्री अभियान* दिएर आयोजना गरेको एकल सांगीतिक साँझमा गायिका देवान ओलीले आफ्ना नयाँ तथा पुराना ११ गीत प्रत्यक्षरूपमा प्रस्तुत गरिन्। हामी ०३८ सेका संयोजक शेखर प्रधानको नेतृत्वमा रहेको समूहले एकल साँझबाट विद्यालयको भौतिक पूर्वाधारको सुधार गर्ने अपेक्षा लिएको छ।

गायिका देवानले २०५७ सालमा ल्याएको एल्बम *नीलो आकाश*बाट चारैतिर *गुञ्जिरहोस्, नीलो आकाश, आँखाभरि, तिमी शिखर*लगायत ११ वटा गीत प्रस्तुत गरिन्। उनले विद्यालयका शिक्षकसमेत रहेका संगीत साधक हस्त परियारको संगीत र पत्रकार गोपीकृष्ण खनालको शब्द रहेको *सोधम् है एउटा कुरा* बोलको चर्चित गीत पनि प्रस्तुत गरिन्।

शिक्षक परियारले बजारमा ल्याएको *पहिचान* एल्बममा समेटिएको उक्त गीत चन्दाले परियारसँगै कार्यक्रममा प्रस्तुत गरेकी थिइन्। चन्दाको अहिलेसम्म आधा दर्जन एल्बम सार्वजनिक भइसकेको छ। चन्दा शनिश्चरे माविकी पूर्वविद्यार्थी हुन्। कार्यक्रममा संगीत साधक, साहित्यकार, शनिश्चरेका शिक्षक, पूर्वविद्यार्थी, समाजसेवी, सञ्चारकर्मीलगायतको उपस्थिति थियो।

# प्रेमीले बहिनीलाई प्रेम गरेपछि...



बलिउड कलाकारहरूको प्रेम र जीवनका विभिन्न घटनाले निकै चर्चा पाउने गरेको छ। यसैबीच बलिउड नायिका विद्या बालनले आफ्नो प्रेमजीवन बारेमा अहिलेसम्म बाहिर नआएको कुराको खुलासा गरेकी छिन्।

हाल उनी आफ्नो आउनेवाला फिल्म *तुम्हारी सुलु*को प्रमोसनमा व्यस्त छिन्। प्रमोसनकै क्रममा उनले एक भारतीय टेलिभिजन शोमा दिएको एक अन्तर्वार्तामा आफ्नो प्रेमको बारेमा खुलासा गरेकी हुन्। भारतीय अनलाइनले जनाएअनुसार विद्याले उक्त अन्तर्वार्तामा आफूले जीवनमा साँचो प्रेम गरेको युवकले वास्तवमा आफ्नी बहिनीलाई प्रेम गरेको बताएकी छिन्। 'जसलाई म प्रेम गर्थें, उसले मेरो बहिनीलाई प्रेम गर्थ्यो। त्यो समय उनीहरू डेटिङ पनि जाने गरेको मैले थाहा पाएँ। पछि मैले आफ्नो प्रेमको गला रेटेको थिएँ। त्यसपछि म आफूलाई शहीद जस्तो महसुस गर्थें' -उनले अन्तर्वार्तामा भनेकी छिन्।

# अँगाईंको पहिलो चिनारी सार्वजनिक



रंगराज आचार्य

प्रवासमा रहेर गीत लेखनमा सक्रिय गीतकार ध्रुवप्रसाद अँगाईंको पहिलो एकल गीती अडियो एल्बम *चिनारी* गत शनिबार राजधानीमा सार्वजनिक गरिएको छ। कवि तथ गीतकारद्वय रत्नशमशेर थापा तथा दिनेश अधिकारी, गायक प्रेमध्वज प्रधान, गीतकार डा. कृष्णहरि बराल, गीतकार संघका अध्यक्ष चूडामणि देवकोटा, बिन्ध्यवासिनी म्युजिकका प्रबन्ध निर्देशक सुवास रेग्मी, सञ्चारकर्मी दिनेश डीसीलगायतले उक्त एल्बमको सार्वजनिक गरेका हुन्।

बिन्ध्यवासिनी म्युजिकले बजार व्यवस्थान गरेको एल्बममा कुल ९ गीत छन्। सबै गीतको शब्द गीतकार ध्रुव प्रसादले लेखेका हुन्। पहिलो नम्बरमा रहेको *मखमली चोलीमा ढाकाको तुना* बोलको गीतमा स्वर तथा संगीत चेतन सापकोटा, *नजुरेको लगन हाम्रो* बोलको गीतमा स्वर अञ्जु पन्त र मनोजराज शिवाकोटी तथा संगीत अर्जुन पोखरेल, *फूल दिउँ त ओइली जाला* बोलको गीतमा स्वर प्रमोद खरेल तथा संगीत राजकुमार बगर, *कहिले माया यता लायौ* बोलको गीतमा स्वर जुनु रिजाल तथा संगीत राजेश थापा, *मन खोलेर गाउँ* हैमा स्वर नरेन्द्र प्यासी तथा संगीत राजकुमार बगर, *बिहानीको घामको झुल्कोमा* स्वर रामकृष्ण ढकाल तथा संगीत तुला पर्वत र *वारिमा खोला पारिमा खोला* बोलको गीतमा स्वर रामचन्द्र काफ्ले तथा संगीत तुला पवर्तकै रहेको छ। त्यसै गरी एल्बममा संगृहित *नजुरेको लगन हाम्रो* बोलको गीतमा पुरुष र महिला स्वरमा छुट्टाछुट्टै रहेको छ।

कार्यक्रममा एल्बममा रहेका मध्ये ५ गीतको म्युजिक भिडियो पनि रिलिज गरिएको थियो। ती गीतमा कुनैमा राष्ट्रियता, कुनैमा माया पिरती र कुनैमा विछोडको भावना थियो। कार्यक्रममा स्वागत मन्तव्य राख्दै गीतकार ध्रुवप्रसाद अँगाईंले एल्बममा संलग्न सबैलाई धन्यवाद दिए। 'विभिन्न कारणले परदेसिए पनि म को हुँ भनेर चिनाउन पनि एल्बम प्रकाशमा ल्याएको हुँ' गीतकार अँगाईंले भने। समीक्षक तथा गीतकार डा. कृष्णहरि बरालले एल्बममा देशभक्ति, मायापिरती र मिलन-विछोडका भाव बोकेको गीतहरू रहेको बताए। 'एल्बममा विभिन्न भावका गीतअनुसार संगीत र स्वरको तालमेलका कारण पनि राम्रो सिर्जना तयार भएको छु' -गीतकार बरालले भने। अर्का गीतकार दिनेश अधिकारीले गीतकारका मनमा रहेको भावनालाई पोख्ने जमर्को गरिएको चर्चा गरे। कार्यक्रमका प्रमुख अतिथि गीतकार रत्नशमशेर थापाले अति नै राम्रा, शालिन र परिपक्व गीतको विमोचन भएको चर्चा गरे। अर्का अतिथि तथा गायक प्रेमध्वज प्रधानले गीतमा लोकपना झल्काउन मादल प्रयोग गरिएको भए झनै राम्रो हुने सुझाव दिए। बिन्ध्यवासिनी म्युजिकका प्रबन्ध निर्देशक सुवास रेग्मीले पनि प्रवासमा रहेर नेपाली गीत-संगीतप्रति योगदान दिनु ठूलो कुरा भएको प्रस्ट पारे।

# पुन्यमको गीत भिडियोमा

गायक पुन्यम प्रधानको पछिल्लो गीत *जलें-जलें म जलें तिम्रो प्यारमा*को शनिबार काठमाडौंमा आयोजित कार्यक्रमका बीच लोकार्पण गरिएको छ। संगीतकार राजु सिंहको प्रमुख आतिथ्यता तथा संगीतकार अनिल शाहीको आतिथ्यतामा गीतको पोस्टर तथा भिडियोको लोकार्पण भएको हो।



नवीन श्रेष्ठको शब्द तथा संगीत एवं अनिल शाहीको म्युजिक एरेन्ज रहेको गीतको म्युजिक भिडियोको निर्देशन विश्व प्रधानले गरेका हुन्। भिडियोमा रिस्ता बस्नेत, निशान खत्री, सिर्जना थापा बस्नेतलगायतका कलाकारहरूको अभिनय रहेको छ। कार्यक्रममा संगीतकार सिंहले गायक प्रधान र आफू मिलेर पचासको दशकको त्यो कठिन समयमा प्रतिबिम्ब समूह स्थापना गरेर संघर्ष गरी करियर बनाएको पललाई सम्झे। अर्का संगीतकार अनिल सिंहले जलें-जलें गीतको म्युजिक एरेन्ज गर्दाको सहकार्यबारेमा चर्चा गरे। पचासको दशकमा गायक पुन्यम प्रधानको परिचय प्रतिबिम्ब समूह नै थियो र अझै पनि छ। प्रतिबिम्ब समूहबाट गायनको करियर शुरू गर्ने गायक प्रधानले हालका अत्यन्त चर्चित संगीतकार राजु सिंहसँग मिलेर २०४७ सालतिर प्रतिबिम्ब समूह स्थापना गरेका थिए।

त्यो सोच र निर्णय प्रतिबिम्बमार्फत प्रतिभाको प्रतिबिम्ब स्थापित गर्नु हो। जुन सोचबाट सुदीप रिजाल, जोन शाही, धनुषा सिंह, वसन्त बित्यासी थापा, इन्द्र ध्वँजु जस्ता अत्यन्त प्रभावशाली गायक-गायिका स्थापित बने। त्यसक्रममा गायक पुन्यम पनि प्रतिबिम्ब समूहबाट निकालिएको प्रतिबिम्ब भाग-१ देखि ४ सम्मको सांगीतिक एल्बमबाट शिखरमा पुग्दै गए। यसबीचमा पुन्यमका *कहीं बर्बाद नहोस्, बिझाउने यादहरू, दोबाटोमा कुरिबसेंको, नआइदेऊ मेरो जीवनमा* जस्ता थुप्रै गीत हिट भएका थिए। २०५६ सालतिर बाँच्नुको विवशताले प्रतिबिम्बका धेरै बिम्बहरू परदेसिए। त्यसक्रममा पुन्यम पनि अमेरिकाको न्युयोर्कतिर हानिए। दिनभरको ऋुजको अत्यन्त व्यस्त काम पछिको आरामको समयमा पनि गीत-संगीतमा रमेर देश सम्झने पुन्यमको बानी नै भयो। त्यसैको प्रतिफल एकल प्रयासमा *पोट्रेट* नामक एल्बम निकाल्ने सफलता प्राप्त गरेका थिए। *प्रतिबिम्ब*पछिको पहिलो एकल एल्बम *प्रोटेट* नै पुन्यमको परिचय बन्यो।



# विचार

ज्ञान मर्दछ हाँसेर रोई
विज्ञान मर्दछ।
- बालकृष्ण सम

एक थोपा मसीले लाखौं
विचारहरू उत्पन्न गर्न सक्छ।
- वायरन

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

## निर्वाचनमा अर्जुनदृष्टि

संविधानसभाबाट रूपान्तरित व्यवस्थापिका संसद्को म्याद समाप्त भएको छ । पहिलो संविधानसभाले तोकिएको समयभन्दा दुई वर्ष बढी समय गुजार्दा पनि संविधान जारी गर्न नसकेपछि गठन भएको दोस्रो संविधानसभाले नयाँ संविधान दिएको छ । जनचाहनाअनुसार निर्माण गरेको भनिएको नयाँ संविधान अहिलेसम्मकै उत्कृष्ट पनि भनिएको छ । यो संविधान कार्यान्वयनको लागि रूपान्तरित संसद्ले महत्वपूर्ण कार्य गरेको छ । मुख्यतया संविधान कार्यान्वयनको अन्तिम चरणअन्तर्गत स्थानीय तहको निर्वाचन सम्पन्न गर्दै संघीय र प्रादेशिक निर्वाचनको लागि आवश्यक सम्पूर्ण तयारी सकेसँगै यो संसद् स्वतः विघटन भएको छ। सरकारले मंसिर १० र २१ गते निर्वाचनको मिति तय पनि गरिसकेको छ ।

निर्वाचनको लागि समानुपातिकतर्फको बन्दसूची बुझाउने कार्य पनि भएको छ। प्रत्यक्षतर्फको उम्मेदवारी दार्ताका लागि पनि मिति तय भैसकेको छ । राजनीतिक दलहरू आन्तरिकरूपमा जति विवाद भए पनि निर्वाचनमा बढीभन्दा बढी सिट जित्नको लागि तयारीमा जुटिसकेका छन् । निर्वाचन हुनेमा कुनै आशंका नभए पनि सरकार र राजनीतिक दलहरूको व्यवहारले कतै निर्वाचन प्रभावित हुने त हैन भन्ने प्रश्न भने उब्जाइरहेको छ। संसद् विघटन हुनुपूर्वसन्ध्यामा मन्त्रिमण्डल विस्तार गर्नु, प्रमुख सत्ता साझेदार दलले प्रमुख प्रतिपक्षसँग चुनावी तालमेलका साथै पार्टी एकीकरण गर्नेसम्मको सहमति गर्नु, पहिलो चरणको निर्वाचन कार्यतालिका परिवर्तन गरी एकै चरणमा गर्नुपर्छ भन्ने अभिव्यक्तिलगायतले कतै निर्वाचनको मिति सर्ने त हैन भन्ने प्रश्न उब्जिएको हो ।

एकले अर्कालाई विश्वास गर्न नसक्ने राजनीतिक दलहरू अहिले अलि फरक परिस्थितिमा छन् । संसद् स्वतः विघटन भएसँगै काम चलाउ सरकारमा परिवर्तन भएको वर्तमान सरकारले सत्ता साझेदार दल माओवादी केन्द्रका मन्त्रीहरूलाई बर्खास्त गर्ने वा विनाविभागीय मन्त्रीको जिम्मेवारी दिने तयारी गरिरहेको खबरहरू पनि सार्वजनिक भैरहेका छन् । साथै डा. गोविन्द केसीको माग सम्बोधन गर्न अध्यादेशमार्फत विधेयक ल्याउने तयारी गरिरहेको पनि बताइएको छ ।

यस्तो अवस्थामा राजनीतिक दलहरूले निर्वाचनप्रति एकले अर्कोलाई अविश्वास गरिरहेको पाइन्छ। संविधान कार्यान्वयनको अन्तिम अवस्थामा दलहरूबीचको अविश्वासले निर्वाचनमा शंका उब्जनु स्वाभाविक पनि हो। संविधान कार्यान्वयनको मुख्य पाटो भनेको राजनीतिक स्थायित्व र दिगो विकास मात्र नभएर तोकिएको समयमा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन हुनु पनि हो । यसमा सरकार, सरकारमा सामेल दल तथा अन्य सबै राजनीतिक दलहरूको अर्जुनदृष्टि निर्वाचन केन्द्रित नै हुनुपर्छ। र, स्वच्छ, निष्पक्ष निर्वाचनको लागि सरकार, दल, सरोकारवाला सबैले एकले अर्कोलाई सहयोग गरी अघि बढ्नुपर्छ ।

### लेखकहरूलाई अनुरोध

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# निर्वाचनपूर्वको वाम एकता र वास्तविकता



बालकृष्ण मैनाली

> नेपालको राजनीतिमा जनतालाई भ्रम छर्ने एउटा वाक्य बारम्बार प्रयोग भैरहेको तथ्यलाई आगामी निर्वाचनमा मतदाताले बिसर्न मिल्दैन। नेपाली राजनीतिमा बारम्बार प्रयोग भैरहने वाक्य हो- राजनीतिमा असम्भव भन्ने हुँदैन। यो वाक्य एकताको घोषणासभामा पनि प्रयोग भयो। यसबारेमा राजनीतिक दल र त्यसको नेतृत्व तहको मत एकै हुन सक्ला तर जनमत राजनीतिमा असम्भव बनाइनुपर्ने विषय थुप्रै छन्।

देशमा संक्रमणकाल सकिएको छैन। देशमा जे पनि हुनसक्छ। पूर्वप्रधानमन्त्री पुष्पकमल दहाल 'प्रचण्ड'को भनाइ एकक्षणको लागि मात्र सापट लिँदा 'राजनीतिमा असम्भव भन्ने हुँदैन' भन्ने भनाइलाई आधार मान्दै सबै जनता दशैं मनाउनमै व्यस्त रहेका बेला सामाजिक सञ्जालमा अकस्मात् एउटा सूचना प्रवाह भयो। सूचना प्रवाहमा २०७४ साल असोज १७ गते ४ बजे काठमाडौंको राष्ट्रिय सभागृहमा एमाले, माओवादी केन्द्र र नयाँ शक्ति नेपालबीच एकता घोषणा हुने भएकोले समाचार संकलनको लागि पत्रकारहरूलाई उपस्थित हुन निम्ता पठाएको व्यहोरा उल्लेख गरिएको थियो।

भर्खरै सकिएको स्थानीय निर्वाचनमा भाषणको माध्यमबाट एकले अर्कोलाई उछितो काढिएको थियो। हाम्रो दलले जितेमा यसो गर्छु र उसो गर्छु भनी नसक्ने अश्वासन बाँडिएको थियो। साथै अश्वासनले काम नगरेका स्थानहरूमा मान्छेको स्तर र क्षमताअनुसार राँगो, बोकालगायतका मासहरूको आपूर्ति गरी अझ त्यतिले पनि नपुगेको अवस्थामा स्थानीय गुठी, युवा र अन्य सामाजिक संघसंस्थालाई विभिन्न विकासको नाममा रकमसमेत उपलब्ध गराएर आफ्नो प्रभावमा पारिएको थियो। स्थानीय सत्तामा पुग्न गरिएका यस्ता फरक-फरक ढंगका होडबाजीहरू जनताको मनबाट अझै हटिसकेका छैनन्। कतिपय विजयी र हरौटे उम्मेदवारहरूले निर्वाचनमा भएको खर्चको हिसाबकिताब तथा विवरण निर्वाचन आयोगमा उपलब्ध गराउन बाँकी नै छ। कतिपय उम्मेदवारहरूले निर्वाचन आयोगमा हिसाब विवरण बुझाएका त छन् तर बुझाएको हिसाब विवरण र निर्वाचनमा गरेको खर्चलाई हेर्दा कतै पनि तारतम्य मिल्दैन। वास्तविकरूपमा निर्वाचनमा गरिएको खर्च र निर्वाचन आयोगमा प्रस्तुत गरेको खर्चको विवरणमा स्वतन्त्र अनुसन्धानकर्तालाई प्रयोग गरेर अनुसन्धान गर्ने हो भने आकाश-जमिनको फरक आउँछ। पहिलो कुरा त अनुसन्धान हुँदै हुँदैन। यही विषयलाई लिएर जनता बेस्सरी जागे र त्यसको कारणबाट अनुसन्धानको नाटक गर्ने अवस्था आएर अनुसन्धान गरी दह्रोरूपमा प्रमाणित भए तापनि कोही पनि सजायको भागिदार हुनुपर्ने अवस्था सिर्जना नै गरिँदैन। सजायको भागिदार यस अर्थमा निर्वाचन आयोगले तोकेको सीमाभन्दा बढी खर्च भएको देखिएमा हरूवा उम्मेदवार भए कम्तीमा ५ वर्षपछि हुने निर्वाचनमा त्यो उम्मेदवारले कुनै पनि तहको निर्वाचनमा भाग लिन नपाउने र विजयी उम्मेदवार भए निर्वाचित भएको पद खुस्किई कम्तीमा ५ वर्षपछि हुने कुनै पनि निर्वाचनमा भाग लिन नपाउने कानुन भएको अनि स्वतन्त्ररूपमा काम गर्न पाएको निर्वाचन आयोगमार्फत त्यस किसिमका केही कारबाहीहरू भएर दोषीलाई सजायको भागिदार बनाउन सकेको भए त्यसपछि हुने निर्वाचनमा सीमाभित्र रही खर्च गर्ने परिपाटी बस्न सक्थ्यो। दु:खको विषय स्थानीय निर्वाचनमा यस कार्यले प्राथमिकता पाउन सकेन।

यसरी निर्वाचन सम्पन्न भएको अझ भनौं २ नम्बर प्रदेशको निर्वाचन सम्पन्न भएको एक महिना पनि भुक्तान नहुँदै एमाले, माओवादी केन्द्र र नयाँ शक्ति नेपालबीच एकताको कार्य सँगसँगै आगामी प्रदेशको निर्वाचनमा तालमेल मिलाई त्यो पनि प्रतिशतको आधारमा पद बाँडफाँड गर्ने गरी प्रवाहित भएको सूचनाले एकातिर जनमत त आश्चर्यमै पर्‍यो भने अर्कोतिर तत्-तत् दलहरूका स्थानीय कार्यकर्ताहरूलाई सुइँकोसम्म पनि नदिई एक्कासी एकताको घोषणा हुने खबर आएकोले तत्-तत् दलका स्थानीय कार्यकर्ताहरूमा निर्वाचनमा आफ्नो भाग खोसिने डरले आतंकित बन्न पुगे। पछि निर्वाचनमा जे परिणाम आए पनि तत्कालको अवस्थामा अन्यलाई भन्दा नेपाली कंग्रेसमा भने वाम एकताको घोषणासभाले छटपटाहटको शुरुवात गराइदियो। वाम घोषणापश्चात् बाँकी रहेका दलहरूलाई लोकतान्त्रिक दलमा समावेश गराई त्यसको नेतृत्व लिने प्रयासमा कांग्रेसले वाम इतरपक्षका दलहरूको बैठक बोलाउने कार्यचाहिँ गर्‍यो, तथापि त्यसले खासै रौनक लिन सकेन र अब के गर्ने भन्ने रणनीति अख्तियार गर्नमै अहिले कांग्रेस व्यस्त रहेको छ।

वाम एकताको घोषणासभाको अर्को विशेषता भनेको पाँच पूर्वप्रधानमन्त्रीहरूको एकै स्थानमा जमघट हुनु र पूर्वप्रधानमन्त्रीहरूका १० वटै हातहरूले एकले-अर्कालाई दह्रोसँग समाई मनमनै आ-आफ्नो रुचि पूरा गर्न हामी प्रतिबद्ध छौं भन्ने सन्देश दिने कामचाहिँ गरिएको छ। एकता घोषणासभामा पूर्वप्रधानमन्त्रीहरू डा. बाबुराम भट्टराई, केपी शर्मा ओली, पुष्पकमल दाहाल (प्रचण्ड), झलनाथ खनाल र माधवकुमार नेपाल रहेका छन् भने सहमतिमा तीन पूर्वप्रधानमन्त्रीहरू डा. बाबुराम भट्टराई, केपी शर्मा ओली, पुष्पकमल दाहाल (प्रचण्ड)का हस्ताक्षरहरू रहेका छन्। उपस्थित पाँच पूर्वप्रधानमन्त्रीहरूमध्ये पुष्पकमल दाहाल (प्रचण्ड) र डा. बाबुराम भट्टराई माओवादीबाटै प्रतिनिधित्व गरिएका पूर्वप्रधानमन्त्रीहरू हुन्। बाँकी, माधवकुमार नेपाल, झलनाथ खनाल र केपी शर्मा ओली एमालेबाट प्रतिनिधित्व गरिएका पूर्वप्रधानमन्त्रीहरू हुन्। एकतासभामा जे-जस्तो भाषण र प्रतिबद्धता जनाइए तापनि एकताको सुत्रमा बाँधिएका पाँचैजना पूर्वप्रधानमन्त्रीहरूले आफू देशको प्रधानमन्त्री हुदाँ देशमा रहेका जटिल समस्यामध्ये के-केलाई सम्बोधन गर्नुभयो भन्ने प्रश्नचाहिँ अहंरूपमा उठ्न थालेको छ। निर्वाचनको पूर्वसन्ध्यामा भएको एकताले जनमानसमा झन् शंका उत्पन्न गराएको छ। जनताले यिनीहरूबाट टिकट प्राप्त गरेकालाई अब किन मत दिने भन्ने प्रश्न उठाउनु नौलोचाहिँ होइन। कानुनी शासनको अवमूल्यन, भ्रष्टाचारको चरणबद्ध शृङ्खला, दोषीहरूलाई उन्मुक्तिमा व्यापकता, हरेक नियुक्तिमा क्षमता भएकोलाई भन्दा पनि भागवण्डालाई प्रश्रय, हरेक निकायहरूलगायत कर्मचारी प्रशासन र न्यायपालिकामा समेत भएको र छिराइएको राजनीतीकरणबारेमा कुनै चासो नलिने दलका प्रतिनिधिहरूलाई पुनः किन मत दिने भन्ने प्रश्न नाजायज हुँदै होइन। कुनै पनि प्रधानमन्त्रीको पालामा देशमा देखिएका उल्लिखित महत्वपूर्ण विसंगतिहरूलाई ठीक स्थानमा ल्याउन अलिकति पनि पहल भएको जनताले अनुभूति गर्न सकेका छैनन्। विगतमा सर्वोच्च अदालतको प्रधानन्यायाधीशमाथि लागेको महाभियोगको प्रस्ताव दलहरूको रुचिअनुसारकै राजनीतिक अभ्यास हो भन्ने प्रमाणित भएको छ भन्ने कुरामा पनि अब विमति रहेन। यससम्बन्धमा कुनै दलले त्यस बेला अविश्वासको प्रस्तावमा बोलेकोमा कुनै तुक रहेनछ र त्यो देखावटी मात्र हो भन्ने कुरा पनि प्रमाणित हुन पुगेको छ।

नेपालको राजनीतिमा जनतालाई भ्रम छर्ने एउटा वाक्य बारम्बार प्रयोग भैरहेको तथ्यलाई आगामी निर्वाचनमा मतदाताले बिसर्न मिल्दैन। नेपाली राजनीतिमा बारम्बार प्रयोग भैरहने वाक्य हो- राजनीतिमा असम्भव भन्ने हुँदैन। यो वाक्य एकताको घोषणासभामा पनि प्रयोग भयो। यसबारेमा राजनीतिक दल र त्यसको नेतृत्व तहको मत एकै हुन सक्ला तर जनमत राजनीतिमा असम्भव बनाइनुपर्ने विषय थुप्रै छन्। राजनीतिमा केही न्यूनतम कुराहरू छन्, जसलाई अनिवार्यरूपमा असम्भव बनाइनुपर्दछ। जस्तै- भ्रष्टाचारमा अपनाइने शून्य सहनशीलता, भागवण्डाको निषेध राजनीति, विशेष गरी हाल सतहमा देखिएको कर्मचारी प्रशासन, न्यायपालिका र प्रहरीमा देखिएको राजनीतिक गुटबन्दीको अन्त्य अनि ट्रेड युनियनमा देखिने दलीय उपस्थितिको अन्त्यका लागि तत्काल पाइला चालेर भविष्यमा यस किसिमका कार्यलाई राजनीतिकरूपमा असम्भव बनाइनुपर्दछ। त्यसपछि मात्र देशले विकासको गति लिन सक्छ। वाम एकताका पक्षधरहरूले तत्काल यसलाई सम्बोधन गर्न सक्छन् ? नढाँटीकन छातीमा हात राखेर, नेपाल भूमिको माटो छोएर, कसम खाएर पूर्वप्रधानमन्त्रीहरूले आ-आफ्नो प्रधानमन्त्रीत्वको पालामा देशमा क-कसले र कसरी भ्रष्टाचार भएको छ वा गरेको छ भन्ने कुरा जानकारी छ, लौ त ती भ्रष्टाचारीहरूलाई तत्काल कारबाही गरिहाल्ने कदम निर्वाचनअगाडि नै चालिहालौं त ? क-कसले न्यायपालिका, प्रशासन र प्रहरीमा राजनीतिक गुटबन्दीको शुरुवात गरे ? लौ त्यसको अन्त्यको लागि निर्वाचनअगाडि नै कारबाही शुरु गरिहालौं त, अनि जनतासँग मत माग्ने नैतिक धरातल पनि कायम रहन्छ।

यो कुरा वाम एकताका पक्षधरहरूलाई मात्र लागू हुने होइन। यस विषयमा वामइतर राजनीतिक पक्षधरहरू पनि त्यतिकै जिम्मेवार छन्। अनि स-साना दल भनाउँदाहरू जो एक सिट मात्र प्रतिनिधित्व गर्दा पनि सत्ता टिकाउने बहानामा मन्त्री हुने सौभाग्य प्राप्त गरेका छन्, तिनीहरू पनि व्यक्तिगत र दलीयरूपमा जिम्मेवार रहेका छन्।

भर्खरै वैकल्पिक शक्तिको रूपमा दाबी गर्ने दुईवटा राजनीतिक शक्ति देशमा देखा परेका थिए। माओवादीबाट टुक्रिएर गठन भएको नयाँ शक्ति नेपाल र हालै राजनीतिक आहालमा छिरेका रवीन्द्र मिश्रको साझा पार्टी। नयाँ शक्ति नेपालका संयोजक वाम एकतामा प्रवेश गरेपछि त्यस शक्तिलाई कसले अगाडि लैजाने हो, त्यो द्विविधामा नै रह्यो भने तीन-चार वर्षअगाडि गठन भएको विवेकशील र दुई-तीन महिनाअगाडि गठन भएको साझा पार्टीको एकीकरण भई विवेकशील साझा पार्टी नमकरण भएर अगाडि बढिरहेको छ। वाम एकताको घोषणा र लोकतान्त्रिक दलको एकता प्रयासको पृष्ठभूमिलाई नियाल्दै नेपालमा वैकल्पिक राजनीतिक शक्ति आफ्नो दल मात्रै रहेको दलिल पस्किरहेको छ विवेकशील साझा पार्टीले। आगामी निर्वाचनमा राष्ट्रिय दलको रूपमा स्थापित हुन यो दल लागिपरिरहेको छ। स्थानीय निर्वाचनको बेला काठमाडौं र ललितपुरमा प्राप्त गरेको मतको आधारमा देशव्यापी दौडाहा सम्पन्न गरिसकेर केही स्थानमा उम्मेदवारी दिने तयारी त गरिएको देखिन्छ तर मतदाताहरूबाट मत प्राप्तिको लागि भने भ्रष्टाचारमा अपनाइने शून्य सहनशीलता, राजनीतिक भागवण्डाको निषेधता, विशेष गरी हाल सतहमा देखिएको कर्मचारी प्रशासन, न्यायपालिका र प्रहरीमा देखिएको राजनीतिक गुटबन्दीको अन्त्य र ट्रेड युनियनमा देखिने दलीय उपस्थितिको अन्त्यको लागि विवेकशील साझा पार्टी अवधारणा के हो, त्यो मतदातासमक्ष आउन सकेको छैन। तत्काल यसबारेमा आफ्नो अवधारणा जनसमक्ष पस्किन सकेमा आगामी निर्वाचनमा जनताले विवेकशील साझालाई केही सिट पत्याउनेमा आशावादी हुन सकिन्छ।

*(लेखक अधिवक्ता हुनुहुन्छ।)*

## पाठक पत्र

### सामाजिक सञ्जालका अपाच्य शब्द

सामाजिक सञ्जाल पनि अहिले एक आमसञ्चार माध्यमका रूपमा विकास भएको जस्तो देखिएको छ। तर फेसबुक, ट्वीटर आदिमा प्रयोग गरिने शब्दले समाजमा निकै नकारात्मक असर पारिरहेको छ। अहिले छ्याप्छ्याप्ती खुलेका अनलाइन सञ्चारमाध्यम समेत सन्तुलित नभएको, कसैप्रति पूर्वाग्रही भएको, कसैप्रति बढ्ता भक्ति गरेको देखिएको छ। यस्ता सञ्चारमाध्यप्रति सचेत पाठकहरूले निरन्तर खबरदारी गरिरहनुपर्छ। र, नियमनकारी निकायले गलत काम गर्ने र समाजमा नकारात्मक सन्देश दिनेलाई अंकुश लगाउन सक्नुपर्छ। सामाजिक सञ्जालमा पोस्ट गरिएका समाचारमा गरिने कमेन्टहरूको अध्ययन गर्दा सकारात्मक शिक्षा, सुझाव एवं सिर्जनात्मक आलोचनाहरू मात्रै भेटिँदैन, यसमा हाम्रो समाजको सांस्कृतिक स्तर पनि यदाकदा प्रकट हुने गरेको पाइन्छ। नकारात्मक कुराहरू पनि छरपस्ट भएका हुन्छन्। कतिपय पाठकले राम्रो कमेन्ट गर्दागर्दै पनि केही त्यस्ता शब्दहरू घुसाउनुभएको हुन्छ, जसका कारण कमेन्ट 'शो' हुन गाह्रो पर्छ। त्यसपछि आफ्नो कमेन्ट 'शो' नभएको झोकमा अश्लील गालीहरूको पनि बर्सात हुने गर्छ।



अहिले सामाजिक सञ्जालमा विभिन्न किसिमले गाली र आक्रोश पोखेको पाइन्छ। धोती, खाते र भालुजस्ता शब्दहरू बढी प्रयोग भएका छन्। कतिपय पाठकले कसैलाई गाली गर्नुपरेमा यी शब्दहरू अक्सर प्रयोग गर्ने गरेको सामाजिक सञ्जालमा प्रस्ट देखिन्छ। विशेष गरी मधेसी मूलको व्यक्तिलाई धोती, नेता वा कुनै व्यक्ति विशेषलाई खाते र महिलालाई भालु भन्ने गरिएका कमेन्टहरू जतातत्तै आउने गरेका छन्। धोती आफैंमा नराम्रो शब्द होइन तर यसलाई नकारात्मक रूपले प्रस्तुत गर्दागर्दै यो शब्द फरक ढंगले प्रस्तुत हुन्छ। पहाडे बाहुनले खाना खाँदा मात्रै होइन, अनेक शुभकर्ममा धोती नलगाई सुखै छैन। अझ आसौच बार्दा राष्ट्रिय पोशाकरूपी सुरुवाल लगाउन पाइन्न, १३ दिनसम्म धोतीकै भरमा इज्जत धान्नुपर्छ। तर, पहाडे मूलको मानिसले मधेसी समुदायको मानिसलाई हेपेर भन्ने शब्दका रूपमा 'धोती'लाई प्रयोग गर्न शुरु गरेपछि यो शब्दको फरक व्याख्या हुँदै छ। त्यसैले यो पदावलीको प्रयोग गरेर कसैलाई धोती भन्नु भनेको विभेदकारी व्यवहार हो।

सामाजिक सञ्जालमा पहुँच जमाउन सक्ने तपाईं-हामीजस्ता आधुनिक मान्छेले सामन्ती समाजबाट पैंचो ल्याइएको 'धोती' भन्ने शब्दको प्रयोग गरेर मधेसी समुदायका हामीजस्तै नेपालीहरूमाथि अपमान गर्नेलाई सरकारले पनि केही गर्न सकेको छैन। यसले साम्प्रदायिकतामा पनि असर पर्ने समस्या आउन सक्छ। त्यति मात्रै हैन, कसैलाई गाली गर्दा हामी 'खाते' भन्छौं भने यो सामन्तवादको अर्को उदाहरण बन्ने गर्छ। हामी कत्ति अमानवीय र दानवजस्ता छौं भन्ने 'खाते' शब्दको प्रयोगबाट थाहा हुन्छ। 'खाते' भन्ने शब्दको बाहिरी अर्थ सडक बालबालिका भन्ने बुझिन्छ। ती सडक बालबालिका निर्दोष र अबोध छन्। उनीहरू आफ्नो गल्तीले सडकमा पुगेका हैनन्, उनीहरू त्यस्तो हुनुमा प्रौढ मानिसको दोष छ। समाजलाई मानवीय बनाउने हो भने हामीले त खातेलाई माया गर्न सिक्नुपर्छ तर हामी उल्टो व्यवहार गरेर त्यो शब्दलाई अपमान गरिरहेका छौं।

अहिलेको आधुनिक र सभ्य मानिसले 'खाते'लाई माया गर्छ। सडकमा भेट्टायो भने केही खानेकुरा दिन्छ। कतिपयले उनीहरूलाई उद्धार गर्ने संस्था नै खोलेका छन्। गरिबलाई र मैलाधैला मान्छेलाई, पैसा नभएका मान्छेलाई खाते भनेर गाली गर्ने चलन चलचित्र कलाकार, नेता र सभ्य भनिएका मानिसहरू नै बढी प्रयोग गरेको पाइन्छ।

त्यति मात्रै होइन, महिलालाई गाली गर्दा प्रयोग हुने अर्को शब्द व्यापक चलेको छ। महिलालाई कुनै कमेन्ट गर्नुपर्‍यो भने केही पाठकले यो 'आइमाई भालु हो' भन्ने शब्द प्रयोग गर्ने गरेको बढी पाइन्छ। यो पदावलीमार्फत कुनै महिलालाई 'वेश्या' भन्न खोजिएको हो। त्यो मर्द भनाउँदो पुरुषले के विचार गर्नुपर्छ भने, एकजना महिला 'वेश्या' हुनका लागि दुई वा दुईभन्दा बढी पुरुषहरू 'वेश्या' हुनै पर्छ। पुरुषविना महिला मात्रै एक्लै 'वेश्या' हुन सक्दिनन्। त्यसैले महिलालाई आलोचना गर्दा प्रयोग गरिने यस्तो शब्दले ती महिलालाई हैन, कमेन्ट गर्ने पुरुषको सांस्कृतिक स्तर कति दरिद्र छ भन्ने प्रस्ट हुन्छ। यो शब्द लिङ्गीय विभेदजन्य हो। यस्ता शब्द प्रयोग गर्नेलाई रोक्न सरकारले पनि दण्डको व्यवस्था गर्नु जरुरी छ।

सामन्तवादी संस्कृतिले गरिब, दुब्लो, कालो र पिछडिएको मानिसलाई हेप्छ। यो पहिलेदेखि चल्दै आएको हो। यसलाई रोक्न हामी सचेत नागरिक लाग्नुपर्छ। सामन्तवादले उनीहरूलाई गाली र उपमाको विषय बनाउँछ। गरिबहरूलाई खाते भन्ने र 'राजाको काम छाडी कामीको देवाली' भन्नेजस्ता दलितलाई हेप्ने नियतले उखान टुक्काहरू सिर्जना गर्ने काम सामन्तवादी साहित्यले पनि गरिरहेको छ। तर, अब हामी सामन्तवादबाट पुँजीवादी सभ्यतातिर उक्लन लागेका बेला यस्ता जातीय, क्षेत्रीय, लिंगीय एवं वर्गीय विभेदजन्य शब्दहरूको प्रयोगबाट पनि बाहिर निस्कनु जरुरी छ। सामाजिक सञ्जालमा आउने कमेन्टहरू हेर्दा कतिपय पाठकले नेतालाई पनि निकै अपशब्द प्रयोग गरेर गाली गरेको देखिन्छ। यो पनि एउटा घिनौनी दृष्टान्त नै हो। कमेन्ट गर्दा खाते, धोतीजस्ता शब्दहरू प्रयोग गर्ने प्रवृत्तिले नेपाली समाजलाई सही बाटोमा लग्दैन।

*-चैतन्यकुमार श्रेष्ठ, हाल : सीतापाइला, काठमाडौं*

### कस्तो विडम्बना !




नेपाल प्रहरीले लगाउने पोशाकमा छिमेकी मुलुक भारतलाई झल्काउने संकेत भेटिएको गम्भीर कुरो समाचारमा आइसकेको छ। कतिपय प्रहरीले लगाएका टोपीमा भारतको राष्ट्रिय झन्डा (तिरंगा), 'मेरा भारत महान्, सारे जहाँ से अच्छा हिन्दुस्तान हमारा' लेखिएका थुप्रै संकेत भेटिएको भन्दै तस्वीर पनि सार्वजनिक भएका छन्। आफ्नो स्वाभिमानमाथि नै आँच आउने खालका यस्ता टोपी सुरक्षाकर्मीले वर्षौंदेखि प्रयोग गर्दै आएका रहेछन्। उनीहरूलाई यसबारेमा जानकारी नभएर हो वा संगठनकै लापरबाहीले सुरक्षाकर्मीको स्वाभिमान गिराउने काम भएको जस्तो लागेको छ।

संगठनको तल्लो तहका जवान मात्रै हैन, प्रहरी अधिकृतले लगाएको टोपीमा समेत यस्ता संकेत भेटिनु कुन हदसम्मको लापरबाही हो। यो विषयमा सम्बन्धित निकायको ध्यान जानु जरुरी छ। प्रहरी संगठनले मातहतका सुरक्षाकर्मीका लागि टेन्डरमार्फत टोपीलगायतका पोशाक खरिद गर्दै आएको छ। प्रहरीको पोशाक भारतीय कम्पनीले उत्पादन गरेको मध्येबाट भित्रिने गरेकाले यस्तो भएको हुन सक्छ। यसलाई तत्काल सुधार्नुपर्छ। सबैको ध्यान जाओस्।

## सामाजिक सञ्जाल



अब अलि फरक कुरा गरौं, अब सांसद हुनेले तलब भत्ता लिन्न भन्ने होइन एक रूपियाँ पनि भ्रष्टाचार गर्दिन भनेर अहिल्यै जनताका अघि मन्दिर छिरौं।

**Rajendra Lingden**
**@RajendraLingden**



चुनावमा म्यादी प्रहरी भर्ती गरेको त देखिएको थियो तर म्यादी मन्त्री भर्ती गरेकोचाहिं पहिलो पटक देखियो।

**Kedar marasini**
**@kedarmarasini**



म मेरो आस्था र विश्वासका लागि मर्न तयार छु। तर दया गरेर मलाई शहीद भने घोषणा नगरिदिनु ल !

**Sachchidananda**
**@lomo1910**

बाथरोग लागिसकेपछि सामान्यतया रोग लागेको भाग वा अंग दुख्ने, चलाउन कठिन पर्ने, कक्रक्क पर्ने, आदि हुने गर्दछ। केही अवस्थाहरुमा भने सामान्य सुन्निने, असामान्य रातो हुने, रातानीला डामहरु देखिने, रोगले असर गरेको भागमा ज्यादा तातो वा पोलेको अनुभव हुने जस्ता लक्षणहरु पनि देखा पर्दछन्। त्यसैले पनि समयमै उपचार गरी रोगलाई निर्मूल पार्नुपर्छ।

# नेपाल

## नेपालमा १० लाख बाथरोगी

# समयमै उपचार नगरे आयु घट्ने

प्रशान्त वली, काठमाडौं

नेपालमा करिब १० लाख जनामा बाथ रोगको समस्या देखिएको एक तथ्यांकले देखाएको छ। पुरुषका दाँजोमा महिला अझ बढी रोगको शिकार हुने गरेका छन्। बाथरोग समयमै नियन्त्रणमा नलिए रोगीको आयु घटाउने बाथ रोग विशेषज्ञको भनाइ छ। नेपालीहरूको जीवनशैलीमा आएको परिवर्तनका कारण बाथरोगले दिन प्रतिदिन बढीभन्दा बढी व्यक्तिलाई ग्रसित पार्दै आएको छ।

हड्डी नै कुँजो हुने बाथ, हड्डीको घनत्व घटी भएर हुने बाथ, मेरुदण्ड कुप्रो हुने बाथलगायतका सबै खाले बाथरोग वा मांशपेशी-अस्थिपञ्जरसम्बन्धी रोगले पुरुष, महिला, बालबालिका र वृद्धवृद्धा सबै उमेर समूहका रोगीलाई आक्रान्त पार्ने गरे तापनि महिलामा सो समस्या अत्यन्तै बढी मात्रामा पाइने गरेको छ।

धूम्रपान, बढी तौल तथा अनावश्यक मोटोपना, वंशाणुगत कारण, केही त्यस्ता पेसा जसले जोर्नीहरूमा चोट पुऱ्याउन सक्छन् वा जोर्नीहरूको अत्यधिक प्रयोग गर्छन् र बढ्दो उमेरका कारण मानिसमा बाथरोग लाग्ने जोखिम बढ्ने गरेको नर्भिक अस्पताल थापाथलीका बाथरोग विशेषज्ञ डा. अरूणकुमार गुप्ताले बताउनुभयो। कुनै प्रकारका बाथरोग वा मांशपेशी र अस्थिपञ्जरसम्बन्धी रोग लागिसकेका वा लाग्न सक्ने जोखिममा रहेका व्यक्तिलाई उपचारतर्फ उन्मुख गराई सजग गराउनुपर्ने बाथ रोग विशेषज्ञको धारणा छ।

गुप्ताले भन्नुभयो- 'थोरै मात्रामा गरिने शारीरिक व्यायामले पनि बाथरोग वा कुनै पनि अस्थिपञ्जरसम्बन्धी रोगमा राहत पुऱ्याउने मात्रै नभएर बिरामीहरूलाई आफ्नो क्रियाकलापमा सक्रिय रहन मद्दत पुऱ्याउने गर्छ। बाथरोग लागिसकेपछि सामान्यतया रोग लागेको भाग वा अंग दुख्ने, चलाउन कठिन पर्ने, कक्रक्क पर्ने, आदि हुने गर्दछ। केही अवस्थाहरूमा भने सामान्य सुन्निने, असामान्य रातो हुने, रातानीला डामहरू देखिने, रोगले असर गरेको भागमा ज्यादा तातो वा पोलेको अनुभव हुने जस्ता लक्षणहरू पनि देखा पर्दछन्। त्यसैले पनि समयमै उपचार गरी रोगलाई निर्मूल पार्नुपर्छ।'

बाथरोगले शरीरका भित्री अंगप्रत्यांगलाई समेत असर पार्ने गर्दछ। बाथरोग भन्ने शब्दले सामान्यतया सबैखाले मांशपेशी तथा अस्थिपञ्जर दुख्ने समस्यालाई समेत जनाउने गर्दछ। बाथ जुनसुकै अवस्थामा जुनसुकै उमेरका मानिसलाई हुन सक्छ। बालक, युवा र वृद्धवृद्धा सबैलाई हुने यो रोग नसर्ने दीर्घरोग हो। नेपालमा युरिक एसिडबाट हुने, हाडजोर्नी सुन्निने, दुख्ने, हड्डी खिइने र मेरुदण्डको हड्डी दुख्ने खालका बाथका समस्या बढी देखिन्छ।

# एमालेले देशभर बहुमत प्राप्त गर्छ : ओली



भक्तपुर, (नेस)

राप्रपा नेता तथा निवर्तमान उपसभामुख गंगाप्रसाद यादव नेकपा एमालेमा प्रवेश गर्नुभएको छ। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली निवास बालकोटमा आइतबार बिहान आयोजित पार्टी प्रवेश कार्यक्रममा एमाले अध्यक्ष ओलीले यादबलाई खादा र टीका लगाइ पार्टीमा प्रवेश गराउनुभयो।

सो अवसरमा बोल्दै अध्यक्ष ओलीले आसन्न निर्वाचनमा एमालेले तराई मधेससहित देशभर बहुमत प्राप्त गर्ने दाबी गर्नुभयो। अध्यक्ष ओलीले विभिन्न कारणले अन्य पार्टीमा अल्मलिएकाहरू बिस्तारै एमालेमा आउने बताउँदै त्यसको परिणाम आगामी निर्वाचनमा देखिने धारणा राख्नुभयो।

तराईमा एमालेविरुद्ध भ्रम छर्न खोजिए पनि तराईको विकासका लागि एमालेले विशेष कार्यक्रम ल्याएको उहाँको दाबी छ। कांग्रेस नेतृत्वको सरकारले ३८ वटा उद्योग निजीकरणका नाममा धरासायी बनाएको बताउँदै यसले देशको अर्थतन्त्रमा प्रतिकूल प्रभाव पारेको ओलीले उल्लेख गर्नुभयो।

कार्यक्रममा विप्लव समूहका माओवादीका केन्द्रीय सदस्य दलबहादुर बस्नेतलाई पनि अध्यक्ष ओलीले पार्टीमा स्वागत गर्नुभयो। कार्यक्रममा बोल्दै नेता यादब र बस्नेतले अब देशको मुलधारको पार्टी एमाले भएको बताउँदै यसलाई थप मजबुद बनाउन आफूहरू एमालेमा पवेश गरेको बताउनुभयो।

# ३२ जिल्लामा निर्वाचन अधिकृतको कार्यालय स्थापना

काठमाडौं, (नेस)

यही २०७४ मंसिर १० र २१ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले तयार गरेको निर्वाचन कार्यतालिकाअनुसार पहिलो चरणमा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन हुने ३२ जिल्लामा निर्वाचनको कार्य अघि बढाउन निर्वाचन अधिकृतको कार्यालय स्थापना गरेको छ।

मंसिर १० गते हुने पहिलो चरणको निर्वाचन प्रदेश नम्बर १ का ताप्लेजुङ, पाँचथर, खोटाङ, ओखलढुंगा, भोजपुर, संखुवासभा र सोलुखुम्बु, प्रदेश नम्बर ३ का नुवाकोट, रसुवा, धादिङ, सिन्धुपाल्चोक, दोलखा र रामेछाप, प्रदेश नम्बर ४ का मुस्ताङ, म्याग्दी, बाग्लुङ, मनाङ, लमजुङ र गोरखा, प्रदेश नम्बर ५ का रुकुम-पूर्वी भाग र रोल्पा, प्रदेश नम्बर ६ का रुकुम-पश्चिम भाग, जाजरकोट, हुम्ला, मुगु, जुम्ला, कालिकोट र डोल्पा तथा प्रदेश नम्बर ७ का दार्चुला, बझाङ, बाजुरा र बैतडी हुनेछ।

दोस्रो चरणमा निर्वाचन हुने बाँकी ४५ जिल्लामा आगामी कात्तिक ९ गते निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्ने कार्यक्रम रहेको छ।

# 'कांग्रेसले निर्वाचन जित्नुपर्छ'

भक्तपुर ,(नेस)

नेपाली कांग्रेसका केन्द्रीय सदस्य धनराज गुरुङले लोकतन्त्रलाई मजबुद बनाउँन कांग्रेसले निर्वाचन जित्नुपर्ने बताउँनुभएको छ। नेपाली कांग्रेस क्षेत्र नं २ भक्तपुरले नंखेलमा आयोजना गरेको पार्टी प्रवेश कार्यक्रममा बोल्दै नेता गुरुङले वामपन्थी गठबन्धन तासको घर भएको चर्चा गर्नुभयो। नेता गुरुङले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा कांग्रेसका कार्यकर्ता जुटेर एकता कायम गर्नुपर्ने बेला आएको बताउँनुभयो।

कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वउद्योग राज्यमन्त्री कञ्चनचन्द्र बादे श्रेष्ठले कांग्रेस गौरवशाली इतिहास बोकेको लोकतान्त्रिक पार्टी भएको भन्दै कांग्रेसले जिते मात्रै लोकतन्त्र संस्थागत भई मुलुक समृद्धिको बाटोमा अघि बढ्ने बताउँनुभयो। कांग्रेस भक्तपुरका सभापति दुर्लभ थापाले कांग्रेस एकतामा विश्वास राख्ने पार्टी भएको बताउँदै कांग्रेस एक भएर सहजै बामपन्थी शक्तिलाई परास्त गर्ने बताउनुभयो। कार्यक्रममा कांग्रेसका सांसद रामेश्वर ढुंगेल, नेता नारायणभक्त खायमाली, निशान ढुंगेल, अंगत खड्कालगायतले लोकतन्त्रका पक्षमा धारणा राख्नुभएको थियो। कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी १ सय १३ जना नेपाली कांग्रेसमा प्रवेश गरेका थिए।

यसैबीच नेपाली कांग्रेसका नेता रामेश्वर ढुंगेलले पार्टीभित्र देखिएका गुट उपगुट र मनमुटावलाई त्यागेर पार्टीको हितमा सबै अघि बढ्ने हो भने निर्वाचनमा कांग्रेस पहिलो बन्ने बताउनुभएको छ। कांग्रेस भक्तपुर नगरसमितिअन्तर्गत वडा नं १ ले गरेको दीपावली, तथा छठको शुभकामना आदानप्रदान कार्यक्रममा बोल्दै उहाँले सो कुरा बताउनुभएको हो।

कार्यक्रममा भक्तपुरका कांग्रेस सभापति दुलर्भ थापाले आगामी प्रदेश तथा प्रतिनिधि सभाको निर्वाचनका कांग्रेसलाई पहिलो पाटीका रूपमा विजयी गराउने अभियानमा एकजुट भएर लागिपर्न जिल्लास्थित नेता तथा कार्यकर्तालाई निर्देशन दिनुभयो। आसन्न निर्वाचनमा भक्तपुरमा कांग्रेसको जितका लागि पार्टीभित्र देखिएका र भइरहेका सानातिना गुट उपगुट मनमुटावलाई त्यागेर पाटीको हितमा अघि बढ्न जरुरी रहेको बताउँदै उहाँले निर्वाचनका लागि तयारी अवस्थामा रहनुपर्ने अबको आवश्यकता भएकोमा जोड दिनुभयो।

# बाम एकीकरण नाम मात्रैको नाटक : वैद्य

काठमाडौं, (नेस)

नेकपा क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य किरणले बाम एकीकरण नाम मात्रैको नाटक भएको बताउनुभएको छ। पोखरामा सम्पन्न पार्टीको प्रथम राष्ट्रिय सम्मेलनले पारित गरेका निर्णयहरू सार्वजनिक गर्न पार्टी कार्यालय बुद्धनगरमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै महासचिव वैद्यले कम्युनिस्ट भन्ने एमाले र माओवादीसमेत राजनीति वर्गीय रूपमा कांग्रेस र राप्रपासँग नजिक रहेको बताउनुभयो। उहाँले एमाले-माओवादी र कांग्रेस-राप्रपा सबै उस्तै रहेको धारणा राख्नुभयो।

वैद्यले पार्टीको प्रथम राष्ट्रिय सम्मेलनबाट क्रान्तिकारी कम्युनिस्टहरूलाई एकताबद्ध गराउने निर्णय भएको बताउनुभयो। त्यसका लागि नेकपा मसालगायत सच्चा कम्युनिस्टहरूसँग एकताको प्रयास भइरहेको विचार व्यक्त गर्नुभयो। 'क्रान्तिकारी कम्युनिस्ट एक हुने निर्णयका आधारमा मसालसँग एकताका लागि पहल थालिएको छ,' वैद्यले भन्नुभयो- 'सम्भव भएसम्म क्रान्तिकारीहरूलाई एकताबद्ध गर्ने पहल जारी रहन्छ।'

# इतिहासविद् शाक्यको चित्रअंकित सिक्का निष्काशन



नेपाल समाचारपत्र
काठमाडौं

भिन्तुना गुठीले यसपटक इतिहासिविद् पण्डित हेमराज शाक्यको सम्मानमा उहाँको तस्वीर अंकित सिक्का निकालेको छ। सिक्काको राजधानीको असनस्थित दगुबहालमा आयोजित एक समारोहका बीच हालै कुमारीबाट साधारण जीवनमा फर्किनुभएकी मतिना शाक्यले लोकार्पण गर्नुभयो।

हरेक वर्ष नेपाल संवत् न्हुदँ (नयाँ वर्ष) को अवसरमा नेपाल भाषा साहित्य, संस्कृतिमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तित्वको तस्वीर अंकित सिक्का निष्काशन गर्दै आएकोमा यसपटक सिक्का १५औं रहेको गुठीले जनाएको छ। नेपालभाषा, लिपिको साथै वौद्ध धर्म क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनुहुने व्यक्तित्व शाक्यको सम्मानमा सिक्का निकालेको गुठीका अध्यक्ष गोपालकृष्ण श्रेष्ठले बताउनुभयो।

समारोहमा प्रा. प्रेमशान्ति तुलाधरले शाक्यको भाषिक, साहित्यिक र इतिहासमा क्षेत्रमा पुऱ्याउनुभएको योगदानको चर्चा गर्नुभयो। शाक्यका छोरा सुरेन्द्र शाक्यले चार चारजना राजाबाट विभिन्न तक्मा र उपाधि पाइसकेका आफ्ना पितालाई सिक्का निकालेर गरिएको सम्मान बेग्लै किसिमको रहेको बताउनुभयो।

# रुखमा झुण्डिएर आत्महत्या

भक्तपुर, (नेस)। भक्तपुरमा आत्महत्या गरेका एक व्यक्तिको पहिचान खुल्न सकेको छैन। चाँगुनारायण नगरपालिका वडा नम्बर ८, सुडालमा रहेको बाल वनको एक रुखमा झुण्डिएर आत्महत्या गरेका एक पुरुषको पहिचान खुल्न नसकेको महानगरीय प्रहरी परिसर भक्तपुरका डीएसपी कृष्ण प्रसाईले जानकारी दिनुभयो।

पहिचान नखुलेको अन्दाजी ४३ देखि ४६ वर्षको मंगोलियन अनुहार भएको पुरुष रहेको प्रहरीले बताएको छ। झुन्डी मृत अवस्थामा फेला परेको भन्ने खबर प्राप्त हुनासाथ घटना स्थलमा महानगरीय प्रहरी परिसर भक्तपुरबाट अनुसन्धान अधिकृतसहितको टोली खटिइ घटनास्थल गएको थियो।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
**शहरी विकास तथा भवन निर्माण विभाग**
**डिभिजन कार्यालय**
चरिकोट, दोलखा

**निर्माण व्यवसायीलाई कार्य सम्पन्न गर्ने सम्बन्धी १५ दिने सूचना ।**

(प्रकाशित मिति : २०७४।०६।३०)

तपाई तपशिलका निर्माण व्यवसायीहरुले निम्नानुसारको निर्माण कार्यका लागि शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय काभ्रेसँग सम्झौता गर्नु भएकोमा यस डिभिजन कार्यालयबाट मिति २०७३।०८।२३ को गोरखापत्र दैनिक तथा अन्य विभिन्न मितिमा सार्वजनिक सूचना, घर ठेगानामा पत्रचार एवं मौखिक रुपमा पटक- पटक ताकेता गर्दा समेत म्याद समाप्त हुन अगावै देखी विनाकारण कार्य स्थगन गरेको, म्याद थपका लागि चाहिने आवश्यक कागजातहरु नजुटाएको र निर्माण कार्य सम्पन्न गरी सम्बन्धित निकायलाई हस्तान्तरण गर्ने तर्फ कुनै चासो नदेखाइएकोले सूचना प्रकाशनको मितिले १५ दिन भित्र कार्य सम्पन्न हुन नसकेको कारण र कार्य सम्पन्न गर्न सक्ने संशोधित कार्य तालिका, स्रोत परिचालनको भरपर्दो योजना र कार्य सम्पन्न गर्ने प्रतिवद्धता सहित सम्पूर्ण आधिकारिक व्यक्तिहरु यस कार्यालयमा उपस्थित हुन यो सूचना जारी गरिएको छ । उपरोक्त अवधिमा कार्य शुरु गर्ने तदारुकता नदेखाएमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ र ठेक्का सम्झौतामा प्रावधान भए बमोजिम ठेक्का सम्झौता तोडी कालोसूचीमा राख्ने तथा कार्यसम्पादन जमानत/ अग्रिम भुक्तानी जमानत/ धरौटी वापतको रकम जफत गर्नुको साथै बाँकी काम गर्न लाग्ने खर्च र निर्माण स्थल सुरक्षामा लाग्ने खर्च समेत सरकारी बाँकी मानी असुल उपर गर्ने तर्फ कारबाही अघि बढाइने जानकारी समेत गराईन्छ ।

| सि. नं. | ठेक्का नं. | निर्माण व्यवसायीको नाम र ठेगाना | आयोजनाको नाम | सम्झौता मिति | सम्झौता अनुसार कार्य सम्पन्न गर्नु पर्ने मिति |
|---|---|---|---|---|---|
| १ | १०/०७०/०७१ | श्री रौताहा/ ओम बुद्ध/ सुन्दरीमाई जे.भी., बानेश्वर १०, काठमाण्डौ (प्रो. रामकृष्ण खड्का) | चरिकोट बजारमा सभाहल निर्माण कार्य, दोलखा | २०७०/१०/२० | २०७३/१०/३० |
| २ | १७/०६५/०६६ | श्री फ्रेन्ड्स/ ध्रुव एण्ड तारा/ आर डि जे. भि. कोटेश्वर ३५, काठमाण्डौ (प्रो. रोशन दाहाल) | घरेलु तथा साना उद्योग विकास समि( तिको कार्यालय भवन निर्माण कार्य, दोलखा | २०६६/८/१५ | २०६७/११/१४ ( मिति २०७४/३/३० सम्म १०% हर्जाना लिने गरी चौथो पटक म्याद थप भएको) |

डिभिजन प्रमुख

## सिनेमा कर्नर










माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : कार्य नाश, शोक-सन्ताप, धन हानि, सन्तान-कष्ट।
**वृष** : अपच, दिनचर्या अस्तव्यस्त, दौडधुप, विवाद, अनिद्रा।
**मिथुन** : द्रव्यलाभ, मान-सम्मान बढ्ने, उन्नति-प्रगति हुनेछ।
**कर्कट** : धन नाश, मानसिक अस्थिरता, असन्तोष, अपव्यय।
**सिंह** : धनप्राप्ति, कोसेली प्राप्ति, उत्तम भोजन, कार्य सफल।
**कन्या** : अस्वस्थता, इष्टमित्रसँग विवाद, चोटपटकको भय।
**तुला** : विविध वस्तु वा सेवाको लाभ, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति।
**वृश्चिक** : सुख-सन्तोष, कार्यसिद्धि, निरोगिता, काममा सन्तुष्टि।
**धनु** : राज्य भय, अपयश, व्यर्थको यात्रा, व्यापारमा व्यवधान।
**मकर** : रोगको भय, कार्यमा बाधा, धन हानि, अस्वस्थता हुनेछ।
**कुम्भ** : धनलाभ, समस्याको समाधान, पठनपाठनमा सफलता।
**मीन** : द्रव्यलाभ, शत्रु विजय, खेल-परीक्षा आदिमा सफलता।

# नेपाल

आफूहरुको बिरामीको उपचार गर्न पाउनुपर्ने अधिकार फिर्ता हुनुपर्ने मुख्य माग राख्दै सीएमए स्वास्थ्यकर्मीले अनिश्चितकालिन बन्द शुरु गरेका छन्।

# वनको जग्गा किनबेच

**कुमार श्रेष्ठ, बाँके**

बाढीपीडितका नाममा जिल्ला प्रशासनले बस्न दिएको वनको जग्गा किनबेच हुने गरेको खुलासा भएको छ।

२०५६ देखि २०६४ यता जिल्ला प्रशासन कार्यालयले केही ठाउँको वन क्षेत्रमा बाढीपीडितलाई बस्न दिएको थियो। कैयौं बाढीपीडित आफै पनि वन क्षेत्रमा बसेका छन्। डुडुवाको हजरत, नरैनापुरको गणपति, दुर्गामाता, पञ्चायती वनमा प्रशासनले बस्न दिएका र कतिपय आफै बसेकाहरूले त्यस्तो जग्गा बिक्री गरेको खुल्न आएको हो।

साविकको होलिया गाविसको छिट्टैपुरुवा र सिम्रहनाका १ सय ४४ घरपरिवारलाई तत्कालिन प्रमुख जिल्ला अधिकारी नरेन्द्रराज शर्माले हजरत सामुदायिक वनमा बसाएका थिए। १ घरलाई १ कठ्ठा जमिन दिएर बाढीपीडितलाई बसाइएको थियो। स्थानीय केही नेताको संलग्नतामा हजरतमा धेरै नयाँ व्यक्ति थपिएका छन्। '५० प्रतिशत नै नयाँ भइसकेका छन्, लक्ष्मणपुर बाँध पीडित संघर्ष समितिका संयोजक जगदीशबहादुर सिंहले भन्नुभयो- 'कतिपयको जग्गा खेती लगाउन पुरानो ठाउँमा गएको बेलामा अर्कोलाई बेचिएको छ। केहीले आफै बेचेर पुरानो ठाउँतिर गएका छन्।' सिंहले नेताको सोर्सफोर्समा कब्जा गरिएको ११ जनाको जग्गा आफूले फिर्ता गरिदिएको बताउनुभयो। हजरतमा बाढीपीडितलाई बस्न दिएको जग्गामा आफ्ना मान्छे राख्ने, अर्कोलाई बेचिदिने कार्यमा कांग्रेस हुँदै फोरममा गएका १ ठूला नेता संलग्न रहेको पीडितहरू बताउँछन्।

हजरतमा मात्रै होइन, नरैनापुर गाउँपालिकाको गणपति, दुर्गामाता, पञ्चायती वनमा २०५६ सालमा स्थानीय प्रशासनले बस्न दिएको तथा त्यसपछि आफै बसेका कतिपयले वनको जग्गा बिक्री गरेका छन्। 'एक ठाउँमा ओगटेको वनको जग्गा बिक्री गरेर अर्को ठाउँमा पुन: अतिक्रमण गरिएको छ, रामजानकी सामुदायिक वनका अध्यक्ष शालिकराम यादवले भन्नुभयो- 'त्यस्तालाई हटाउनु पर्‍यो।' गाउँपालिकाकी उपाध्यक्ष जयन्तीदेवी श्रीवास्तव उपस्थित एक कार्यक्रममा यादवले त्यस्तो आग्रह गरेका हुन्।



१४ वर्षदेखि रामजानकी सामुदायिक वनको अध्यक्ष रहँदै आएका यादवले गणपति र रामजानकीको बीचमा पनि बाढीपीडितहरू बसेको बताउनुभयो। 'बाढीपीडित सबै सामुदायिक वनमा बसेका छन्, २०५६ मा स्थानीय प्रशासनले उपलब्ध गराएको वनको जग्गामा अहिले ५० प्रतिशतबढी नयाँ मान्छे बसेका छन्, यादवले भन्नुभयो- 'बाढी आएपछि एउटा वनको जग्गा ओगेटेर बस्ने र केही समयपछि त्यो अर्को व्यक्तिलाई बेचेर पुन: पुरानै ठाउँमा फर्किने अनि अर्को वर्ष बाढी आएपछि फेरि अर्को ठाउँमा ओगेट्ने गरिएको छ।'

२०७४ सालका बाढीपीडितहरू अधिकांश जंगलमा बसेका छन्। राप्तीसोनारी, डुडुवा र नरैनापुर गाउँपालिकाका हजारौं व्यक्ति जंगलको शरणमा छन्। वास्तविक बाढीपीडितहरू जंगलमा बस्न गएपछि पीडित नभएकाले पनि जंगल ओगटेका छन्। 'ऊ बसेपछि मचाहिँ किन नबस्ने भन्ने एकप्रकारको प्रतिस्पर्धा नै छ', स्रोतले भन्या- 'हुलाकी सडक बन्दै गरेकाले कथमकदाचित जंगलको जग्गा पाइहालेमा मालामाल हुने हुन्छु भन्ने छ। स्थानीय प्रशासनले उपलब्ध गराएको पुरानो बाढीपीडितको जग्गा किन्न भने सबैजसो लालायित रहेका छन्।' 'भारतीय १ लाखसम्ममा एक प्लट बिक्री भएको छ', एक सामुदायिक वनका पदाधिकारीले भने- 'हामीले वन कार्यालयमा सबै कुरा भनेका छौं। उसले पनि केही गरेको छैन।'

वन क्षेत्रमा बसेका बाढीपीडितलाई आफै हट्न वन कार्यालयले पटक-पटक सूचना जारी गरेको छ। बाढीपीडितहरू वन क्षेत्र छोड्न तयार छैनन्। वास्तविक पीडितसँगै नक्कली पनि डोजर आएमा सडकमा सुत्न तयार छन्। पछिल्लो समयमा बाढीपीडितलाई स्थानीय निकायले संरक्षण गरेको छ। वैकल्पिक व्यवस्था नहुँदासम्म वनबाट उठाउन नदिने गाउँपालिकाका प्रमुखले अडान लिएका छन्। जिल्ला प्रशासन कार्यालयले सामुदायिक वनको खाली जग्गामा वास्तविक बाढीपीडितलाई बेच्न नपाउने गरी बस्न दिने र नक्कलीजतीलाई हटाउनु पर्ने सम्बद्ध अगुवाको भनाइ छ। कतिपय बाढीपीडितको भारत र नेपालगन्जमा घर रहेकाले यस्तालाई वनको जग्गा दिंदा कारोबार हुने गरेको छ। वास्तविक पीडितले पनि पैसाको लोभमा जंगलमा मिलेको बस्ने बास बेचेर फेरि पुरानै ठाउँमा फर्किएका छन्। यस्तालाई भने प्रशासनले कारबाही गर्नुपर्छ।

जिल्ला वन अधिकृत पुष्पराज बर्तौलाले चाडवाड र चुनावले गर्दा वनमा बसेका बाढीपीडितलाई नउठाइएको बताउनुभयो। 'सुरक्षा निकायसँग कुरा भइसकेको छ, हामीले केही न केही गर्छौं', वन अधिकृत बर्तौलाले भन्नुभयो- 'बाढीपीडितहरूलाई वनमा बस्न दिने हो भने माथिल्लो निकायबाट निर्णय गराउनुस्।'

# प्रदेश नं. ७ का १७ तह पिछडिएको क्षेत्रको सूचीमा

**विनोदसिंह विष्ट, बैतडी**

निर्वाचन आयोगले प्रदेश नम्बर ७ का ६ जिल्लाका १७ वटा स्थानीय तहलाई पिछडिएको क्षेत्रका रुपमा सूचीकृत गरेको छ। जसअन्तर्गत ३ नगरपलिका र १४ गाउँपालिका उक्त सूचीमा समावेश गरिएको छ। बैतडीको १, डोटीका २, बझाङका ६, अछामका ५, बाजुराका २ र कैलालीको १ तह पिछडिएको क्षेत्रको सूचीमा परेको छ।

प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ८० अनुसार निर्वाचन आयोगले बनाएको प्रदेशसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४ मा प्रदेश नम्बर ७ का ८८ मध्ये १७ स्थानीय तहलाई पिछडिएको क्षेत्रका रुपमा सूचीकृत गरिएको हो। सबै भन्दाबढी बझाङका ६ स्थानीय तह पिछडिएको क्षेत्रको सूचीमा परेका छन्। बझाङको कांडा, दुर्गाथली, केदारस्यु, बित्थड्चिर र सुर्मा गाउँपालिका तथा बुंगल नगरपालिका पिछडिएको क्षेत्रको सूचीमा परेको छ। यस्तै अछामको कमलबजार नगरपालिका, ढकारी गाउँपालिका, तुर्माखाद गाउँपालिका, चौरपाटी गाउँपालिका र पञ्चदेवल विनायक नगरपालिक पिछडिएको क्षेत्रको सूचीमा परेको छ।

डोटीको आदर्श र पूर्वीचौकी गाउँपालिका, बाजुराको हिमाली गाउँपालिका र स्वामीकार्ती, बैतडीको शिवनाथ गाउँपालिका र कैलालीको मोहोन्याल गाउँपालिका पिछडिएको क्षेत्रको पिछडिएको क्षेत्रको सूचीमा परेका छन्। प्रदेश नम्बर ७ का डडेल्धुरा, दार्चुला र कञ्चनपुरका कुनै पनि स्थानीय तहहरू पिछडिएको क्षेत्रको रुपमा सूची परेका छैनन्।

### मापदण्ड र आधारबारे स्पष्ट गर्न माग

नेपाली कांग्रेसका केन्द्रीय सदस्य दिलेन्द्रप्रसाद बडुले सरकारले प्रदेशसभाको चुनावी प्रयोजनका लागि हालै सार्वजनिक गरेको 'पिछडिएको क्षेत्र' निर्धारणप्रति आपत्ति जनाउनुभएको छ।

केन्द्रीय सदस्य बडुले प्रेस विज्ञप्ति जारी गर्दै पिछडिएको क्षेत्र निर्धारणको स्पष्ट मापदण्ड, आधार र सूचांकबारे स्पष्ट पार्न सरकारसँग माग गर्नुभएको छ। पिछडिएको क्षेत्रमा समावेश गरिएका स्थानीय तहको विवरण हेर्दा सम्बन्धित निकायबाट कुनै स्पष्ट आधार र मापदण्ड निर्धारण गरिएको नपाइएको उहाँले आरोप लगाउनुभयो।

'दार्चुलालगायत देशका कतिपय जिल्लाका दुर्गम भेगका स्थानीय तहलाई पिछडिएको क्षेत्रमा समावेश गरिएको छैन', दार्चुलाका पूर्व सांसद समेत रहनुभएका नेता बडूले भन्नुभयो- 'कतिपय हिमाली र दुर्गम क्षेत्रका स्थानीय तहलाई पिछडिएको क्षेत्रमा समावेश गरिनुपर्छ।'

हचुवाको भरमा निर्धारण गरिएको पिछडिएको क्षेत्र सम्बन्धित निकायले तत्काल सच्याउन उहाँले माग गर्नुभएको छ। प्रदेश नं ७ कै दुर्गम र विकट जिल्ला दार्चुलाका ९ वटा स्थानीय तहमध्ये कुनै पनि निकायलाई पिछडिएको क्षेत्रभित्र समावेश नगरिएकामा त्यसको घोर विरोध गर्दै तत्काल समावेश गर्न सम्बन्धित निकायसँग नेता बडुले माग गर्नुभएको छ।

सरकारले प्रदेश नं ७ का ६ जिल्लाका ३ नगरपालिका र १४ गाउँपालिकासहित १७ वटा स्थानीय तहलाई पिछडिएको क्षेत्रका रुपमा सूचीकृत गरेको छ। यसमा ७ नं प्रदेशकै अति दुर्गम जिल्ला दार्चुलाको कुनै पनि स्थानीय तह समावेश गरिएको छैन। बझाङका ६ स्थानीय तह, अछामका ५, बाजुरा र डोटीका २/२, बैतडी र कैलालीका १/१ वटा स्थानीय तहलाई पिछडिएको क्षेत्रका रुपमा समावेश गरिएको छ। तर ७ नं प्रदेशकै कञ्चनपुर र डडेल्धुराका कुनै पनि स्थानीय तहलाई पिछडिएको क्षेत्रमा समावेश गरिएको छैन।

प्रदेशसभा सदस्य निर्वाचन ऐन २०७४ को दफा ८० अनुसार निर्वाचन आयोगले बनाएको प्रदेशसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका २०७४ मा प्रदेश नं ७ का ८८ मध्ये १७ स्थानीय तहलाई पिछडिएको क्षेत्रका सूचीमा सूचीकृत गरिएको हो। पिछडिएको क्षेत्र भएर पनि सूचीमा धेरै स्थानीय तह नपरेको भन्दै विरोध पनि हुन थालेको हो।

# ६ जना नि:शुल्क जग्गादाता सम्मानित

**रामधन राई, खोटाङ**

खोटाङस्थित विभिन्न प्रहरीचौकीलाई नि:शुल्क जग्गा प्रदान गर्ने ६ जना सम्मानित भएका छन्। ६२औं प्रहरी दिवसको अवसरमा जिल्ला प्रहरी कार्यालय खोटाङले शुक्रबार आयोजना गरेको विशेष कार्यक्रममा नुन्थला, देवीस्थान, भण्डारेघाट र तालखर्क प्रहरी चौकीका लागि नि:शुल्क जग्गा प्रदान गर्ने जग्गादाता सम्मानित भएका हुन्।

जिल्ला प्रहरी कार्यालयको प्रांगणमा आयोजित कार्यक्रममा प्रहरी चौकीका लागि नि:शुल्क जग्गा उपलब्ध गराउने रुपाकोट मझुवागढी नगरपालिका-१३ नुन्थलाका बिरस तामाङ, जन्तेढुंगा गाउँपालिका-१ का भीमबहादुर राई, दिप्रुङ गाउँपालिका-४ भण्डारेका राजेन्द्र राई र दिप्रुङ गाउँपालिका- ५ का मदन राईलाइ प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी एकदेव अधिकारीले सम्मानपत्र र दोसल्लाले सम्मान गर्नुभएको हो।

अस्थायी रुपमा रहेका प्रहरी चौकीलाई स्थायी बनाउने प्रयोजनका लागि आफूहरूले जग्गा उपलब्ध गराएको भन्दै अस्थायी चौकीमा प्राप्त जग्गामा भवन बनाई तुरुन्त स्थायी चौकी खडा गर्न जग्गादाताको माग रहेको छ। जग्गादाताका तर्फबाट बोल्दै दाता राजेन्द्र राईले आफ्नो जग्गा सस्तो भएर दिएको नभई स्थायी चौकी निर्माणार्थ दिएकाले तत्काल स्थायी चौकी स्थापनाका लागि पहल गर्न सम्बन्धित पक्षसँग माग गर्नुभयो।

अमर प्रहरी परिवारलाई सम्मान

कर्तव्य पालना गर्ने सिलसिलामा विभिन्न समयमा साहदत प्राप्त अमर प्रहरीहरूको सम्झनामा वर्षेनी आयोजना हुँदै आएको प्रहरी दिवसको अवसरमा यो वर्ष ३ जना अमर प्रहरी परिवार तथा आफन्तलाई सम्मान गरिएको छ।

२०५८ सालमा सोलुखुम्बुमा साहदत प्राप्त हरिभक्त श्रेष्ठ, २०६५ सालमा भोजपुरमा साहदत प्राप्त जयप्रसाद आचार्य र २०५८ सालमा रुकुममा साहदत प्राप्त नमराज ठाकुरको परिवार र आफन्तलाई दोसल्लाले सम्मान गरिएको हो।

जिल्ला प्रहरी कार्यालयको तथ्यांकअनुसार विभिन्न समयमा खोटाङका २६ जना प्रहरीले आफ्नो कर्तव्य निर्वाह गर्ने क्रममा ज्यान गुमाएका छन्।

प्रहरी दिवस कार्यक्रममा प्रमुख जिल्ला अधिकारी एकदेव अधिकारी, जिल्ला समन्वय समितिका उप-प्रमुख गोमादेवी खत्री, रुपाकोट मझुवागढी नगरपालिकाका उपमेयर विणादेवी राईलगायतको उपस्थिति थियो। कार्यक्रममा राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, सुरक्षा निकायका प्रमुख, सरकारी तथा गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि, पत्रकार, समाजसेवीलगायतको सहभागिता रहेको थियो।

# मिश्रको एक्लो प्रचार दौड

बाँके, (नेस)

सबै पार्टीका उम्मेदवारहरू टिकट पक्का गर्न काठमाडौंस्थित शीर्ष नेताको दैलो चहारिरहँदा पशुपतिदयाल मिश्रलाई भने प्रचार गर्न भ्याइनभ्याई रहेको छ। असोज १६ गते एमालेसँग भएको २ बुँदे सहमतिले गर्दा बाँके क्षेत्र नं.२ बाट उम्मेदवार पक्का भएका मिश्र बिहानदेखि साँझसम्म प्रचारप्रसारमा जुटेका छन्। 'बिहान पुरैनी, बसुदेवपुरका विभिन्न ठाउँमा गएर भेटघाट गरियो', मिश्रले भन्नुभयो- 'अपराह्न भवानीयापुरमा अगुवाहरूसँग भेटघाट तय भएको छ।'

मिश्रले बिहानदेखि रातिसम्मकै दैनिकी तय गरेका छन्। दिउँसो एमाले पार्टी कार्यालयमा भेटिएका मिश्रले भन्नुभयो- 'बिहान र अपराह्न फरक-फरक गाउँमा भेला र भेटघाट गर्छौं। साँझ नेपालगन्ज बजार र आफ्नै गाउँमा समय दिएको छु।' राजपाबाट विद्रोह गरेर स्वतन्त्र राजनीतिक समूह बनाएर हृदयश त्रिपाठीलगायत ५ जना नेता सूर्य चुनाव चिहनबाट चुनाव लड्ने सहमति गरेर अघि बढेका छन्। एमालेले टिकट पक्का गरेपछि मैदानमा उत्रिएका मिश्रलाई त्यसपछि बनेको वाम गठबन्धनले पनि साथ दिएको स्रोतले बताएको छ।

२०५४ मा कांग्रेसबाट हिरमिनिया गाविसका अध्यक्ष जितेका मिश्रले त्यसपछि फरक-फरक पार्टीका चुनावी मैदानमा उत्रिएका छन्। विभिन्न पार्टी हुँदै मिश्र पछिल्लो समयमा तराई मधेस लोकतान्त्रिक पार्टीका सहमन्त्रीसम्म पुगेका थिए। मधेसी पार्टीको गठबन्धनबाट बनेको राजपामा रहेका मिश्रको समूह एमालेतिर सोझिएको हो।

# बलात्कार आरोपमा सात महिनापछि पक्राउ

गुल्मी, (नेस)



गुल्मीको मदाने गाउँपालिका एक युवा बलात्कार आरोपमा पक्राउ परका छन्। जिल्लाको सिर्सेनीका २६ वर्षीय पदम नेपाली हाड नातामा पर्ने १७ वर्षीया युवतीलाई बलात्कार गरेको आरोपमा प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायव उपरीक्षक गंगाबहादुर थापाले जानकारी दिए। नेपालीले गत वैशाख १३ गते बलात्कार गरेको प्रहरीले जनाएको छ।

युवती गर्भवती भएपछि पीडितपक्षले ७ महिनापछि जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गरेका छन्। नेपालीले विभिन्न धाक धम्की दिई हाड नातामा पर्ने युवतीलाई बलात्कार गरेका थिए। उनीविरुद्ध जबरजस्ती करणी मुद्दा दर्ता गरेर अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक थापाले जानकारी दिए।

# वृद्धभत्ता लिनेको भीड

**विमल विष्ट, डोटी**

डोटीको दिपायलमा रहेको राष्ट्रिय वाणिज्य बैंकमा हिजोआज वृद्ध तथा एकल महिला भत्ता लिने स्थानीय महिलाहरूको भीड लाग्ने गरेको छ। डोटीमा रहेको दिपायल सिलगढी नगरपालिकाले आफ्नो वडा मातहतका सम्पूर्ण वृद्ध तथा एकल महिला भत्ता लिनेहरूलाई बैंकमार्फत् रकम भुक्तानी गर्ने निर्णय गरेकाले दिपायल बैंकमा महिलाको भीड लागेको हो।



बैंकमा भत्ता लिने महिलाको भीड लागेपछि बैंक कर्मचारी बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म बैंकिङ कारोबारमा व्यस्त रहने गरेको राष्ट्रिय वाणिज्य बैंक दिपायलका प्रमुख शिवराज कठायतले बताउनुभयो। उहाँले भन्नुभयो- 'तिहारैको मुखमा वृद्ध भत्ता पनि वितरण शुरू भएकाले अन्य काम गर्न भ्याइनभ्याई छ, हामी बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म रकम दिनमै व्यस्त छौं।'

बैंकमा वृद्ध तथा एकल महिला भत्ता लिनेका कारण अन्य कारोबारीलाई आफ्नो चेक साट्न तथा रकम पठाउन निकै मुस्किल भएको बैंकमा आइतबार भेटिएका बड्डीकेदार गाउँपालिकाका स्थानीय खड्कबहादुर साउदले बताउनुभयो। उहाँले भन्नुभयो- 'बैंकमा पूरै महिलाको भीड छ, हामीले चेक समेत साट्न पाएका छैनौं, महिलाको पालो नसकिन्जेल हाम्रो पालो आउला जस्तो छैन।' तिहार नजिकिँदै जाँदा डोटीमा तलब लिने तथा बैंकमा रकम झिक्नेहरूका कारण यहाँका बैंकमा स्थानीयको हिजोआज भीडभाड हुने गरेको छ।

बैंक कर्मचारीहरू बिहानदेखि बेलुकीसम्म रकम वितरण गर्नमै व्यस्त हुने गरेको एनसीसी बैंक दिपायलका असिस्टेन्ट कुमार खड्काले बताउनुभयो। उहाँले भन्नुभयो- 'हाम्रो बैंकमा असोजको क्लोजिङ पनि चल्दै छ, ग्राहकले क्लोजिङको किस्ता बुझाउने तथा तिहारको कारण पैसा झिक्नकै लागि बैंकमा आउने गरेकाले प्राय:गरी हामी पैसा दिनमै व्यस्त हुन्छौं।'

# मकवानपुरका ७० क्लिनिक बन्द

**नेपाल समाचारपत्र**

हेटौंडा

सीएमएद्वारा सञ्चालित हेटौंडाका निजी क्लिनिक बन्द गरिएका छन्। सीएमए संघ मकवानपुरले सरकारी निर्णयको विरोधमा निजी क्लिनिक बन्द गरेको हो। सरकारले सीएमएद्वारा सञ्चालित निजी क्लिनिकले बिरामी जाँच र औषधि सिफारिस गर्न नपाउने निर्णय गरेपछि उनीहरू आन्दोलित भएका हुन्।

सरकारले सामुदायिक स्वास्थ्य सहायक (सीएमए) लाई बिरामीको उपचार गर्नबाट रोक लगाएको छ। सीएमए अध्ययन गरेका स्वास्थ्यकर्मीले निजी क्लिनिक खोलेर बिरामीको जथाभावी जाँच गरेको भन्दै स्वास्थ्य मन्त्रालयले उनीहरूको उपचार गर्ने अधिकार कानुनी रुपमा कटौती गरिदिएको हो। तर, त्यसविरुद्ध मुलुकभरका सीएमए स्वास्थ्यकर्मी आन्दोलनमा होमिएका छन्।

मकवानपुर सीएमए संघ जिल्ला अध्यक्ष अजय राईले सरकारसमक्ष सीएमएको हकअधिकार सुनिश्चित गर्न अनुरोध गरेका छन्। मकवानपुरमा सीएमए क्लिनिकको संख्या ७० वटा रहेको राईले बताए। उनले यो रोजगारीको मात्र सवाल नभएर सामान्य जनताको आधारभूत स्वास्थ्य सेवा पाउने अधिकारसँग जोडिएको विषय भएको बताए।

आफूहरूको बिरामीको उपचार गर्न पाउनुपर्ने अधिकार फिर्ता हुनुपर्ने मुख्य माग राख्दै सीएमए स्वास्थ्यकर्मीले अनिश्चितकालिन बन्द शुरू गरेका छन्।

सीएमएले आफ्नो रोजगारी धरापमा परेको र दुर्गमका जनताले आधारभूत स्वास्थ्य सेवा पाउनबाट वञ्चित भएको बताए। नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐनले दिएको अधिकार स्वास्थ्य मन्त्रालयले निर्देशिकाले कटौती गरेको हो। सीएमएले चिकित्सक पुग्न नसक्ने दुर्गम क्षेत्रमा निरन्तर उपचार सेवा दिइरहेका छन्। सीएमएकै सेवाका कारण मातृ तथा बाल मृत्युदर पनि घटेको अवस्थामा स्वास्थ्य मन्त्रालयले पेसालाई संकटमा पारेर उपचार गर्नबाट वञ्चित गरेको राईको गुनासो छ।

नेपाल स्वास्थ्य व्यवसायी परिषद्, ऐन २०५३ ले परिषद्मा दर्ता भएका चिकित्सा समूहका सहायकस्तरका स्वास्थ्यकर्मीलाई सम्बन्धित पेसागत आचारसंहिताभित्र रही बिरामीको जाँच, निदान, उपचार एवं व्यवस्थापन गर्ने अधिकार दिएको थियो। त्यसलगत्तै स्वास्थ्य मन्त्रालयले पनि उक्त अधिकार प्रयोग गर्न परिपत्र जारी गरेको थियो। तर, त्यसपछि मन्त्रालयले जारी गरेको संशोधित स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७३ ले उक्त अधिकार कटौती गरिदिएको हो।

मन्त्रालयले सीएमए स्वास्थ्यकर्मीले आफ्नो दायराभन्दा बाहिर गएर जथाभावी जाँच गर्दा बिरामीको ज्यान धरापमा परेको भन्दै उनीहरूलाई उपचार गर्नबाट वञ्चित गरेको बताएको छ।

सरकारी व्यवस्थाविरुद्ध नेपाल सीएमए संघले लामो समयदेखि आन्दोलन गर्दै आएको छ। संघले यसअघि शान्तिपूर्ण आन्दोलन भन्दै स्वास्थ्य मन्त्रालयलगायत सरोकारवाला निकायमा मागपत्र बुझाएको थियो। संघले १ लाख जनताको हस्ताक्षर मन्त्रालयलाई बुझाइसकेको छ। मुलुकभर १ लाखभन्दा धेरै सीएमए स्वास्थ्यकर्मीले निजी क्लिनिकमा बिरामी जाँचका साथै औषधि सिफारिस गर्दै आएका छन्।

संघले स्वास्थ्य मन्त्रालयको उक्त व्यवस्थाबाट मुलुकभरका १ लाख भन्दा बढी सीएमए स्वास्थ्यकर्मी बिरामीको उपचार गर्नबाट वञ्चित भएको दाबी गरेको छ। संघले तत्काल समस्या समाधानका लागि मन्त्रालयले पहल नगरे जुनसुकै कदम चाल्न आफूहरू बाध्य हुने चेतावनी पनि दिएको छ।

२०७४, असोज
सोमबार
३०

तिहारमा बढी मसला बिक्री हुने भएकोले कतिपय व्यापारीले मौका यही हो भन्दै आफूखुसी मूल्य लिने गरेको उपभोक्ताहरु बताउन थालेका छन्। कतिपय व्यापारीले गत वर्ष बिक्री नभएर रहेको सामानसमेत बिक्री गर्ने गरेको गुनासो उपभोक्ताको छ।

# नेपाल

## औपचारिकतामा सीमित हुँदै हात धुने दिवस




**नेपाल समाचारपत्र**
खोटाङ

हरेक वर्ष मनाउने गरिएको विश्व हात धुने दिवसलाई खोटाङमा औपचारिकतामा सीमित गर्ने गरिएको छ। हात धुने दिवस सर्वसाधारण केन्द्रित हुनुपर्नेमा जिल्लाका केही विशिष्ट व्यक्तिहरूबीच औपचारिक कार्यक्रमको आयोजना गरी सम्पन्न गर्ने गरिएको हो।

सन् २००८ देखि मनाउन शरू गरिएको विश्व हात धुने दिवसको अवसरमा आइतबार पनि जिल्ला अस्पतालमा एक औपचारिक कार्यक्रम आयोजना गरिएको छ। जिल्ला खानेपानी सरसफाई सब डिभिजन तथा जिल्ला स्वास्थ्य कार्यालयको संयुक्त आयोजनामा सम्पन्न दिवसको अवसरमा एक अन्र्तक्रिया कार्यक्रमको साथमा हात धुने तरिका प्रदर्शन गरिएको थियो। जिल्ला समन्वय समितिका प्रमुख बबी चाम्लिङ, प्रमुख जिल्ला अधिकारी एकदव अधिकारीलगायत सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रमुख तथा प्रतिनिधिको उपस्थितिमा सम्पन्न कार्यक्रममा स्वास्थ्यको लागि 'हात धुने' कुराको जानकारी महत्त्वपुर्ण रहेको बताइएको थियो। 'हात धुने' दिवसलाई यदाकदा उपहास गरिए पनि राम्ररी हात धुने तरिका बारे थाहा पाए मात्र पनि धेरै रोगबाट बच्न सकिने स्वास्थ्यकर्मीको भनाइ थियो।

सामान्यतया अनिवार्य हात धुने व्यक्तिबीचमा कार्यक्रमको आयोजना गरी औपचारिकतामा सीमित नगरी यसबारे सचेतना विस्तार गर्न सर्वसाधारणसमक्ष यस्तो कार्यक्रम पुऱ्याउनुपर्नेमा वक्ताहरूको जोड थियो। विद्यार्थीले स्वयं दूतको रुपमा आफ्नो घरपरिवार तथा गाउँघरसम्म हात धुने तरिका र हात धुनुको महत्त्वबारे जानकारी फैलाउने हुनाले विद्यालयस्तरमा यस्ता कार्यक्रम आयोजना गर्नु उपयुक्त हुने कार्यक्रममा सुझाव दिइएको थियो।

कार्यक्रममा स्वास्थ्यसम्बद्ध व्यक्ति, पत्रकार तथा केही बिरामी कुरुवासमेत सहभागी बनेका थिए। आइतबार दिनभर अस्पतालमा आउने बिरामी कुरुवालाई हात धुने तरिकाबारे व्यवहारिक जानकारी गराउने अस्पतालका प्रमुख डाक्टर रामबहादुर केसीले बताउनुभयो। डाक्टर केसीका अनुसार जिल्लाका सबै स्वास्थ्य संस्था तथा केही विद्यालयमा यससम्बन्धी कार्यक्रम गरी सचेतना विस्तार गर्न अनुरोध गरिएको छ।

## स्वर्गद्वारीमा प्रार्थना मण्डपको खोजी

**नरेन्द्र केसी, घोराही, दाङ**

दाङको एक परिवारले प्रसिद्ध धार्मिकस्थल स्वर्गद्वारी आश्रममा निजी लगानीमा प्रार्थना मण्डप निर्माण निर्माण गरिदिएको छ। मन्दिरमा दर्शनार्थी बढेसँगै पाठपूजा र प्रसाद ग्रहणका लागि ठाउँ अभाव भएको जनाउँदै घोराही भरतपुर निवासी पन्थी परिवारले आमाबुवाको सम्झनामा स्वर्गद्वारी आश्रम प्युठानमा प्रार्थना मण्डप भवन निर्माण गरेको हो।

बुबाआमा शिवप्रसाद पन्थी र नर्मदादेवी (अरङखोले कान्छा-कान्छी)को स्मृतिमा छोराबुहारी माधव पन्थी/निर्मला पन्थी र डा. जनार्दन पन्थी/सुमित्रा पन्थीले दुईतले सो भवन बनाइदिनुभएको हो।

तल्लो तलामा पाठपूजा र माथिल्लो तलामा प्रसाद वितरण गर्ने गरी दुईतले भवन निर्माण गरेको डा. पन्थीले जानकारी दिनुभयो। २५ लाख १९ हजार ७ सय ५० रुपियाँको कुल लागतमा भवन निर्माण गरिएको हो। मन्दिरमा दर्शनार्थी बढेकाले पाठपूजा गर्ने भवनको अभाव भइरहेको बेला एक परिवारले मात्र यति ठूलो लगानी गरेर महत्त्वपूर्ण काम गरेको आश्रमका सचिव ध्रुवश्रीले बताउनुभयो।

यसैबीच एक कार्यक्रम गरी भवन आश्रमलाई हस्तान्तरण गरिएको छ। दाता माधव पन्थीले आश्रम सञ्चालक समिति सचिव डा. ध्रुवश्रीलाई भवनको साँचो हस्तान्तरण गर्नुभएको हो। आश्रमका महाराज ध्यानान्द गिरीको अध्यक्षता एवं मीना न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा आश्रमका सचिव ध्रुवश्रीलगायतले बोल्नुभएको थियो। सचिव श्रीले महत्त्वपूर्ण सहयोगका लागि धन्यवाद ज्ञापन गर्नुभयो। कार्यक्रम सञ्चालन अध्यापक नवराज घिमिरेले गर्नुभएको थियो। दाता डा. पन्थीले मन्दिर परिसरमा मातापिताको स्मृतिमा पुण्य काम गर्ने अवसर दिएकोमा आश्रमप्रति कृतज्ञता व्यक्त गर्नुभएको थियो।

स्वर्गद्वारीमा विभिन्न व्यक्तिले आफ्ना मान्यजनको सम्झनामा धर्मशालालगायतका पूर्वाधार निर्माण गर्दै आएका छन्। गत वर्ष दाङकै श्रेष्ठ परिवारले झन्डै एक करोडको लगानीमा धर्मशाला निर्माण गरिदिएको थियो। यो आश्रममा दर्शनका लागि देशका विभिन्न स्थानबाट दर्शनार्थी आउने गरेका छन्।



भारतबाटै मात्रै वर्षेनी ३ लाख पर्यटक दाङको बाटो हुँदै स्वर्गद्वारी पुग्ने गरेका छन्।

दाङको घोराहीबाट हालेरी हुँदै स्वर्गद्वारी पुग्ने गरिएको छ। त्यस्तै दाङको सैघा हुँदै पैदल हिँडेर दर्शनार्थी स्वर्गद्वारी पुग्ने गरेका छन्। अधिकांश भारतीय दर्शनार्थी यही बाटोबाट पैदल हिडेर स्वर्गद्वारी पुग्ने गरेका छन्। दाङको भालुवाङबाट भिंग्री हुँदै पनि स्वर्गद्वारी पुग्ने गरिएको छ। भिंग्री-स्वर्गद्वारी केवलकारका लागि १ निजी कम्पनीले प्रक्रिया थाले पनि यसले गति लिन सकेको छैन। घोराही-सैघा-स्वर्गद्वारी सडक निर्माण हुन सक्यो भने सबैभन्दा छोटो बाटो हुने स्थानीय जंग रोकाले बताउनुभयो। अहिले आउने गरेका तीर्थयात्रीलाई व्यवस्थित गरे पनि स्वर्गद्वारीको पर्यटन विकासमा अझ टेवा पुग्ने उहाँले बताउनुभयो।

## रोटरीको पहलमा डायलाइसिस निःशुल्क

**नेपाल समाचारपत्र**
हेटौंडा

रोटरी क्लब अफ मकवानपुरको पहलमा हेटौंडामा निःशुल्क डायलाइसिस सेवा सञ्चालनमा आउने भएको छ।

रोटरी क्लबको सक्रियतामा हेटौंडा-११ स्थित चुरेहिल अस्पतालमा तिहारलगत्तै मृगौला रोगीहरूले निःशुल्क डायलाइसिस सेवा प्राप्त गर्ने भएका हुन्। १ करोड रुपियाँभन्दा बढीको खर्चमा चुरेहिलमा डायलाइसिस सेन्टर स्थापना गर्न लागिएको हो। सेन्टरका लागि ३ वटा मेसिन खरिद गरिएको र त्यसका लागि आवश्यक जडान कार्य भइरहेको क्लब अध्यक्ष पुरनबहादुर जोशीले जानकारी दिए।

एउटा मेसिनको १४ लाख रुपियाँ पर्ने जनाइएको छ। २ वटा मेसिन आरोग्य फाउन्डेसन काठमाडौं र एउटा नेपाल इकरात इन्जिनियरिङले खरिद गरिदिएको क्लब उपाध्यक्ष कविन सांगामीले जानकारी दिए। मेसिन जडान र अन्य कार्यका लागि आवश्यक पर्ने करिब ६० लाख रुपियाँ रोटरी क्लब अफ मकवानपुरले जोहो गर्ने क्लबका संस्थापक अध्यक्ष ज्ञानकृष्ण प्रजापतिले जानकारी दिए।

जडान र अन्य सामान खरिदका लागि आवश्यक पर्ने रकम क्लबले व्यवस्थापन गर्ने बताउँदै संस्थापक अध्यक्ष प्रजापतिले डायलाइसिस सेवा सञ्चालनमा ल्याएपछि हेटौंडामा पाठेघर र स्तन क्यान्सरसम्बन्धी रोगको उपचार सेवा उपलब्ध गराउने आफूहरूको योजना रहेको बताए। डायलाइसिस सेवा सञ्चालनका लागि आवश्यक पर्ने स्थान, विद्युत् र पानीलगायत सेवा भने चुरेहिल अस्पतालले उपलब्ध गराउने भएको छ।

चुरेहिल अस्पताल हेटौंडाका प्रमुख डा. सुन्दर श्रेष्ठले डायलाइसिस सेन्टर सञ्चालनका लागि धमाधम मेसिन जडान भइरहेको बताए। डायलाइसिस सेन्टर सञ्चालनमा आएसँगै यसको रेखदेख, उपचार र आवश्यक सामान थप गर्नका लागि चुरेहिलले पहल गर्नेछ। हेटौंडा स्वास्थ्योपचरमा सम्पन्न छ भन्न यस कार्य गर्न जरुरी रहेको प्रजापतिले बताए।

## इलामका बजारमा किनमेल गर्नेको भीड
### आवश्यक सामग्रीको मनपरी मूल्य

**गणेश घिमिरे, इलाम**

नेपालीहरूको दोस्रो ठूलो चाड तिहारको चहलपह शुरू भएसँगै इलामका मुख्य बजारमा किनमेलका लागि भीड लागेको छ। तिहारका लागि आवश्यक सामग्री किन्नेहरूको भीड लागेको हो। इलामको इलाम बजार, फिक्कल, पशुपतिनगर, मंगलबारे, बिब्ल्याँटेलगायतका बजारका पसलमा तिहारका लागि आवश्यक सामग्री किन्नेको भीड बढेको हो।

तिहारमा दाजुभाइलाई दिइने उपहार, टीकाका सामग्री किन्न महिलाहरूको भीड बढी देखिन थालेको छ। तिहारमा दिदीबहिनीले दाजुभाइलाई उपहारस्वरुप दिने विशेष मसला र परिकार किन्नेहरूका कारण बजारमा भीडभाड बढेको हो। मुख्य गरी तिहारका सामग्री पाइने पसल, टोपी पसल, बिजुलीका सामग्री बिक्री हुने पसलमा भीडभाड देखिन्छ। तर तिहारका लागि आवश्यक सामग्रीमा व्यवसायीले मनपरि मूल्य लिने गरेको गुनासोसमेत गरेका छन्। इलाम नगरपालिका-८ की मञ्जु आचार्यले तिहारमा दाजुभाइलाई दिइने भाइमसलामा मनपरि मूल्य लिएको गुनासो गरिन्। 'पसलैपिच्छे फरक मूल्य छ, ३५ देखि १ सय रुपियाँसम्म मूल्य लिने गरेका छन्', -आचार्यले भनिन्।

त्यस्तै गुनासो इलाम नगरपालिका-१ की अनिता तिमिल्सिना भन्छिन्- 'कति महँगो हो, चाडपर्वमा त सामान किन्नै सकिन्न, व्यापारीले मनपरि मूल्य लिन्छन्'। 'मूल्य निर्धारण नहुँदा उपभोक्ता मर्कामा परेका छन्, तर सरोकारवाला निकायलाई भने मतलब छैन', -उनले भनिन्। तिहारका लागि आवश्यक प्रायः सबै सामग्री छिमेकी देश भारतबाट आयात हुन्छ। त्यसैले मूल्य मनपरि लिने गरेको गुनासो उपभोक्ताको छ। भाइमसलाको भाउ यस वर्ष बजारमा छोइनसक्नु भएको उपभोक्ताहरू बताउँछन्। सामान केही हुँदैन तर मूल्य भने महँगो हुने गरेको उनीहरूको दुःखेसो छ।

तिहारमा बढी मसला बिक्री हुने भएकोले कतिपय व्यापारीले मौका यही हो भन्दै आफूखुसी मूल्य लिने गरेको उपभोक्ताहरू बताउन थालेका छन्। कतिपय व्यापारीले गत वर्ष बिक्री नभएर रहेको सामानसमेत बिक्री गर्ने गरेको गुनासो उपभोक्ताको छ। भाइ मसलामा प्रयोग हुने नरिवल, छोकडा, काजु, किसमिसलगायत सामग्रीको मूल्य दिनप्रतिदिन बढ्दो छ। मसलाको मूल्य तिहारको समयमा ३० देखि ४० प्रतिशतसम्म बढ्ने व्यापारी निर्मल अधिकारीले बताए। चाडवाडका बेला खाद्यसामग्रीको अनुगमन गर्ने प्रशासनले यस्ता सामग्रीको अनुगमनमा भने खासै चासो देखाउने गरेको छैन।

सरकारले मूल्यवृद्धिलाई निरुत्साहित गर्न नसक्दा उपभोक्ता भने बढी मूल्य तिरेर सामान खरिद गर्न बाध्य छन्। यस्ता चाडपर्वमा व्यापारी कमाउ धन्दामा लाग्दा उपभोक्ता प्रत्यक्ष मारमा पर्ने गरेका छन्। यस्तै यतिखेर इलाम बजार क्षेत्रका फेन्सी पसलहरूमा पनि उपभोक्ताको भीड बढ्न थालेको छ। तर फेन्सी पसलमा पनि व्यापारीले दोब्बर-तेब्बर नाफा खाएर कपडा बिक्री गरिरहेका छन्।

उपभोक्तालाई फेन्सी सामग्रीको मूल्यको बारेमा जानकारी नहुँदा व्यापारीले जतिमा भन्यो त्यतिमा किन्न उपभोक्ता बाध्य भइरहेका छन्।

## डोटीका स्वास्थ्य संस्था स्थानीय तहलाई हस्तान्तरण गरिँदै

डोटी, (नेस)

जिल्ला स्वास्थ्य कार्यालय डोटीले जिल्लाका स्वास्थ्य संस्थाहरू स्थानीय तहलाई हस्तान्तरण गर्ने प्रक्रिया शुरू गरेको छ। संघीय कार्यान्वयन एकाइको निर्देशनअनुसार कार्यालयले जिल्लाका स्थानीय तहमा रहेका स्वास्थ्यचौकी, प्राथमिक स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य एकाइ र बर्थिङ सेन्टर स्थानीय तहलाई हस्तान्तरण गर्ने भएको हो।

सबै स्वास्थ्य संस्थालाई पत्राचार गर्दै जिल्ला स्वास्थ्य कार्यालयले सम्बन्धित स्वास्थ्य संस्थालाई आ-आफ्नो स्वामित्वमा रहेको जग्गा-जमिन, औषधि उपकरणलगायत चल-अचल सम्पत्ति विवरण पेस गर्न निर्देशन गरेको छ।

त्यस्तै स्थायी, अस्थायी र करारमा रहेका सबै कर्मचारीको विवरण पनि पेस गर्न भनिएको छ। जिल्ला स्वास्थ्य कार्यालय मातहतमा सञ्चालित स्वास्थ्य संस्था अब गाउँपालिका र नगरपालिका मातहत रहने जनाइएको छ। अहिले विवरण संकलन गर्ने काम भइरहेको र संघ र प्रदेशको चुनावपछि हस्तान्तरणका लागि बाँकी प्रक्रिया अगाडि बढ्ने जिल्ला स्वास्थ्य कार्यालय डोटीका प्रमुख सतिष विष्टले बताउनुभयो। जिल्ला अस्पताल कुन तहको मातहतमा रहने भन्नेबारे अझै टुंगो नलागे पनि स्थानीय तहमा रहेका सबै स्वास्थ्य संस्था भने सम्बन्धित स्थानीय तहकै मातहत रहने उहाँले बताउनु भयो।

**नेपाल अर्बुद रोग निवारण संस्था**
**काठमाडौं जिल्ला शाखाको जिल्ला सभाको जरूरी सूचना**

यस नेपाल अर्बुद रोग निवारण संस्था, काठमाडौं जिल्ला शाखाको २५ औं जिल्ला सभा दोस्रो पटकको लागि निम्न अनुसार बस्ने निर्णय भएको हुँदा सम्पूर्ण आजिवन सदस्य महानुभावहरुलाई उपस्थितिको लागि सादर आमन्त्रण गर्दछु ।

**मिति :** २०७४ साल कार्तिक १८ गते (शनिवार)
**समय :** १०:३० बजे
**स्थान :** आराधना पार्टी प्यालेस
बागबजार, काठमाडौं
(*Shrestha Tailor* माथि)

**आज्ञाले**
**दिव्यलक्ष्मी बज्राचार्य**
**सचिव**
**नेपाल अर्बुद रोग निवारण संस्था**
**काठमाडौं जिल्ला शाखा**

## 'राज्य जलवायु परिवर्तनको असरबाट उम्कन सक्दैन'

**नेपाल समाचारपत्र**
जुम्ला

जनसंख्या तथा वातावरणमन्त्री मिथिला चौधरीले राज्य जलवायु परिवर्तनको असरबाट उम्कन नसक्ने बताउनुभएको छ। बढ्दो जनसंख्या वृद्धि, वन, वनस्पती र वन्यजन्तुको विनाश तथा विभिन्न प्रकोपजन्य घटनाले गर्दा जलवायु परिवर्तनको असर दिनप्रतिदिन बढ्दै गएकाले राज्य समस्याबाट उम्कन नसक्ने उहाँको भनाइ छ। जलवायु परिवर्तन, खाद्य सुरक्षा र स्वच्छ पानी तथा हिमाली क्षेत्रमा यसका चुनौती र अवसरका विषयमा पहिलो पटक जुम्लामा आजबाट शरू भएको २ दिने राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै मन्त्री चौधरीले यस्तो बताउनुभएको हो। जलवायु परिवर्तनले बाली उत्पादन, खानेपानी र स्वास्थ्यमा समस्या निम्त्याएको भन्दै त्यसको प्रत्यक्ष असर पर्वतीयबासीले (माउन्टेन पिपुल) भोगेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो- 'पर्वतीयबासी अतिवृष्टि, अनावृष्टि र महामारीको चपेटामा छन्। जसका लागि वातावरण अनुकूलका कार्यक्रम सञ्चालन गर्न आवश्यक छ। वातावरण अनुकूलन नीति २०६७ कार्यान्वयनमा आएकाले सोही अनुसार मन्त्रालयले योजना बनाई कार्यक्रम सञ्चालन गर्नेछ।' यस अभियानमा अन्य सरकारी तथा गैर सरकारी निकायबाट सञ्चालन भएका कार्यक्रमले पनि जलवायु परिवर्तन अनुकूलनमा सहज हुने मन्त्री चौधरीले बताउनुभयो।

जनसंख्या तथा वातावरण मन्त्रालयका सचिव विश्वनाथ वलीले जलवायु परिवर्तन र वातावरणमैत्री विकासलाई अघि बढाउन सके समस्या न्यूनीकरण हुँदै जाने बताउनुभयो। नेपाल जलवायु परिवर्तन जोखिमको हिसाबले विश्वमा चौथो देश रहेको भन्दै मन्त्रालयले थप अनुकूलनका कार्यक्रम ल्याउने उहाँको भनाइ छ। उहाँले भन्नुभयो- 'सबैको ध्यान जलवायु परिवर्तनमा भए पनि अध्ययन, अनुसन्धानको कमीले खास समस्या र समाधानको उपाय छैन। यसमा चेतनाका कार्यक्रम सञ्चालन गर्न आवश्यक छ।' विगतमा मन्त्रालयले गरेका कामलाई निरन्तरता दिंदै आगामी दिनमा पनि थप कार्यक्रम सञ्चालन गर्न मन्त्रालय तयार रहेको सचिव वलीले बताउनुभयो।

जनसंख्या तथा वातावरण मन्त्रालय, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान, नेपाल पर्यटन बोर्ड, काठमाडौं विश्व विद्यालय, किर्डाक नेपालको साझेदार तथा एनसीएएमआईको समन्वयमा सम्मेलनको आयोजना भएको हो। सम्मेलनमा कर्णालीको खाद्य सुरक्षा, जीविकोपार्जन र वातावरणीय असरले पारेको प्रभावका बारेमा कार्यपत्र प्रस्तुत गरी निष्कर्षसहितको व्यापक छलफल हुने मुख्य आयोजक संस्था किर्डाक नेपालले जनाएको छ। हिमाली क्षेत्रमा स्वच्छ पानी, यसको संरक्षण र प्रर्वद्धन, मानव अधिकार र यसको अवस्थाका विषयमा पनि सम्मेलनमा कार्यपत्र प्रस्तुत हुने बताइएको छ।

नेपाल सरकार
**सहरी विकास मन्त्रालय**
**सिंहदरबार सचिवालय पुनः निर्माण समिति**
**सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**
प्रकाशित मिति :- २०७४/०६/३०

सिंहदरबार परिसरभित्र गर्नुपर्ने निम्न कामका लागि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र खरीद र १६ दिनभित्र बुझाई सक्ने गरी दरभाउपत्र आह्वान गरिन्छ । सूचनाको विस्तृत विवरण तथा प्रस्ताव फाराम यस कार्यालय, सर्भिस सेन्टर भवन, सिंहदरबारबाट प्राप्त गर्न सकिनेछ र थप जानकारीका लागि www.ssrc.gov.np, फोन नं.४२०००९८ मा सम्पर्क गर्न सकिनेछ । दरभाउपत्र खरीद गर्न एभरेष्ट बैंक, राजस्व खाता नं. ५२०१२६५, राजस्व शीर्षक नं. १४२२७, कार्यालय कोड नं. २७-३४७-१४, धरौटी खाता नं. १३५००१ रहेको छ ।

| ठेक्का नं. ०७४/७५ | काम ईष्टिमेट रु. (मु.अ.कर/कन्टेन्जेन्सी वाहेक) | फारम दस्तुर राजस्वखाता रु. | जमानत रु. | काम सम्पन्न गर्ने अवधि |
|---|---|---|---|---|
| ०४-दरभाउ | Renovation of toilets at Ministry of Finance. | १,०००/- | २८,०००/- | ४५ दिन |
| ०५-दरभाउ | Landscaping Gardening work at the back of Ministry of Finance. | १,०००/- | ३३,०००/- | ९० दिन |

जिल्ला वन कार्यालय,झापाको सम्वन्धी मस्यौदा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा राय सुझावको लागि
**सार्वजनिक सूचना**
**(प्रथम पटक प्रकाशित मिति २०७४।६।३०)**
**(वातावरण संरक्षण नियमावली २०५४ को नियम ७ (२) सँग सम्बन्धित)**

झापा जिल्लाको सबै ७ गाउँपालिका र ८ नगरपालिकाका सबै वडाहरुमा कार्यान्वयन गर्न राष्ट्रिय, सामुदायिक, कवुलियती, धार्मिक वनहरुको वन व्यवस्थापन सम्बन्धी पञ्चवर्षीय कार्ययोजना (०७४।०७५ देखी ०७८।७९) बनाई कार्यान्वयन गरिने भएकोले उक्त क्षेत्रवाट यस कममा हुन सक्ने वृक्षारोपण, गोडमेल, थिनिंग, प्रनिंग, झाडी सफाई तथा काठ दाउरा, लघु वन पैदावार संकलन, सदुपयोग एवं विक्री वितरण आदि कार्यहरुबाट पर्न सक्ने वातावरणीय असरहरुबारे प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने भएको छ । यस सम्बन्धमा सो प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको मस्यौदाको कार्यसूची वन विभागवाट स्वीकृत भई आए अनुसार उक्त प्रस्ताव कार्यन्वयन गर्दा स्थानीय र जिल्ला स्तरमा आर्थिक, सामाजिक, सांस्कृतिक तथा जैविक वातावरणहरुमा पर्न सक्ने अनुकुल तथा प्रतिकूल प्रभावहरु बारे कुनै प्रकारका राय, सुझाव वा प्रतिकियाहरु भए यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी आफ्ना राय, सुझाव वा प्रतिकियाहरु उपलव्ध गराई दिनु हुनको लागि वातावरण संरक्षण नियमावली, २०५४ को नियम ७ (२) अनुसार यो सूचना प्रकाशन गरिएको छ।

**राय सुझाव दिने स्थान**
१) श्री पूर्वाञ्चल क्षेत्रिय वन निर्देशनालय, विराटनगर २) जिल्ला वन कार्यालय, झापा
३) ग्रिन गभरनेन्स नेपाल प्रा.लि.,काठमाण्डौ (सेवा प्रदायक) सम्पर्कको लागि ९८५६०५९१३२
प्रस्तावकको नाम : जिल्ला वन कार्यालय, झापा । ठेगाना : भद्रपुर न.पा. वडा नं. १० ।
फोन नं. : ०२३-४५५०५३, ०२३-४५५१८९ ईमेल : jpadfo@dof.gov.np

# विश्व

**विस्फोट**
सोमालियाको राजधानी मोगादिसुको व्यस्त बजारमा भएको शक्तिशाली विस्फोटपछिको दृश्य।



**आरोप**
हलिवुडका फिल्म निर्माता हार्वी वेन्स्टेइनलाई थप दुई महिला कलाकारले बलात्कारको आरोप लगाएका छन्।



2017, OCT
Monday
16

विश्व २ मिनेट

## अस्ट्रिया

### आम चुनाव

भियना, (एजेन्सी)

अस्ट्रियाका नागरिकले आइतबार आम चुनावमा मतदान गरेका छन्। यस चुनावमा सबैभन्दा अगाडि रहेको अनुदारवादी दल पिपुल्स पार्टी (ओभीपी)का नेता सेबास्टियन कर्ज ३१ वर्षका मात्र हुन्। घोर दक्षिणपन्थी फ्रिडम पार्टी (एफपीओ) र सोसल डेमोक्र्याट दोस्रो स्थानका लागि प्रतिस्पर्धा गरिरहेको मत सर्वेक्षण नतिजाले देखाएको छ। सोसल डेमोक्र्याट ओभीपीसँगको गठबन्धनबाट बाहिरिएको छ। चुनावको प्रमुख मुद्दा आप्रवासी रहेको छ भने चुनावलाई एफपीओले वर्षौंपछि सरकारमा फर्कन पाउने अवसरका रूपमा लिएको छ। उक्त पार्टी डिसेम्बरमा सम्पन्न राष्ट्रपति चुनावमा झिनो मतले पराजित भएको थियो।

## भारत

### मुस्लिमको गाई जफत

राजस्थान (एजेन्सी)

राजस्थानको अलवर जिलामा प्रहरीले एक मुस्लिम परिवारको ५१ वटा गाई जफत गरी १ गौशालालाई बुझाएको छ। हिन्दु कार्यकर्ताको उजुरीमा प्रहरीले ती गाईलाई गाउँको गौशालालाई सुम्पेको हो। सुब्बा खानले उसँग १७ वटा बाच्छा रहेको र उनीहरूलाई बोटलबाट दूध पिलाएर बचाइरहेको बताए। विगत १० दिनमा खानको परिवारले आफ्नो गाई फिर्ता पाउन संघर्ष गरिरहेको जनाइएको छ। प्रहरीले यस मामिलामा कुनै पनि भूमिकालाई अस्वीकार गरेको छ। प्रहरीका अनुसार ती गाई प्रहरीले नभएर गाउँले नै गौशालालाई बुझाएको हो।

## साउदी अरेविया

### आगलागीमा दसको मृत्यु

रियाद, (एजेन्सी)

साउदी अरेबियाको जन सुरक्षा विभागले आइतबार राजधानी रियादको एउटा फर्निचर बनाउने वर्कसपमा भएको आगलागीमा १० जना व्यक्तिको ज्यान गएको जनाएको छ। आइतबार राति शुरू भएको सो आगलागीमा अन्य ३ जना सख्त घाइते भएको बताइएको छ। तर सो आगलागीको कारण भने अझैसम्म खुल्न सकेको छैन। बादर शहरनजिकको फर्निचर भन्डारमा लागेको आगो निभाउने प्रयासमा अग्नि नियन्त्रकहरू लागि परेका छन्। यसबारे थप विवरण प्राप्त भएको छैन। साउदीमा ३ करोड जनसंख्यामध्ये एकतिहाइ विदेशी रहेका छन्।

## सोमालिया

### शक्तिशाली विस्फोट

मोगादिसु, (एजेन्सी)

सामोलियाको राजधानी मोगादिसुको एक व्यस्त क्षेत्रमा आइतबार भएको एक शक्तिशाली बम विस्फोटमा कम्तीमा १ सय ८९ जना व्यक्तिको ज्यान गएको प्रहरीले जनाएको छ। एउटा होटेलको मुख्यद्वारमा टन्न विस्फोटक पदार्थ भरिएको एउटा ट्रक विस्फोट गराइँदा अन्य दर्जनौं व्यक्ति घाइते भएका छन्। प्रहरीका अनुसार मादिना जिल्लाको अर्को शहरमा भएको दोस्रो बम विस्फोटमा अन्य दुई व्यक्तिको ज्यान गएको छ। यस आक्रमणमा कसको हात रहेको छ भन्ने स्पष्ट भइसकेको छैन। अलकायदासँग आवद्ध अल सवाव समूहले बारम्बार मोगादिसुमा आक्रमण गर्ने गरेको छ।


**नेपाल सरकार**
**शिक्षा मन्त्रालय**
**युनस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय**
**सिंहदरवार, काठमाडौं**

**सवारी साधन (4 WD Sport Utility Vehicle) आपूर्ति गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०७४/६/३०)

Name of Contract: Supply of vehicle
Contract Identification No: 01/074-75/NNCU

यस सचिवालय अन्तरगतको युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयको प्रयोजनका लागि आवश्यक सवारी साधन 4 WD Sport Utility Vehicle सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि ३० औं दिनको कार्यालय समयसम्म फर्म/संस्था/कम्पनीको लिखित निवेदन पेश गरी यस सचिवालयको आन्तरिक प्रशासन तथा सम्पत्ति व्यवस्थापन शाखाबाट तपसिल बमोजिमको दस्तुर बुझाई खरिद गर्न सकिने छ ।

| बोलपत्र/ठेक्का नं. | सवारी साधनको विवरण | आवश्यक संख्या | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|---|---|
| 01/074-75/NNCU | 4 WD Sport Utility Vehicle | १ | रु. ३००० | १,४०,०००।- | सिलबन्दी दर्ता |

२. बोलपत्र जमानत वापत माथि उल्लेखित रकम बराबर यस सचिवालयको नाममा जारी भएको बिडबण्ड वा नेपाल बैंक लिमिटेडको खाता नं. २१७००१००१८२९०३००००01 मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनु पर्नेछ । विडवण्डको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले ४ (चार) महिना सम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनु पर्नेछ ।
३. बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२.०० बजेभित्र यस सचिवालयमा सिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ । सो दिन विदा परेमा कार्यालय खुलेको दिन दिनको १२.०० बजेभित्र दर्ता गराई सक्नु पर्नेछ ।
४. दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको २.०० बजे सचिवालयमा उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र फाराम खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन र बोलपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिन गरिनेछ ।
५. बोलपत्रदाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न बोलपत्रदाताले सिलबन्दी बोलपत्रसाथ देहायका कागजात पेश गर्नु पर्नेछ ।
(क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि वा व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ख) मूल्य अभिवृद्धि कर र पान दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (ग) बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति (घ) आ.व.२०७२।७३ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा कर दाखिला प्रमाणको प्रमाणित प्रतिलिपि (ङ) फर्म/कम्पनीले आधिकारिक रुपमा प्रतिनिधि नियुक्त गरेको सक्कलै पत्र । (च) उत्पादक/निर्माताले सम्बन्धित फर्म/संस्था/कम्पनीलाई आधिकारिक रुपमा सवारी साधन बिक्री बितरण गर्ने प्रयोजनका लागि प्रदान गरेको Distributor/Reseller पत्रको प्रमाणित प्रतिलिपि ।
६. बोलपत्र फाराम बुझाउँदा सिलवन्दी गरी खामको बाहिर युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालयको "सवारी साधन 4 WD Sport Utility Vehicle आपूर्ति गर्ने बोलपत्र २०७४" भनी स्पष्टसंग उल्लेख गर्नु पर्नेछ ।
७. यसै सूचनाको बुँदा-५ बमोजिमका कागजात संलग्न नभएको, विभिन्न सर्तहरु उल्लेख गरेको, बोलपत्र सम्बन्धी कागजातमा बोलपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु पूर्ण रुपमा उल्लेख नगरेको र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको बोलपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।
८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस सचिवालयमा निहित रहने छ ।
९. माथि उल्लेखित सर्तहरु बाहेक अन्य कुराहरु बोलपत्र फाराम एवं प्रचलित कानुन अनुसार हुनेछ ।
१०. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र सचिवालयको (फोन नं. ४२००५५९) मा सम्पर्क राख्न सकिने छ ।


# ट्रम्पलाई ट्विट नगर्न चेतावनी

सोल (एजेन्सी)



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सामाजिक सञ्जालमा प्योङयाङविरुद्धका गतिविधिलाई लिएर उत्तर कोरियाले अमेरिकी टापु गुआममा क्षेप्यास्त्र आक्रमण गर्ने चेतावनी दोहोऱ्याएको छ।

जापान र दक्षिण कोरियासँगको संयुक्त सैन्य अभ्यास तथा ट्विटरमा राष्ट्रपतिको झगडिया टिप्पणीलाई लिएर उत्तर कोरियाको सरकारी सञ्चारमाध्यम केसीएनएमा प्रकाशित किम क्वाङ हकको लेखमा आक्रोश पोखेको छ। ट्विटमा रिपब्लिकन नेताले उत्तर कोरियालाई सैन्य बलबाट परमाणु तथा व्यालेस्टिक हतियारबाट निशस्त्र पार्ने उल्लेख गरेका थिए।

प्रशान्त महासागरमा पर्ने गुआमद्वीप समीहमा अमेरिकाको हवाइ अड्डा रहेको छ। अमेरिकाले यसलाई आफूमाथि हमला गर्न प्रयोग गर्न सकिने उत्तर कोरियाको मान्यता रहेको छ।

उत्तर कोरियाले अमेरिकी राष्ट्रपति ट्रम्पबाट लगातार चेतावनीको भाषा प्रयोग उत्तेजना फैलाउने काम गर्दै आइरहेको आरोप लगाएको छ। गत सेप्टेम्बरमा ट्रम्पले उत्तर कोरियाली नेता किम जोङलाई रकेट म्यानको उपनाम दिएका थिए।

त्यसलगत्तै सेप्टेमबर ३ मा उत्तर कोरियाले हाइड्रोजन बम परीक्षण गरेको थियो। त्यसपछि सेप्टेम्बर १५ मा उसले जापानको आकाशमाथि अन्तरमहाद्वीपीय क्षेप्यास्त्र प्रहार गरेको थियो।

परमाणु हतियार तथा क्षेप्यास्त्र परीक्षणका कारण कोरियाली प्रायद्वीपमा बढ्दो तनावबीच अमेरिकाले कोरियाली आकाशमा ३ पटक बी-१बी बमवर्षक विमान उडाएका थिए। ती बमवर्षकले गुआम बेसबाट उडान भरेका थिए। अमेरिकी बमवर्षकसँगै दक्षिण कोरिया र जापानका लडाकू विमानले पनि उडान भरेका थिए।

उत्तर कोरियाको इन्स्टिच्युट अफ अमेरिका स्टडिजका शोधकर्ता किम क्वाङ हाकले लेखमा भनेका छन्- 'जसरी उत्तर कोरियाले परीक्षण गर्छ, ट्रम्प र उनको समूह ट्विटमा विभिन्न टिप्पणी पोस्ट गर्न थाल्छन्। अमेरिका विगत २५ वर्षमा उत्तर कोरियालाई लिएर सही नीति लिन असफल भएको छ। कहिले ऊ सैन्य विकल्पको कुरा गर्छ, कहिले आँधीबेरीअगाडिको शान्ति त कहिले हामीलाई पूरै ध्वस्त पार्ने कुरा हुन्छ।'

उत्तर कोरियाले सन् २००६, २००९, २०१३, र २०१६ मा परमाणु बम परीक्षण गरिसकेको छ। पहिलो परीक्षणका क्रममा प्योङयाङले अमेरिकाबाट परमाणु युद्धको खतरा रहेको जनाएको थियो। सन् २००९ मे २५ मा गरेको दोस्रो परीक्षणमा उसले युरेनियम प्रवर्द्धन गर्ने घोषण गरेको थियो। यसलाई प्लुटोनियममा आधारित आणविक भट्टी बनाउने र परमाणु हतियार विकास गर्ने सम्भावनाका रूपमा लिइएको थियो। सन् २०१० मे ११ मा उत्तर कोरियाले न्युक्लियर फ्युजन रियाक्टर बनाएको दाबी गरेको थियो। त्यतिबेलै उत्तर कोरियाले शक्तिशाली परमाणु बम बनाउन सक्ने अनुमान गरिएको थियो। सन् २०१३ मा उसले तेस्रो परमाणु बम परीक्षण गऱ्यो।

सन् २०१५ मा उत्तर कोरियाली नेता किमले हाइड्रोजन बम परीक्षण गर्ने क्षमता रहेको दाबी गरे। अर्को वर्ष सन् २०१६ जनवरी ६ मा उसले हाइड्रोजना बम परीक्षण गऱ्यो। सोही वर्ष सेप्टेम्बरमा पाँचौं परमाणु बमको परीक्षण गऱ्यो।

सन् २०१७ सेप्टेम्बर ३ मा उत्तर कोरियाले अहिलेसम्मकै सबैभन्दा शक्तिशाली हाइड्रोजन बमको परीक्षण गरेर विश्वलाई स्तब्ध पाऱ्यो। उक्त बमको क्षमता २० देखि ३० किलोटनसम्मको भएको अनुमान गरिएको छ।

# बाबा राम रहिमको ठूलो सुटकेस प्रहरीको कब्जामा

नयाँदिल्ली, (एजेन्सी)



भारतका विवादास्पद बाबा राम रहिम सिंह इन्साको १ सयभन्दा बढी सम्पत्तिको विवरण रहेको सुटकेस प्रहरीको हातमा परेको छ। हाल बलात्कार अभियोगमा १५ वर्षलामो कारावास सजाय भोगिरहेका बाबा रहिमकी धर्मपुत्री हनीप्रीतले भाग्नुअघि पन्जाबको गुरुसर मोडियामा १ व्यक्तिको घरमा लुकाइराखेको एउटा खैरो रंगको ठूलो सुटकेसभित्र सम्पत्तिको सम्पूर्ण विवरण भेटिएको सुरक्षा सुत्रले जनाएको छ।

त्यसबाहेक २ वटा झोला पनि फेला परेका छन्। तिनमा पनि राम रहिमको कारोबारसँग जोडिएका धेरै जानकारी छन्।

प्रहरीले यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ। कागजातमा केही कम्पनीको र केही अधिकारीको पनि नाम उल्लेख गरिएको छ। तर प्रहरीको अनुसन्धानमा यी मानिसको बारेमा कुनै जानकारी नभएकाले यी कीर्ते नाम हुन् भनी भन्ने शंका प्रहरीलाई छ।

सुटकेसमा राम रहिमको सम्पत्तिसँग सम्बन्धित बैंक विवरण अनि केही डेबिट र क्रेडिट कार्डहरू भेटिएका छन्। विगत केही महिनामा कारोबार भएको पैसाको रेकर्ड छ। त्यो कारोबार करोडौं रुपियाँमा रहेको बताइएको छ। प्रहरीले सो पैसा पञ्चकुला हिंसामा लगानी गरिएको आशंकामा अनुसन्धान गरिरहेको छ।

राम रहिमको अनैतिक सम्बन्धसमेत रहेको बताइने हनीप्रीतको ल्यापटप हिसार प्रहरीसँग सुरक्षित छ। यो ल्यापटप प्रहरीले डेरा सच्चा सौदामा छापा मार्दा फेला पारेको थियो।

हनीप्रीतले यसको बारेमा अनभिज्ञता प्रकट गरेपछि प्रहरीले यसको जाँचका लागि ल्याब पठाएको छ। केही फाइल डिलिट भइसकेको र त्यसलाई रिकभर गर्न बाँकी रहेको प्रहरीले पनि बताएको छ।


**Upper Tamakoshi Hydropower Limited**
**Upper Tamakoshi Hydroelectric Project**
(Publication Date 2074/06/30)

**Re-Invitation for National Competitive Bidding**

The Upper Tamakoshi Hydropower Limited (UTKHPL), Upper Tamakoshi Hydroelectric Project (UTKHEP) Gangor, Dolkha re-invites sealed bids/e-Bidding from eligible bidders for the procurement of Goods as specified in below mentioned Contract.

| S.N. | Works/Jobs | Contract Ref. No | Estimated Amount (Including VAT) | Last Date of Bid Purchase (Office time) | Last date of Bid Submission, Opening Time & Place | Cost of Tender/ Quotation Documents (Bank deposit) | Bid Security / Bid Bond (Bank Deposit/Bank Guarantee) | Bank A/C No | Tender Documents available at |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Supply and Delivery of Transformers and Distribution Line Materials | UTKHEP/EW/NCB-02A-2073/74 | NRs 8,623,320.98 | Until 30 October 2017 (2074/07/13) | 31 October 2017 (2074/07/14) till 12:00 Hours, Opening at 14:00 Hours in UTKHPL Office Gyneshwor, Kathmandu | NRs 5,000.00 (Five Thousand | NRs.220,000.00 (Two Lakh Twenty Thousand ) | NABIL Bank Limited, Current Account No 9701017500012 | Upper Tamakoshi Hydropower Limited (UTKHPL) Office, Gyneshwor, Kathmandu |
| 2 | Supply and Delivery of ACSR Conductor and ABC Cable | UTKHEP/EW/NCB-02B-2073/74 | NRs 10,834,440.00 | | | NRs 5,000.00 (Five Thousand | NRs.275,000.00 (Two Lakh Seventy Five Thousand ) | | |

For Further details & downloading of Sealed Tender/Bid Documents, please visit our Website http//www.nea.org.np(for e-bidding) or www.tamakoshihydro.org.np or Contact at Tel. No. 977-1- 4420258, 4420295,4421694, Fax: 977-1-4412569


# सोभियतकालीन युवा महोत्सव

मस्को, (एजेन्सी)

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको आइतबार सोभियतकालीन युवा महोत्सवमा भाषण दिने कार्यक्रम रहेको छ। आगामी वर्षको राष्ट्रपतीय निर्वाचनको तयारी क्रममा रुसी युवाहरूलाई सम्बोधन गर्ने पुटिनको यो पछिल्लो प्रयास हो। विश्व युवा तथा विद्यार्थी महोत्सव सोभियत संयुक्त गणराज्य (युएसएसआर) र पूर्वी ब्लकले दोस्रो विश्वयुद्धपछि आयोजना गरेको थियो।

आइतबार रसियाले ब्ल्याक सीमा रहेको सोची ओलम्पिक पार्कमा उक्त १९औं महोत्सवको आयोजना गरेको हो। सोही महोत्सवको सिलसिलामा शनिबार १० हजार विदेशी अतिथिसामु मस्कोमा सोभियत शैलीको परेडको आयोजना गरिएको थियो।

पुटिनले अर्को वर्ष हुने चुनावमा उम्मेदवारी दिने अनुमान गरिएको छ। तर अझैसम्म उनले राष्ट्रपतीय चुनावमा उठ्ने औपचारिक घोषणा गरिसकेका छैनन्।

नेपालगन्ज भन्सारबाट ठूलठूला तस्करी हुने गरेको नेपालगन्जका व्यापारी नेताले आरोप लगाउँदै आएका थिए। यसअघि कनिकाको भन्सार गरेर चामल भित्रिएको रहस्य खुलेको थियो। कनिकाको भन्सार तिरेर ने पालगन्ज छिरेको ट्रक चौलिक्का नजिक पल्टिएपछि रहस्य खुलेको थियो।



## दुई मिनेट

### भाइटीकाको साइत ११:५१ मा

काठमाडौं, (नेस)

नेपाल पञ्चाङ्ग निर्णायक समितिले यस वर्षको भाइटीकाको साइत कात्तिक ४ गते शनिबार बिहान ११:५१ मा उत्तम रहेको जनाएको छ।

यस्तै यस वर्षको यमपञ्चक अर्थात् तिहारपर्व असोज ३१ गते मंगलबारदेखि शुरू हुँदै छ। ३१ गते काग तिहार र धनवन्तरी जयन्ती, कात्तिक १ गते बुधबार कुकुर तिहार र नरक चतुर्दशी, २ गते बिहीबार लक्ष्मी पूजा, कात्तिक ३ गते शुक्रबार गाई, गोरु तिहार, कृषक र गोवर्द्धन पूजा एवं कात्तिक ४ गते शनिबार भाइटीका परेको समितिले बताएको छ।

### नक्कली परीक्षार्थी पक्राउ

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-६ स्थित अरूणीमा मावि नयाँबस्ती परीक्षा केन्द्रमा चिकित्साशास्त्र अध्ययन संस्थानको एमबीबीएस प्रवेश परीक्षामा इलेक्ट्रोनिक्स कम्युनिकेसन डिभाइस जस्ता वैज्ञानिक उपकरणहरूको प्रयोग गरी गैह्रकानुनी रूपमा परीक्षा दिइरहेका काठमाडौं महानगरपालिका पुतलीसडक बस्ने राहुलकुमार भ्रासहित ३ जनालाई शनिबार प्रहरीले पक्राउ गरेको छ। यसै गरी सोही प्रवेश परीक्षामा अर्काको नाममा परीक्षा दिइरहेका सुनसरीको इटहरी नगरपालिका-१८ का सुरेश साहलगायत ५ जना नक्कली परीक्षार्थीलाई समेत विभिन्न परीक्षा केन्द्रबाट शनिबार प्रहरीले पक्राउ गरेको छ।

### अमेरिकी डलरसहित पक्राउ

काठमाडौं, (नेस)

त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थल प्रस्थानतर्फको होल्डब्यागेज चेकिङ एरियाबाट फ्लाइ दुबईको उडानद्वारा युएई हुँदै केन्या जान लागेका राहदानी नम्बर एबी ४१०६५ बाहक तान्जानियाका नागरिक रोबर्ट माइकल ओइमालाई लुकाइछिपाइ लैजान लागेको अमेरिकी डलर ७३ हजार ८ सय, तान्जानिया सिलिङ ७६ हजार, केन्या सिलिङ २ हजार २ सय र युएई दिराम २० सहित शनिबार प्रहरीले पक्राउ गरेको छ।

### कुटपिटबाट दुईको मृत्यु

काठमाडौं, (नेस)

बाजुरा त्रिवेणी नगरपालिका-८ कालापानी बस्ने गोरख गिरि र मोहन गिरीबीच जग्गाको विषयलाई लिएर शनिबार झगडा भई कुटपिट हुँदा २ जनाको मृत्यु भएको छ भने १ जना घाइते भएका छन्।

झगडामा सोही ठाउँ बस्ने गोरख गिरिलगायत ८ जनाले खुकुरी, खुडा, जीआई पाइप प्रयोग गरी कुटपिट गर्दा नौले गिरीको घटनास्थलमै र मोहन गिरीको छोरा अर्जुन गिरीको स्थानीय अस्पताल हुँदै थप उपचारका लागि अछामतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको छ।

## कांग्रेसमा फर्कंदै गच्छदार

काठमाडौं, (नेस)

विजयकुमार गच्छदारको नेतृत्वमा रहेको नेपाल लोकतान्त्रिक फोरम नेपाली कांग्रेसमा विलय हुने भएको छ। पहिलो संविधानसभाको निर्वाचनअघि कांग्रेस परित्याग गरेका गच्छदार एक दशकपछि फेरि कांग्रेसमै फर्किन लागेका हुन्।

प्रधानमन्त्री निवास बालुवाटारमा एक कार्यक्रमको आयोजनामा हिजो आइतबार पार्टी प्रवेश गर्ने तयारी भए पनि अबेरसम्म भएको दुई दलबीचको शीर्ष नेताहरूको छलफलपछि आज सोमबार ११ बजे पार्टी प्रवेश कार्यक्रम सारिएको हो। फोरमका नेता गच्छदारलाई मात्र नभई सो पार्टीका अन्य शीर्ष नेताहरूलाई कसरी व्यवस्थापन गर्ने र निर्वाचनमा कुनकुन क्षेत्रमा कति उम्मेदवार बनाउने भन्ने बारेमा अन्तिम टुंगो लगाउन बाँकी छ।

मसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा प्रमुख बामघटक नेकपा एमाले र माओवादी केन्द्रले चुनावी तालमेल गर्ने सहमति गरेलगत्तै नेपाली कांग्रेसले अन्य पार्टीहरूसँग मिलेर चुनावी सहकार्य गर्ने रणनीति बनाएको थियो। गच्छदारको पार्टीलाई भने कांग्रेसले चुनावी सहकार्य नभई पार्टी एकीकरणमै ल्याउन सफल भएको हो। गच्छदारलाई कांग्रेस सभापति शेरबहादुर देउवाले पार्टीको महत्त्वपूर्ण पद दिने सहमति गर्नुभएको छ।

## अर्बुद रोगको जिल्ला सभा सम्पन्न



काठमाडौं, (नेस)

नेपाल अर्बुद रोग निवारण संस्था काठमाडौं जिल्ला शाखाको २५औं जिल्ला सभा सम्पन्न भएको छ। सभा शाखाका सभापति अजय सिंह सुवालको अध्यक्षता एवम् संस्थाका केन्द्रीय अध्यक्ष लोकेन्द्रकुमार श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो।

सभामा संस्थाका निवर्तमान अध्यक्ष दिवाकरराज कर्णिकार र भक्तपुर क्यान्सर अस्पतालका मेडिकल निर्देशक ऋषिकेश नारायण श्रेष्ठले नेपालमा क्यान्सर रोगको रोकथाम र उपचारमा संस्थाले सेवा सुविधा पुऱ्याउँदै आइरहेको बताउनुभयो।

सभामा संस्थाका सचिव दिव्यलक्ष्मी वज्राचार्यले आर्थिक वर्ष २०७३/७४ को वार्षिक प्रगति प्रतिवेदन र संस्थाका कोषाध्यक्ष श्रीकृष्ण महर्जनले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। साथै संस्थाको विकासका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका समाजसेवीहरूलाई संस्थाका अध्यक्ष अजयसिंह सुवालले सम्मानपत्र प्रदान गर्नुभएको थियो।

### घोषणापत्रमा मानव अधिकारको विषय समावेश गर्न आग्रह

काठमाडौं, (नेस)

मसिर १० र २१ गते सम्पन्न हुन गइरहेको प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा राजनीतिक दलहरूबाट जारी हुने निर्वाचन घोषणापत्र/प्रतिबद्धतापत्रमा मानव अधिकारको विषय समावेश गर्न राष्ट्रिय मानव अधिकार आयोगले आग्रह गरेको छ।

लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार र आवधिक निर्वाचनसमेतको माध्यमबाट समृद्ध राष्ट्र निर्माण गर्ने नेपालको संविधानको लक्ष्य रहेको र त्यसको कार्यान्वयनको प्रमुख जिम्मेवारी राजनीतिक दलहरूको रहेको विज्ञप्तिमा जनाइएको छ।

विज्ञप्तिमा नागरिकहरूको अधिकार प्राप्तिको सुनिश्चितताका लागि संविधानले विभिन्न १२ वटा नीतिहरू अवलम्बन गर्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्द्धनसमेतको दायित्व राज्यको हुने उल्लेख गरेको छ।

## राष्ट्रव्यापी कविता प्रतियोगिता सम्पन्न




नेपाल समाचारपत्र

काठमाडौं

युवावर्गहरूलाई कविताको माध्यमबाट रक्तसञ्चार तथा रक्तदानबारे जानकारी प्रदान गर्ने तथा चेतना फैलाउने उद्देश्यले ब्लड डोनर्स अफ अमेरिका (बीडीए), इन्टरनेसनल नेप्लिज ब्लड डोनर्स (आइएनबीडी) ब्लड डोनर्स एसोसिएसन नेपाल (ब्लोदान) को संयुक्त आयोजनामा 'युवाको अभियान रक्तदानमा योगदान' शीर्षकमा राष्ट्रव्यापी कविता प्रतियोगिता आयोजना गरिएको छ।

नेपालभरिबाट कक्षा १० देखि १२ सम्मका विद्यार्थीहरूबीच भएको उक्त प्रतियोगितामा प्रथम हुनेलाई २५ हजार, दोस्रो हुनेलाई २० हजार, तेस्रो हुनेलाई १५ हजार, चौथो हुनेलाई १० हजार तथा पाँचौं हुनेलाई ७ हजार ५ सय रुपियाँ पुरस्कार प्रदान गरिएको थियो।

आयोजकका अनुसार युवाहरूलाई स्वयंसेवी रक्तदानबारे चेतनाको वृद्धि गरी भविष्यमा स्वयंसेवी रक्तदाताहरूको अभिवृद्धि गर्न उक्त कार्यक्रमको आयोजना गरिएको बताइएको छ।

सो प्रतियोगितामा सहभागी कविताहरू मध्येबाट निर्णायक मण्डलले १५ वटा कवितालाई उत्कृष्ट कविताका रूपमा चयन गरिएको थियो।

## आलु र केराउ भन्दै ल्याइएको ३० लाखको मासु बरामद

कुमार श्रेष्ठ, बाँके



आलु र केराउ देखाएर नेपालगन्ज भित्र्याउन खोजिएको ठूलो परिमाणको कुखुरा र बंगुरको मासु नेपालगन्ज भन्सार कार्यालयले बरामद गरेको छ।

एचआर ५५ एन ३२४० नम्बरको ट्रकमा प्याक गरेर भारत ल्याउँदै गरेको ११ हजार २ सय किलो कुखुरा र १ हजार २ सय किलो बंगुरको मासु भन्सारले नियन्त्रणमा लिएको हो।

३० लाख बढीको मासु ल्यापका व्यक्तिले भन्सार कार्यालयमा भने केराउ र आलुको राजश्व तिर्ने तयारी गरेका थिए। भन्सार कार्यालयका जाँचकीले ट्रकको जाँच गर्दा मासु फेला परेपछि केराउ र आलुको भन्सार तिरेर मासु पास गर्ने व्यवसायीको पर्दाफास भएको हो।

नेपालगन्जको धम्बोझीमा मासुको थोक बिक्रेता रहेका दिलिप सोनकरले भारतबाट मासु ल्याएको खुलेको छ। नेपालगन्ज भन्सार कार्यालयका प्रमुख जनार्दन आचार्यले आलु र केराउको राजश्व तिरेर पास गर्न थालिएको ठूलो परिमाणको मासु बरामद भएको बताउनुभयो। 'कुखुरा र बंगुरको मासु बरामद भएको छ, हामीले त्यसको छानबिन गरिरहेका छौं,' भन्सार प्रमुख आचार्यले भन्नुभयो।

नेपालगन्ज भन्सारबाट ठूलठूला तस्करी हुने गरेको नेपालगन्जका व्यापारी नेताले आरोप लगाउँदै आएका थिए। यसअघि कनिकाको भन्सार गरेर चामल भित्रिएको रहस्य खुलेको थियो। कनिकाको भन्सार तिरेर नेपालगन्ज छिरेको ट्रक चौलिक्का नजिक पल्टिएपछि रहस्य खुलेको थियो। 'छोटी नाकाहरूबाट त स-साना सामान तस्करी हुन्छ,' एक व्यापारीले भने, ठूलो तस्करी त भन्सार भएरै आउँछ। त्यो भनेको थेरै सामान ल्याएर कम देखाउनेदेखि एउटा सामान ल्याएर अर्को देखाउने हुन्छ।'

अहिले चाहिँ तिहारलाई लक्षित गरी भारतबाट अवैध रूपमा भित्र्याउन थालिएको मासु बरामद गरिएको छ।

सरकारले भारतबाट कुखुराको मासु ल्याउन पूर्णरूपमा प्रतिबन्ध लगाएको छ। वर्डफ्लु सर्न सक्ने आशंकाले सरकारले केही वर्षदेखि नै भारतबाट पंक्षी तथा पंक्षीजन्य पदार्थ ल्याउन पूर्णरूपमा रोक लगाएको हो।

कुखुरा र बंगुरको मासु दिल्लीबाट ल्याइएको थियो। नेपालगन्जका सोनकरले देशका विभिन्न शहरमा कुखुरा र बंगुरको मासु पठाउने गर्दछन्। लाखौंको अवैध मासु सिधा बाटोबाट ल्याउँदै गरेका सोनकरले राम्रो 'सेटिङ' नमिलाएको घटनाले देखाएको छ।

### डीएसपी भण्डारी तानिए

काठमाडौं, (नेस)। महानगरीय प्रहरी बृत्त बालाजुका प्रहरी नायब उपरीक्षक नवीनकृष्ण भण्डारी लेनदेन विवादमा तानिएका छन्।

डीएसपी भण्डारीलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले तानेर बयान लिएको छ। एक पीडितसँग ५ लाख घुस मागेको विषयमा डीएसपी भण्डारीसमेत संलग्न रहेको पाइएपछि अख्तियारले तानेको हो। प्रहरी सहायक निरीक्षक चन्द्रसिंह भाट र प्रहरी जवान पुष्कर शाहले एक पीडितसँग ५ लाख घुस मागेका थिए। सोही काण्डमा डीएसपी भण्डारी पनि तानिएका हुन्।

### शहरी स्वास्थ्य क्लिनिक सञ्चालन

सल्यान, (नेस)। सल्यानको पहिलो नगरपालिका शारदा नगरपालिकाले ४ वटा शहरी स्वास्थ्य क्लिनिक सञ्चालनमा ल्याएको छ। स्वास्थ्यको पहुँचभन्दा टाढा रहेका नागरिकलाई स्थानीय स्तरमा नै सेवा प्रदान गर्ने उद्देश्यले शारदा नगरपालिका भित्रका ४ वटा स्थानमा शहरी स्वास्थ्य क्लिनिक सञ्चालनमा ल्याएको हो।

नगरपालिकाको ८ मा रहेको दोभान र १२ को लेखडाँग्रीमा शहरी स्वास्थ्य क्लिनिक सञ्चालनमा ल्याएको नगर प्रमुख सुरेश अधिकारीले जानकारी दिनुभयो।

### महतोलाई...

शेयर बिक्री सम्झौताको बुँदा नम्बर ३ दशमलव ६ मा महतोको नाममा रहेको डेल्टो ट्रेडिङले लाभ कर तिर्ने कुरा प्रस्ट रूपमा लेखिएको छ। उक्त बुँदामा भनिएको छ- 'सम्झौतानुसार शेयर खरिदबापत कानुनले तोकेअनुसारको सबै पुँजीगत लाभ कर बिक्रीकर्ता स्वयमले तिर्नुपर्नेछ।' सम्झौताअनुसार डा. महतोलाई बिक्रेता भनिएको छ।

तर महतोले कर तिरेको प्रमाण कहीं पाइँदैन। डा. महतो नै डेल्टो र सिनर्जी नेपालको प्रमुख व्यक्ति भएको बिक्री सम्झौतामा उल्लेख छ। महतोले अप्रिल २०१२ मा सिनर्जी नेपालमा रहेको आफ्नो २० प्रतिशत शेयर निरज गोविन्द श्रेष्ठलाई बेचेकोमा त्यसको पनि लाभकर तिरेको विवरण कतै छैन। यस अर्थमा ठूला कर कार्यालयले श्रेष्ठलाई थप पुँजीगत लाभ कर निर्धारण गर्दा महतोलाई पनि थप हुनुपर्ने जानकार बताउँछन्।

निरज गोविन्द श्रेष्ठले एनसेलको २० प्रतिशत शेयर ११ अर्ब ५७ करोड रुपियाँमा भावना सिंह श्रेष्ठलाई बिक्री गरेको विवरण कर कार्यालयमा बुझाएका थिए। श्रेष्ठले उक्त शेयर खरिद गर्दा कर कार्यालयमा २ अर्ब ८३ करोड रुपियाँ लाभकर बुझाएका थिए। तर, अनुसन्धानपछि श्रेष्ठले देखाएको मूल्यांकन कम्पनीको ८० प्रतिशत शेयर बिक्रीको तुलनामा ६८ प्रतिशत न्यून भएको खुल्न आएको थियो। त्यसयता एनसेलमा निरज गोविन्द श्रेष्ठको हिस्साको शेयरको बिक्री मूल्य ३६ अर्ब १९ करोड ५३ लाख रुपियाँ भएको खुलेको हो।

महालेखा कार्यालयले श्रेष्ठले बुझाएको लाभकर तिर्नुपर्ने भन्दा ६ अर्ब १५ करोड रुपियाँ कम रहेको निष्कर्ष निकालेको थियो। ठूला कर कार्यालयले महालेखाको त्यही निर्देशनलाई आधार मानेर ब्याज र जरिवाना जोडेर ११ अर्ब रुपियाँ लाभकर कर निर्धारण गरेको हो।

महतोको कम्पनी बिक्रेता र एनसेल खरिदकर्ता रेनोल्ड्स होल्डिङ दुवै ट्याक्स हेभनमा रहेका कम्पनी भएको र करको मामलामा उनीहरूलाई यहाँको कानुन नलाग्ने दाबी पनि गरिएको छ। तर, तथ्यले त्यो बोलेको छैन। सरकारले रेनोल्ड्सको लाभकर आजियाटासँग दाबी गरिरहे जस्तै डेल्टो ट्रेडिङको पनि लाभकर डा. महतोसँग उठाउन तत्परता देखाउनुपर्नेमा त्यसो पनि हुन सकिरहेको छैन।

महतोले नेपालमा व्यापार गरेर कर छल्न र यहाँ कमाएको रकम सुरक्षित गर्न साइप्रसमा स्थापना गरिएको डेल्टो ट्रेडिङ लिमिटेडलाई एक बिक्रेताका रूपमा प्रस्तुत गरेको स्रोतको दाबी छ।

यसै गरी, बेस्ट इन्डिजको नेभिसमा कार्यालय रहेको रेनोल्ड्स होल्डिङलाई खरिदकर्ता देखाइएको छ। नेपालमा रहेको महतोको कम्पनी सिनर्जी नेपाल र नेपाली नागरिकको रूपमा महतोसमेत सम्झौतामा शेयर बिक्रेता समूह उल्लेख गरिएको छ। कर नलाग्ने मुलुकमा आफ्नो कम्पनी दर्ता गराएर चलाउन खप्पिस महतोको नाम यसअघि नै पनामा पेपर्समा समेत आइसकेको छ।

स्रोत भन्छ- 'महतोलाई जोगाएर ठूलै चलखेल गरिएको छ। त्यसबाट क-कसले लाभ लिए त्यो विस्तारै खुल्दै जाने भए पनि सार्वजनिक लेखा समिति समेत यो कुरामा मौन देखिनु अर्को आश्चर्यको कुरा बनेको छ। त्यसको छानबिन तुरुन्तै गर्नु जरुरी ठानेको छ।'

### प्रचण्डको...

तर माओवादी केन्द्रले सरकारलाई दिएको समर्थन यथावत् राख्दै सरकारबाट आफ्नो पार्टीको तर्फबाट सहभागी मन्त्री फिर्ता नबोलाउने निर्णय गरेको छ। शनिबार प्रधानमन्त्री देउवा र प्रचण्डबीच भएको छलफलमा सोमबारसम्म माओवादीले मन्त्री फिर्ता बोलाउने सहमति भएको बताइएको छ।

प्रधानमन्त्री देउवाका प्रमुख स्वकीय सचिव भानु देउवाले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'प्रधानमन्त्री र प्रचण्डबीच भएको सहमतिअनुसार सोमबारसम्म माओवादीका सरकारमा सहभागी मन्त्रीलाई फिर्ता बोलाउने कुरा भएको छ।' उहाँका अनुसार राप्रपाको तर्फबाट सरकारमा सहभागी भएका मन्त्रीलाई मन्त्रालय तोकनेबारेमा समेत प्रधानमन्त्रीले गृहकार्य गर्नुभएको छ।

'सकेसम्म माओवादीले नै सरकारमा सहभागी मन्त्रीलाई फिर्ता बोलाओस् भन्ने पक्षमा प्रधानमन्त्री हुनुहुन्छ', प्रमुख स्वकीय सचिव देउवाले भन्नुभयो- 'यदि माओवादीले सरकारबाट मन्त्री फिर्ता बोलाउने निर्णय नगरे प्रधानमन्त्रीले आफ्नो निर्णय गर्नुहुन्छ।'

माओवादीले सवैधानिक व्यवस्थाअनुसार आफ्ना मन्त्रीलाई सरकारमा निरन्तरता दिने निष्कर्ष निकाल्दै तत्काल सरकारलाई दिएको समर्थन कायमै राख्ने निर्णय गरेको थियो।

तर प्रधानमन्त्री देउवाले राप्रपासँग भएको पूर्वसहमतिअनुसार माओवादीका मन्त्रीलाई बिनाविभागीय बनाएर राप्रपाका मन्त्रीलाई जिम्मेवारी दिने तयारी गर्नुभएको बताइएको छ।

माओवादीले सकेसम्म आगामी मसिर १० र २१ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनसम्म रहने नीति लिएको थियो। तर प्रधानमन्त्री देउवाले माओवादीलाई सकेसम्म मन्त्री फिर्ता बोलाउन र यदि फिर्ता नबोलाए बिनाविभागीय मन्त्री बनाउने चेतावनी दिनुभएको बताइएको छ।

प्रधानमन्त्री देउवाले आफ्ना मन्त्रीलाई बिनाविभागीय बनाए सरकारमा रहने कि मन्त्रीबाट फिर्ता बोलाउने भन्ने विषयमा माओवादी अध्यक्ष प्रचण्डले आन्तरिक परामर्शमा जुटनुभएको प्रचण्डको सचिवालयले बतायो।

आइतबार पनि माओवादीबाट सरकारमा सहभागी सबै मन्त्रीले मन्त्रालयमा रहेर काम गरेका थिए। पार्टीले फिर्ता नबोलाउने निर्णय गरे पनि देउवाले बिनाविभागीय मन्त्री बनाए रहने कि नरहने भन्ने अन्योलमा माओवादीका मन्त्री परेका छन्।

### ५४ दलले...

केन्द्रीय संसदका १ सय १० जना सांसदको सूची बुझाउँदा दलले ५० हजार रुपियाँ धरौटी राख्नुपर्छ भने प्रत्येक प्रदेशमा उम्मेदवारी दिँदा २५ हजारका दरले धरौटी राख्नुपर्छ। सातवटा प्रदेशमा उम्मेदवारी दिँदा १ लाख ७५ हजार रुपियाँ धरौटी राख्नुपर्छ।

आयोगको केन्द्रीय कार्यालयमा रहेको समानुपातिक निर्वाचन एकाइमा सबैभन्दा पहिला बिहान १० बजे राष्ट्रिय यथार्थवादी पार्टी नेपालले प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिक प्रणालीतर्फ ११ जना उम्मेदवारको बन्द सूची पेस गरेको थियो। त्यसपछि दिउँसो २:५० बजेसम्ममा नेपाल समाजवादी पार्टी (लोहियावादी) ले मात्रै उम्मेदवारको बन्दसूची पेस गरेको प्रवक्ता ढकालले जानकारी दिनुभयो।

दलहरूले प्रतिनिधिसभाको समानुपातिकतर्फ १ सय १० तथा प्रदेशसभाको समानुपातिकतर्फ २ सय २० पदका लागि उम्मेदवारहरूको बन्दसूची पेस गर्ने निर्वाचन कार्यतालिका रहेको छ। दलहरूले उम्मेदवारहरूको बन्दसूची पेस गर्दा ५० प्रतिशत महिला उम्मेदवारसहित समानुपातिक र समावेशीका आधारमा नामावली समावेश गर्नुपर्ने कानुनी व्यवस्था छ। त्यस्तै दलहरूले प्रत्येक प्रदेशमा पनि समानुपातिक सूची बुझाउनुपर्नेछ। प्रदेश नम्बर १ को ९३ सदस्यीय प्रदेश सभामा ३७ जना सामानुपातिक बन्नेछन्। त्यस्तै प्रदेश नम्बर २ को १ सय ७ सदस्यीय प्रदेशसभामा ४३ जना समानुपातिकबाट छानिनेछन्।

यसरी दलहरूले बुझाउने सूचीमा ३३ प्रतिशत महिला, दलित, अल्पसंख्यक र पिछडिएका क्षेत्रलाई पनि ध्यान दिनुपर्छ। प्रत्येक प्रदेशका पिछडिएका क्षेत्र छुट्टाछुट्टै छन्। जसबाट समानुपातिकमा ल्याउनु दलहरूका लागि चुनौती छ।

प्रदेश नम्बर ३ मा १ सय ११ सदस्यीय प्रदेश सभा बन्दै छ। जसका लागि दलहरूले समानुपातिकबाट ४५ जनाको नाम सिफारिस गर्न पाउँछन्। दलले ४५ जनाकै नाम बुझाउनुपर्दैन। तर क्लस्टर भने मिलाउनै पर्छ। आयोगले दलहरूलाई यस्ता क्लस्टर मिलाउन समयसमेत दिने बुझिएको छ।

प्रदेश नम्बर ४ को ६० सदस्यीय प्रदेश सभामा २४ जना समानुपातिकमार्फत् आउनेछन्। त्यस्तै प्रदेश ५ मा ८६ सदस्यीय संसदको ३४ जना समानुपातिक सांसद हुनेछन्। प्रदेश ६ मा समानुपातिकका १६ सांसदसहितको ४० सदस्यीय प्रदेश सभा गठन हुनेछ। प्रदेश ७ मा ५३ सदस्यीय प्रदेश सभा बन्नेछ। जसमा २१ जना समानुपातिक निर्वाचन प्रणालीबाट चुनिनेछन्।



# अर्थ

2017, OCT
Monday
16

नीति पैरवीका लागि पोलिसी इस्टिच्युट स्थापना गर्ने र परोपकारी कामका लागि फाउण्डेसन स्थापना गर्ने प्रस्ताव पनि सम्मेलनमा गरिएको छ।

## कालोबजारी अभियोगमा पक्राउ

हेटौंडा, (नेस)

जिल्ला प्रशासन कार्यालय मकवानपुरको नेतृत्वमा खटिएको होटल अनुगमनका क्रममा गल्ती भेटिएका होटल सञ्चालकहरू २१ दिनपछि पक्राउ परेका छन्।

असोज ८ गते होटलहरू अनुगमन गरिएको थियो।

हेटौंडा-१९ का विभिन्न होटल अनुगमन गर्ने क्रममा सान्नानीटारस्थित आशीर्वाद एसी होम तथा बसामाडीस्थित कालीका होटलले तोकिएको मूल्यभन्दा बढी मूल्यमा खाद्य तथा पेयपदार्थ बिक्री गरेको भेटिएकाले ती होटलका सञ्चालकहरू पक्राउ परेका हुन्।

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

RHINO 500D
GUARANTEED DUCTILITY

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील ८ एम.एम | राईनो स्टील १०-२० एम.एम | राईनो स्टील २५ एम.एम | राईनो स्टील २८-३२ एम.एम |
|---|---|---|---|---|
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ७८ | ७५ | ७८ | ७८ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ७६/४० | ७३/४० | ७६/४० | ७६/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७७ | ७४ | ७७ | ७७ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ७७ | ७४ | ७७ | ७७ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगडी | ७८ | ७५ | ७८ | ७८ |
| पोखरा, स्याङजा | ७८ | ७५ | ७८ | ७८ |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ ।

नेपालमा पहिलो पटक, नेपालकै लागि

NS:191 IS:1786

Available at Samakhushi (01-4384786), Swayambhu (9841356008), Satungal (9841687562), Dhumbarai (01-446169) Sanepa ( 01-5525049 / 01-5555259), Bhaktapur (01-6616205), Banepa (9851054994), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467)

नेपालकै एक मात्र
यूरोपियन भि आर एम मेसिनबाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य
OPC PSC

## एनआरएनको ८औं विश्व सम्मेलन जारी

# 'भिजन 2020' पारित

नेपाल समाचारपत्र

काठमाडौं

गैरआवासीय नेपाली संघले संघको आगामी मार्गचित्रका रूपमा 'भिजन २०२० एण्ड बियोण्ड'लाई सर्वसम्मत रूपमा पारित गरेको छ। काठमाडौंमा जारी संघको ८औं सम्मेलनले वर्तमान अध्यक्ष शेष घलेले पेस गर्नुभएको संघको महत्त्वाकांक्षी मार्गचित्र पारित गरेको हो। आइतबार शुरू भएको संस्थाको बन्दसत्रमा अध्यक्ष घलेले 'भिजन २०२०' पारित गर्ने प्रस्ताव र त्यसअन्तर्गत तयार गरी संरचनाको मार्गचित्र पेस गर्नुभएको थियो। मार्गचित्रका विवादित विषय हटाउने सहमति भएपछि प्रस्ताव पारित भएको हो। विवादित बुँदा बाहेकका 'भिजन २०२०' पारित गर्न संघका पूर्वअध्यक्ष जीवा लामिछानेले प्रस्ताव गर्नुभएको थियो।

घलेले संघको आगामी दशकको यो मार्गचित्र पेस गर्दै त्यो लक्ष्य हासिल गर्न विभिन्न संरचनागत सुधार गर्ने प्रस्ताव प्रस्तुत गर्नुभएको छ। ती प्रस्तावमा हाल अध्यक्षमा रहेका केही जिम्मेवारी उपाध्यक्ष लगायतका पदाधिकारीमा बाँड्ने, सचिवालयलाई बलियो बनाउने, संघअन्तर्गत विभिन्न विभाग सिर्जना गरी ती विभागलाई भिन्न-भिन्न पदाधिकारीले नेतृत्व गर्ने लगायत रहेको संघकी अन्तर्राष्ट्रिय समन्वय परिषद्को सामाजिक उद्यमशिलता समितिकी को-चियर दिला पोखरेलले बताउनुभयो।

त्यस्तै नीति पैरवीका लागि पोलिसी इस्टिच्युट स्थापना गर्ने र परोपकारी कामका लागि फाउन्डेसन स्थापना गर्ने प्रस्ताव पनि सम्मेलनमा गरिएको छ। घलेको प्रस्तावमा विदेशमा रहेका नेपालीलाई सो फाउन्डेसनमा रकम सहयोग गर्न सहज हुने गरी फाउन्डेसन स्थापना गर्ने पनि रहेको छ। त्यस्तै युथ टान्स्फर्मेसन प्राग्राम चलाउनेलगायत विभिन्न योजना घलेको मार्गचित्रमा उल्लेख भएको पोखरेलले बताउनुभयो। प्रस्तावमाथि धारणा राख्दै संघका संस्थापक अध्यक्ष उपेन्द्र महतोले समयअनुकूल संस्थामा सुधार र परिवर्तन जरुरी रहेको बताउनुभएको थियो। घलेको मार्गचित्रमा उत्कृष्ट राम्रा प्रस्ताव आएकाले यसमा आफ्नो पूर्ण सर्मथन रहेको उहाँले बताउनुभयो।

यसै गरी संघका पूर्वअध्यक्ष जीवा लामिछाने तथा देवमान हिराचनले पनि संस्थाको सुधारका लागि ल्याइएको यो प्रस्ताव समयसापेक्ष रहेको बताउनुभएको थियो। यसलाई तत्काले कार्यान्वयनका लागि अगाडि बढाउनुपर्ने उनको भनाई थियो। अध्यक्ष शेष घलेले उठेका प्रश्नमाथि जवाफ दिएपछि हलले एकमतले घलेको प्रस्ताव प्रस्तावलाई अनुमोदन गरेको हो। पोलिसी इन्स्टिच्युट निर्माण गर्ने, संघअन्तर्गत फाउन्डेसन स्थापना गर्नेलगायतका प्रस्ताव सबैलाई मन परेको बताइएको छ।

## सोमबार चुनाव हुनेमा आशंका

काठमाडौं, (नेस)

गैरआवासीय नेपाली संघ(एनआरएनए)को ८औं अन्तर्राष्ट्रिय सम्मेलनको दोस्रो दिन आइतबार बन्द सत्रसँगै उम्मेदवारको मनोनयन दर्ता शुरू भएको छ। उम्मेदवारको मनोनयन दर्ता सोमबार बिहान ८ बजेसम्म चल्नेछ।

निर्धारित समय भन्दा ढिला अन्तिम मतदाता नामावली प्रकाशन भएकोले उम्मेदवारको मनोनयनमा ढिला शुरू भएको बताइएको छ। संघले सोमबार दिउँसो १ बजेबाट मतदान शुरू गर्ने बताएको छ। यद्यपि तोकिएको समयमै मतदान हुनेमा भने शंका रहेको छ।

केही डेलिगेट आउन ढिला भएकोले प्रतिनिधि पास वितरण लम्बिएको प्रमुख निर्वाचन अधिकृत शिव रिजालले बताउनुभयो। उहाँका अनुसार अन्तिम मतदाता नामावली ११ बजे निकाल्ने भनिएको पनि बेलुका ४ बजेमात्रै निकालिएको थियो। त्यसै कारण आइतबार ५ बजेबाट उम्मेदवारले उम्मेदवारी दर्ता शुरू गरेका थिए।

एनआरएन सचिवालयका कार्यकारी निर्देशक राजेश शम्शेर राणाका अनुसार सोमबार बिहान ८ बजेसम्म मनोनयन गर्न पाइनेछ। त्यसपछि उम्मेदवारको प्रारम्भिक नामावली प्रकाशन गरिनेछ। दाबी विरोध र उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मात्र मतदान शुरू हुने भएकाले सोमबार नै मतदान हुनेमा अनिश्चितता रहेको छ।

सम्मेलनमा ७७ देशका १ हजार ८ सय जना प्रतिनिधि सहभागी छन्। ४ दिनसम्म चल्ने सम्मेनलले संघको नयाँ नेतृत्व चयन गर्नेछ। अध्यक्ष, उपाध्यक्ष, महिला उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, क्षेत्रीय संयोजक सह-संयोजक महिला संयोजकसहितका पदाधिकारी निर्वाचनबाट चयन हुनेछन्।

आइतबारको बन्दसत्रबाट अनुमोदन भएको अध्यक्ष शेष घलेको मार्गचित्रसँगै संघलाई पुन:संरचना गर्न पूर्ण म्यान्डेट प्राप्त भएको छ।

## विधान संशोधन हुने

काठमाडौं, (नेस)

काठमाडौंमा जारी एनआरएनको ८ औं विश्व सम्मेलनको दोस्रो दिन संघको विधान संशोधनको अन्तिम मस्यौदा तयार भएको छ। आइतबारको छलफलबाट भएको सहमतिबाट बनेको संशोधनको अन्तिम रूप भिजन २०२० अन्तर्गत रहेर संशोधन भएको संघका विधान समितिका संयोजक हेमराज शर्माले बताउनुभयो।

संघको विधानमा एमसीसी र आईसीसी सदस्यको क्षेत्रअधिकार, समन्वय तथा सदस्यता विषयमा संशोधन हुन लागेको उहाँले बताउनुभयो। संशोधनअनुसार मध्यपूर्वको पञ्चिकृत सदस्यले सदस्यताका लागि युरो ३ तिर्नुपर्ने र अन्यका लागि ५ डलर तिर्नुपर्ने व्यवस्था छ। बन्दसत्रको दोस्रो दिनको दोस्रो सेसनमा संघको वर्तमान विधान संशोधन विषय तथा विवादित बुँदामा छलफल भएको थियो।

यसैबीच सोमबारको संशोधन छलफलबाट संघमा ५ उपाध्यक्ष हुने सहमति भएको छ। संघका ५ जना उपाध्यक्षमध्ये १ जना महिला रहने गरी कार्यसमिति बनाइने सहमति भएको संघका पूर्वअध्यक्ष देवमान हिराचनले बताउनुभयो। नेपाल समाचारपत्रसँग कुरा गर्दै हिराचनले अध्यक्षमा रहेका केही जिम्मेवारी उपाध्यक्षलगायतका पदाधिकारीमा बाँडिने सहमति भएको पनि भएको जानकारी दिनुभयो।

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

धनगढी शाखाको ३५ दिने सूचना

यस बैंकबाट कर्जा लिने तपसीलमा उल्लेखित ऋणीले तोकिएको समयमा कर्जाको साँवा व्याज चुक्ता नगर्नु भएको र मौखिक तथा लिखितरूपबाट कर्जा चुक्ता गर्नको लागि बारम्बार अनुरोध गर्दा पनि कर्जाको सांवा व्याज चुक्ता नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जाको सम्पूर्ण साँवा व्याज चुक्ता गर्नु हुन अनुरोध गरिन्छ । ऋणीले कर्जा चुक्ता नगरेमा तपाई जमानीकर्ताहरुले शर्त बमोजिम आफ्नो दायित्व पूरा गर्नु होला । माथि उल्लेखित समयावधि भित्र कर्जाको सम्पूर्ण साँवा व्याज चुक्ता नगरेमा तपाई ऋणीले दिएको धितो लिलाम गर्ने, तपाई ऋणी तथा जमानी दिने व्यक्तिहरुको नाम कालो सूचीमा समावेश गर्ने र ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायतका कर्जा अशुल उपर गरिलिनको लागि अन्य आवश्यक कानूनीकार्वाहीहरु समेत गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण

सुनिता महरा प्रोप्राइटर रही नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग बिभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनगढीमा दर्ता नं. ६९२५/२११/०६८/६९ मिति २०६८/११/२९ मा दर्ता भई कैलाली जिल्ला, धनगढी उप.म.न.पा., वडा नं. ४ मा रजिष्टर्ड कार्यालय रहेको **शिवबाबा स्टिल मेटल उद्योग ।**

पदम सिंह महराको बुहारी, बीर बहादुर महराको श्रीमती, कैलाली जिल्ला, धनगढी उप.म.न.पा. वडा नं. ४ बस्ने जिल्ला प्रशासन कार्यालय कैलालीबाट नम्बर ४८१८१ मिति २०५८/१२/९ मा नागरिकता प्रमाण पत्र प्राप्त बर्ष ७६ को **सुन्दरी महरा ।**

धितोको विवरण

**सुनिता महरा**को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता रहेको कैलाली जिल्ला धनगढी उप.म.न.पा. वडा नं. ९ स्थित कि. नं. १६५ को ३,५०४.९२ बर्ग मिटर क्षेत्रफल भएको अचल सम्पत्ति जग्गा र सोले चर्चेको लिगलगापात समेत।

**सुन्दरी महरा**को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता रहेको कैलाली जिल्ला धनगढी उप.म.न.पा. वडा नं. ४ स्थित कि. नं. २२४ को ३६५ बर्ग मिटर क्षेत्रफल भएको अचल सम्पत्ति घरजग्गा र सोले चर्चेको लिगलगापात समेत ।

जमानीकर्ताहरु:

पदम सिंह महराको बुहारी, बीर बहादुर महराको श्रीमती, कैलाली जिल्ला, धनगढी उप.म.न.पा. वडा नं. ४ बस्ने जिल्ला प्रशासन कार्यालय कैलालीबाट नम्बर ४८१८१ मिति २०५८/१२/०९ मा नागरिकता प्रमाण पत्र प्राप्त बर्ष ७६ को **सुन्दरी महरा ।**



पदम सिंह महराको नाती, बीर बहादुर महराको छोरा, कैलाली जिल्ला, धनगढी उप.म.न.पा. वडा नं. ४ बस्ने जिल्ला प्रशासन कार्यालय कैलालीबाट नम्बर १२३९७ मिति २०५३/०४/१५ मा नागरिकता प्रमाण पत्र प्राप्त बर्ष ४६ को **प्रेम बहादुर महरा ।**



बीर बहादुर महराको बुहारी, प्रेमबहादुर महराको श्रीमती, कैलाली जिल्ला, धनगढी उप.म.न.पा. वडा नं. ४ बस्ने जिल्ला प्रशासन कार्यालय कैलालीबाट नम्बर ४४४५४ मिति २०५८/०३/२९ मा नागरिकता प्रमाण पत्र प्राप्त बर्ष ४० को **सुनिता महरा ।**



# पहिलोपटक कृषि तथा पशु विज्ञान कक्षा

नेपाल समाचारपत्र

पर्वत

धौलागिरिमै पहिलोपटक तीन वर्षे कृषि तथा पशुविज्ञान संकायमा कक्षा शुरू भएको छ।

पर्वत सदरमुकाम कुश्माबजारसँगै जोडिएका बागलुङ नगरपालिका १४ बलेवामा स्थापना भएको धौलागिरि पोलिटेक्निकल इन्स्टिच्युटले तीन वर्षे कोर्षमा कृषि तथा बाली विज्ञानको पढाई शुरू गरेको हो। प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभिटी)को झण्डै ६ करोडभन्दा बढीको लागतमा भवन तथा अन्य पूर्वाधारहरू निर्माण भए पनि पहिलो सत्रको रूपमा कक्षा शुरू भएको हो।

प्राविधिक शिक्षा लिनका लागि लाखौ रुपियाँ खर्चेर पोखरा, काठमाडौंलगायतका सुविधसम्पन्न ठाउँमा जान बाध्य यस क्षेत्रका विद्यार्थी तथा बेरोजगार युवायुवतीलाई मध्यनजर गर्दै तत्कालीन शिक्षा मन्त्री दिनानाथ शर्माको पहलमा उक्त इस्टिच्युट स्थापना भएको हो।

उक्त इन्स्टिच्युटमा यस वर्ष भेटेरेनरी सम्बन्धी कक्षा सञ्चालन गरिने र आगामी वर्षदेखि कृषिजन्य उत्पादन तथा प्राविधिकतर्फका अन्य कक्षाहरू सञ्चालन गरिने धौलागिरि पोलिटेक्निकल इन्स्टिच्युटका प्रमुख बज्रमोहन पौडेलले जानकारी दिनुभयो।

अहिले आवेदन माग भइरहेको र छड पर्व लगत्तै कक्षा सञ्चालन गरिने समेत उहाँले बताउनुभयो। उक्त इस्टिच्युटमा एक विषयमा ४० जनासम्मले अध्ययन गर्न सकिने बताइएको छ। उक्त विषय निजी क्याम्पसमा अध्ययन गर्नका लागि ६-१० लाख रुपियाँसम्म खर्चिनुपर्ने भए पनि सरकारी लगानीमा सञ्चालित उक्त पोलिटेक्निकल इन्स्टिच्युटमा अध्ययन गर्दा एक लाख २५ हजारमा पढ्न सकिने पौडेलको भनाइ रहेको छ।

कृषि तथा पशुविज्ञान अध्ययनका लागि सबैजसो भौतिक पूर्वाधार निर्माणको काम सकिएको छ। गाईभैंसी फार्म, भेडाबाख्रा फार्म, कृषिजन्य उत्पादनका लागि करेसाबारीको व्यवस्थापन समेत भइसकेको सीटीइभिटीका साईड इन्चार्ज लेखनाथ जोशीले जानकारी दिनुभयो। उहाँका अनुसार अहिले महिला छात्रवास, तथा कर्मचारीको आवास निर्माणको काम भइरहेको छ।

उक्त शिक्षालयमा तीन वर्ष अध्ययन गरेपछि नेपाल सरकारको नायब सुब्बा बराबरको रोजगारी गर्नका लागि योग्य नागरिक उत्पादन हुने भएको छ। अहिलेसम्म जिल्लाको पकुवा र मुडिकुवामा संचालित प्राविधिक शिक्षालयमा १५ महिने कोर्षसम्म पढाई हुने भए पनि यो इन्स्टिच्युटमा भने तीन वर्षे डिप्लोमा कोर्ष अध्ययन गर्न सकिने भएपछि बढी मात्रामा धौलागिरि क्षेत्रका बासिन्दा लाभान्वित हुने जोशीले बताउनुभयो।

यसमा भर्ना हुनका लागि एईई परिक्षामा न्यूनतम १ दशमलव ६ जीपीए प्राप्त गरेको हुनुपर्नेछ। उक्त श्रेणीमा एईई पास गरेका र बेरोजगार भएकाले समेत भर्ना भएर अध्ययन गर्न सक्ने जोशीले जानकारी दिनुभयो। आवेदन खुलेसँगै नेपालका धेरै जिल्लाबाट भर्ना हुनका लागि विद्यार्थी आएको बताइएको छ।

## SHARE MARKET

15 OCTOBER SUNDAY, 2017

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 5553.00 | 433.00 | 427.00 | 433.00 | 4.00 |
| 2 | Api Power Company Ltd. | 466.00 | 550.00 | 542.00 | 546.00 | -2.00 |
| 3 | Arun Finance Limited | 1340.00 | 156.00 | 153.00 | 153.00 | -6.00 |
| 4 | Arun Kabeli Power Ltd. | 1226.00 | 325.00 | 315.00 | 325.00 | 5.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 1985.00 | 212.00 | 206.00 | 210.00 | 0.00 |
| 6 | Asian Life Insurance Co. Limited | 452.00 | 1475.00 | 1450.00 | 1475.00 | 5.00 |
| 7 | Bank of Kathmandu Ltd. | 6175.00 | 434.00 | 425.00 | 432.00 | 8.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 20.00 | 199.00 | 199.00 | 199.00 | -4.00 |
| 9 | Best Finance Company Ltd. | 2700.00 | 139.00 | 129.00 | 139.00 | 12.00 |
| 10 | Bhargav Bikash Bank Ltd. | 713.00 | 260.00 | 255.00 | 260.00 | 0.00 |
| 11 | Bishal Bazar Company Limited | 380.00 | 2145.00 | 2111.00 | 2144.00 | 41.00 |
| 12 | Butwal Power Company Limited | 1425.00 | 615.00 | 600.00 | 615.00 | 5.00 |
| 13 | Central Finance Co. Ltd. | 1155.00 | 181.00 | 178.00 | 181.00 | 0.00 |
| 14 | Century Commercial Bank Ltd. | 14671.00 | 224.00 | 218.00 | 223.00 | 3.00 |
| 15 | Chhimek Laghubitta Bikas Bank Limited | 4390.00 | 1405.00 | 1390.00 | 1390.00 | 0.00 |
| 16 | Chhyangdi Hydropower Ltd. | 352.00 | 176.00 | 171.00 | 176.00 | 3.00 |
| 17 | Chilime Hydropower Company Limited | 10182.00 | 851.00 | 829.00 | 842.00 | 4.00 |
| 18 | Citizen Bank International Limited | 12491.00 | 297.00 | 289.00 | 289.00 | -4.00 |
| 19 | Citizen Investment Trust | 34555.00 | 3700.00 | 3679.00 | 3700.00 | 21.00 |
| 20 | Civil Bank Ltd | 4561.00 | 230.00 | 223.00 | 230.00 | 5.00 |
| 21 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 140.00 | 1220.00 | 1175.00 | 1181.00 | -15.00 |
| 22 | Deprosc Development Bank Limited | 132462.00 | 1200.00 | 1194.00 | 1195.00 | 1.00 |
| 23 | Deva Bikas Bank Limited | 3240.00 | 255.00 | 245.00 | 255.00 | 5.00 |
| 24 | Dibyashwori Hydropower Ltd. | 22.00 | 158.00 | 155.00 | 155.00 | 0.00 |
| 25 | Everest Bank Limited | 2976.00 | 1210.00 | 1195.00 | 1210.00 | 0.00 |
| 26 | Everest Insurance Co. Ltd. | 153.00 | 2655.00 | 2640.00 | 2650.00 | 60.00 |
| 27 | Excel Development Bank Ltd. | 2140.00 | 468.00 | 455.00 | 465.00 | 13.00 |
| 28 | First Micro Finance Dev. Bank Ltd. | 1314.00 | 831.00 | 804.00 | 820.00 | 2.00 |
| 29 | Forward Community Mic. Bittiya San. Ltd. | 666.00 | 3550.00 | 3505.00 | 3549.00 | 14.00 |
| 30 | Gandaki Bikas Bank Limited | 14855.00 | 355.00 | 345.00 | 348.00 | -4.00 |
| 31 | Garima Bikas Bank Limited | 2539.00 | 255.00 | 248.00 | 253.00 | 4.00 |
| 32 | Global IME Bank Limited | 15071.00 | 380.00 | 368.00 | 379.00 | 4.00 |
| 33 | Green Development Bank Ltd. | 90.00 | 550.00 | 530.00 | 550.00 | 20.00 |
| 34 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 1570.00 | 210.00 | 195.00 | 195.00 | -11.00 |
| 35 | Gurans Life Insurance Company Ltd. | 1925.00 | 1020.00 | 1000.00 | 1000.00 | 0.00 |
| 36 | Gurkhas Finance Ltd. | 6095.00 | 186.00 | 183.00 | 186.00 | 5.00 |
| 37 | Hamro Bikas Bank Ltd. | 20.00 | 194.00 | 194.00 | 194.00 | 3.00 |
| 38 | Himalayan Bank Limited | 921.00 | 865.00 | 852.00 | 865.00 | 10.00 |
| 39 | Himalayan General Insurance Co. Ltd | 741.00 | 716.00 | 708.00 | 715.00 | 13.00 |
| 40 | Himalayan Power Partner Ltd. | 1058.00 | 380.00 | 366.00 | 370.00 | -5.00 |
| 41 | ICFC Finance Limited | 300.00 | 230.00 | 230.00 | 230.00 | 0.00 |
| 42 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 5282.00 | 181.00 | 176.00 | 181.00 | 3.00 |
| 43 | Janaki Finance Ltd. | 606.00 | 274.00 | 270.00 | 270.00 | -5.00 |
| 44 | Janata Bank Nepal Ltd. | 25735.00 | 257.00 | 250.00 | 255.00 | 2.00 |
| 45 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 128.00 | 3650.00 | 3602.00 | 3620.00 | -7.00 |
| 46 | Jebils Finance Ltd. | 150.00 | 136.00 | 136.00 | 136.00 | -2.00 |
| 47 | Jyoti Bikas Bank Limited | 2278.00 | 182.00 | 181.00 | 181.00 | -2.00 |
| 48 | Kailash Bikas Bank Ltd. | 1938.00 | 290.00 | 286.00 | 290.00 | 4.00 |
| 49 | Kalika Microcredit Development Bank Ltd. | 560.00 | 1904.00 | 1870.00 | 1904.00 | 37.00 |
| 50 | Kamana Sewa Bikas Bank Limited | 4111.00 | 213.00 | 207.00 | 208.00 | -1.00 |
| 51 | Karnali Development Bank Limited | 168.00 | 251.00 | 250.00 | 251.00 | -4.00 |
| 52 | Khanikhola Hydropower Co. Ltd. | 74.00 | 158.00 | 155.00 | 156.00 | 0.00 |
| 53 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 292.00 | 2500.00 | 2440.00 | 2500.00 | 70.00 |
| 54 | Kuber Merchant Finance Limited | 400.00 | 170.00 | 170.00 | 170.00 | -1.00 |
| 55 | Kumari Bank Limited | 49483.00 | 300.00 | 291.00 | 295.00 | 5.00 |
| 56 | Laxmi Bank Limited | 2106.00 | 317.00 | 314.00 | 314.00 | 1.00 |
| 57 | Laxmi Equity Fund | 1000.00 | 10.10 | 10.10 | 10.10 | 0.00 |
| 58 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 182.00 | 1591.00 | 1560.00 | 1591.00 | 31.00 |
| 59 | Laxmi Value Fund-1 | 8000.00 | 11.35 | 11.30 | 11.35 | 0.02 |
| 60 | Life Insurance Co. Nepal | 990.00 | 2070.00 | 2050.00 | 2070.00 | 29.00 |
| 61 | Lumbini Bikas Bank Ltd. | 4951.00 | 212.00 | 207.00 | 212.00 | 4.00 |
| 62 | Lumbini General Insurance Co. Ltd. | 8550.00 | 887.00 | 845.00 | 850.00 | -20.00 |
| 63 | Machhapuchhre Bank Limited | 13352.00 | 317.00 | 310.00 | 313.00 | -2.00 |
| 64 | Mahalaxmi Bikas Bank Ltd. | 10365.00 | 225.00 | 217.00 | 220.00 | 3.00 |
| 65 | Mahila Sahayatra Mic. Bittiya San. Ltd. | 121.00 | 1020.00 | 1015.00 | 1020.00 | -15.00 |
| 66 | Manjushree Finance Ltd. | 5513.00 | 150.00 | 145.00 | 145.00 | 1.00 |
| 67 | Mero Microfinance Bittiya Sanstha Ltd. | 219.00 | 1560.00 | 1540.00 | 1560.00 | 0.00 |
| 68 | Mirmire Microfinance Dev. Bank Ltd. | 60.00 | 2920.00 | 2880.00 | 2920.00 | 95.00 |
| 69 | Miteri Development Bank Limited | 70.00 | 528.00 | 528.00 | 528.00 | 2.00 |
| 70 | Mithila LaghuBitta Bikas Bank Ltd. | 22.00 | 1202.00 | 1202.00 | 1202.00 | 0.00 |
| 71 | Muktinath Bikas Bank Ltd. | 2610.00 | 595.00 | 587.00 | 592.00 | 5.00 |
| 72 | Nabil Balance Fund 1 | 2570.00 | 17.85 | 17.85 | 17.85 | 0.35 |
| 73 | Nabil Bank Limited | 1432.00 | 1219.00 | 1200.00 | 1219.00 | 19.00 |
| 74 | NABIL Bank Limited Promotor Share | 3400.00 | 877.00 | 855.00 | 875.00 | 9.00 |
| 75 | Nabil Equity Fund | 23494.00 | 10.30 | 10.20 | 10.30 | 0.00 |
| 76 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 566.00 | 3790.00 | 3725.00 | 3755.00 | 35.00 |
| 77 | National Hydro Power Company Limited | 3210.00 | 129.00 | 127.00 | 129.00 | 2.00 |
| 78 | National Life Insurance Co. Ltd. | 380.00 | 1800.00 | 1775.00 | 1791.00 | -9.00 |
| 79 | National Microfinance Bittiya Sanstha Ltd. | 339.00 | 3250.00 | 3185.00 | 3200.00 | 0.00 |
| 80 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 582.00 | 2774.00 | 2671.00 | 2774.00 | 155.00 |
| 81 | NB Insurance Co. Ltd. | 4171.00 | 1130.00 | 1100.00 | 1100.00 | -50.00 |
| 82 | Neco Insurance Co. Ltd. | 993.00 | 905.00 | 895.00 | 895.00 | -1.00 |
| 83 | Nepal Bangladesh Bank Limited | 5566.00 | 321.00 | 318.00 | 320.00 | 0.00 |
| 84 | Nepal Bank Limited | 11190.00 | 350.00 | 340.00 | 349.00 | 8.00 |
| 85 | Nepal Community Dev. Bank Ltd. | 78.00 | 186.00 | 178.00 | 186.00 | 5.00 |
| 86 | Nepal Credit And Com. Bank Limited | 17775.00 | 352.00 | 349.00 | 352.00 | -2.00 |
| 87 | Nepal Doorsanchar Comapany Limited | 13400.00 | 785.00 | 775.00 | 780.00 | 0.00 |
| 88 | Nepal Grameen Bikas Bank Ltd. | 9782.00 | 675.00 | 661.00 | 670.00 | 4.00 |
| 89 | Nepal Insurance Co. Ltd. | 610.00 | 1432.00 | 1383.00 | 1400.00 | -4.00 |
| 90 | Nepal Investment Bank Limited | 4621.00 | 628.00 | 620.00 | 623.00 | -2.00 |
| 91 | Nepal Investment Bank Ltd. Pro. Share | 1560.00 | 561.00 | 555.00 | 555.00 | 0.00 |
| 92 | Nepal Life Insurance Co. Ltd. | 4556.00 | 1983.00 | 1964.00 | 1968.00 | -20.00 |
| 93 | Nepal SBI Bank Limited | 4322.00 | 809.00 | 800.00 | 800.00 | -1.00 |
| 94 | Nerude Laghubita Bikas Bank Limited | 604.00 | 1180.00 | 1115.00 | 1178.00 | 41.00 |
| 95 | Ngadi Group Power Ltd. | 215.00 | 230.00 | 227.00 | 230.00 | 1.00 |
| 96 | NIBL Pragati Fund | 1516.00 | 10.20 | 10.10 | 10.20 | 0.05 |
| 97 | NIBL Samriddhi Fund 1 | 6000.00 | 11.65 | 11.65 | 11.65 | 0.15 |
| 98 | NIC Asia Bank Ltd. | 6036.00 | 355.00 | 349.00 | 355.00 | 1.00 |
| 99 | Nirdhan Utthan Bank Limited | 1519.00 | 2365.00 | 2345.00 | 2352.00 | 7.00 |
| 100 | NLG Insurance Company Ltd. | 103.00 | 1485.00 | 1474.00 | 1485.00 | 38.00 |
| 101 | NMB Microfinance Bittiya Sanstha Ltd. | 107.00 | 2652.00 | 2630.00 | 2652.00 | 22.00 |
| 102 | NMB Bank Limited | 14124.00 | 479.00 | 465.00 | 476.00 | 6.00 |
| 103 | NMB Hybrid Fund L-1 | 5824.00 | 10.02 | 10.02 | 10.02 | 0.00 |
| 104 | NMB Sulav Investment Fund-1 | 5000.00 | 12.48 | 12.48 | 12.48 | 0.24 |
| 105 | Om Development Bank Ltd. | 1185.00 | 290.00 | 287.00 | 290.00 | 1.00 |
| 106 | Om Development Bank Ltd. Promoter | 45329.00 | 240.00 | 240.00 | 240.00 | 1.00 |
| 107 | Oriental Hotels Limited | 173.00 | 868.00 | 850.00 | 868.00 | 15.00 |
| 108 | Pokhara Finance Ltd. | 273.00 | 225.00 | 224.00 | 225.00 | -1.00 |
| 109 | Prabhu Bank Limited | 7970.00 | 367.00 | 360.00 | 365.00 | 2.00 |
| 110 | Prabhu Insurance Ltd. | 2510.00 | 1107.00 | 1100.00 | 1102.00 | -9.00 |
| 111 | Premier Insurance Co. Ltd. | 728.00 | 1583.00 | 1552.00 | 1583.00 | 31.00 |
| 112 | Prime Commercial Bank Ltd. | 16880.00 | 438.00 | 425.00 | 435.00 | 5.00 |
| 113 | Prime Commercial Bank Promoter Share | 2000.00 | 260.00 | 255.00 | 255.00 | -10.00 |
| 114 | Prime Life Insurance Company Limited | 1065.00 | 1850.00 | 1795.00 | 1830.00 | 10.00 |
| 115 | ProgressiveFinance Limited | 4112.00 | 228.00 | 204.00 | 228.00 | 20.00 |
| 116 | Prudential Insurance Co. Ltd. | 550.00 | 1420.00 | 1420.00 | 1420.00 | -10.00 |
| 117 | Purnima Bikas Bank Ltd. | 575.00 | 304.00 | 299.00 | 304.00 | 6.00 |
| 118 | Rastriya Beema Company Limited | 200.00 | 16027.00 | 15402.00 | 15600.00 | 500.00 |
| 119 | Rastriya Beema Co. Limited Pro. Share | 245.00 | 14700.00 | 14280.00 | 14308.00 | 308.00 |
| 120 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 21.00 | 1925.00 | 1920.00 | 1925.00 | -15.00 |
| 121 | Reliance Finance Ltd. | 4665.00 | 212.00 | 201.00 | 205.00 | -5.00 |
| 122 | Ridi Hydropower Dev. Company Ltd. | 291.00 | 164.00 | 160.00 | 163.00 | 0.00 |
| 123 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 194.00 | 1264.00 | 1250.00 | 1255.00 | 15.00 |
| 124 | Rural Microfinance Dev. Centre Ltd. | 685.00 | 699.00 | 675.00 | 699.00 | 24.00 |
| 125 | Sagarmatha Insurance Co. Ltd. | 256.00 | 1665.00 | 1638.00 | 1640.00 | -16.00 |
| 126 | Sahayogi Bikas Bank Limited | 555.00 | 318.00 | 318.00 | 318.00 | 2.00 |
| 127 | Sana Kisan Bikas Bank Ltd | 236.00 | 1550.00 | 1545.00 | 1545.00 | 15.00 |
| 128 | Sanima Bank Limited | 14109.00 | 345.00 | 336.00 | 342.00 | 6.00 |
| 129 | Sanima Mai Hydropower Ltd. | 1014.00 | 520.00 | 515.00 | 517.00 | -1.00 |
| 130 | Saptakoshi Development Bank Ltd. | 342.00 | 181.00 | 180.00 | 180.00 | -1.00 |
| 131 | Shangrila Development Bank Ltd. | 638.00 | 373.00 | 369.00 | 369.00 | 3.00 |
| 132 | Shikhar Insurance Co. Ltd. | 523.00 | 1935.00 | 1910.00 | 1910.00 | -16.00 |
| 133 | Shine Resunga Development Bank Ltd. | 633.00 | 405.00 | 400.00 | 405.00 | -5.00 |
| 134 | Shree Investment Finance Co. Ltd. | 1010.00 | 443.00 | 440.00 | 440.00 | 5.00 |
| 135 | Shrijana Finance (Bittaya Sanstha) | 200.00 | 540.00 | 539.00 | 539.00 | -10.00 |
| 136 | Siddhartha Bank Limited | 9365.00 | 404.00 | 400.00 | 402.00 | 2.00 |
| 137 | Siddhartha Equity Orineted Scheme | 64393.00 | 12.06 | 11.82 | 12.06 | 0.24 |
| 138 | Siddhartha Insurance Ltd. | 1140.00 | 1415.00 | 1400.00 | 1410.00 | 0.00 |
| 139 | Siddhartha Investment Growth Scheme-1 | 5000.00 | 20.81 | 20.81 | 20.81 | 0.41 |
| 140 | Sindhu Bikash Bank Ltd | 369.00 | 185.00 | 177.00 | 177.00 | -8.00 |
| 141 | Soaltee Hotel Limited | 1891.00 | 360.00 | 358.00 | 360.00 | 5.00 |
| 142 | Standard Chartered Bank Limited | 2761.00 | 2120.00 | 2091.00 | 2116.00 | 2.00 |

Total Amount Rs. 518,604,032 Total Quantity 814,307 Total No of Transactions 3,133

निर्धारित समय भन्दा ढिला अन्तिम मतदाता नामावली प्रकाशन भएकोले उम्मेदवारको मनोनयनमा ढिला शुरु भएको बताईएको छ।

# अर्थ

# ललितपुर उद्योग वाणिज्य संघको अध्यक्षमा महर्जन



नेपाल समाचारपत्र

ललितपुर

३१ मतको अन्तरले कृष्णलाल महर्जन ललितपुर उद्योग वाणिज्य संघको अध्यक्षमा निर्वाचित हुनुभएको छ। शनिबार मध्यराति घोषणा गरिएको मत परिणामअनुसार महर्जनले ५८३ मत र उहाँका प्रतिस्पर्धी सविन श्रेष्ठले ५५२ मत ल्याउनुभएको हो। यसअघि २०६८ देखि २०७० सम्म संघको महासचिव हुनुहुन्थ्यो। २०७० सालमा अध्यक्षमा पराजित हुनुभएको थियो।

अध्यक्ष श्रेष्ठको प्यानलमा अध्यक्ष र वरिष्ठ उपाध्यक्षमा रविन्द्रराज ताम्रकार बाहेक सम्पूर्ण पदाधिकारी र कार्यसमिति सदस्य अधिकांश निर्वाचित भएका छन्। त्यस्तै महर्जन प्यानलबाट उद्योगतर्फ र वाणिज्यतर्फ गरी दुई/दुई जना सदस्य निर्वाचित भएको थियो। वरिष्ठ उपाध्यक्षमा स्वतन्त्र उम्मेदवारी दिनुभएका भरतलाल जोशीले ३९९ मत ल्याएर निर्वाचित हुनुभयो। उहाँका प्रतिस्पर्धीद्वय महर्जन प्यानलका गजेन्द्रलाल श्रेष्ठले ३३७ मत, र श्रेष्ठ प्यानलका रविन्द्रराज ताम्रकारले ३५८ मत ल्याउनुभयो।

त्यसैगरी उद्योगतर्फ उपाध्यक्ष बालकृष्ण श्रेष्ठले ५८४ मत, उहाँका प्रतिस्पर्धी विश्वराज बज्राचार्यले ४९५ मत, वाणिज्यतर्फको उपाध्यक्षमा रूपकुमार शाक्यले ५६९ मत, उहाँका प्रतिस्पर्धी बालकाजी महर्जनले ५१७ मत पाउनुभएको छ। त्यस्तै संस्थागत उपाध्यक्षमा वीरेन्द्रलाल प्रधानले ५७३ र उहाँका प्रतिस्पर्धी श्याम तण्डुकारले ५२२ मत ल्याउनुभएको छ।

त्यस्तै महासचिवमा मनोजबहादुर न्याछ्योंले ५६२ मत र उहाँका प्रतिस्पर्धी दीपेन्द्र शाक्यले ३५० मत र कोषाध्यक्षमा सचेन्द्रराज जोशीले सर्वाधिक मत पाउनुभएको छ। जोशीले ६४७ र उहाँका प्रतिस्पर्धी नारायणगोपाल श्रेष्ठले ४६२ मत पाउनुभएको छ।

त्यसैगरी उद्योगतर्फ श्रेष्ठ प्यानलबाट सुनील शाक्य 'हान्ताई' (२९६ मत), महर्जन प्यालनबाट सुसन महर्जन (२६२ मत), श्रेष्ठ प्यानलबाट मिलन शाक्य (२६१ मत), कृष्ण श्रेष्ठ (२५७ मत), महर्जन प्यानलबाट रमेश सिंह (२४७ मत ) र श्रेष्ठ प्यानलबाट श्रीजेशललाल शिल्पकार (२१६ मत) निर्वाचित हुनुभएको छ।

त्यसैगरी वाणिज्यतर्फ सदस्यमा श्रेष्ठ प्यानलबाट क्रमशः एक मात्र महिला उम्मेदवार लजना श्रेष्ठ (५९९ मत), भूमिनन्दन कर्माचार्य (५७८ मत), श्रेष्ठ प्यानलबाट रूपेन्द्रराज शाक्य (५३२ मत), महर्जन प्यानलबाट महेश श्रेष्ठ (५२९ मत), श्रेष्ठ प्यानलबाट सविनलाल प्रधान (५२१ मत), उसन बज्राचार्य (४८८ मत) र महर्जन प्यानलबाट रूपकमान महर्जन (४४६ मत) पाउनुभएको छ।

वस्तुगतबाट यसअघि नै राजेन्द्रकुमार श्रेष्ठ निर्विरोध हुनुभएको थियो भने एसोसिएटबाट राकेशभक्त मुल्मी (१२ मत) निर्वाचित हुनुभएको छ।

# सिटी एक्सप्रेसका विजेता घोषित




काठमाडौं, (नेस)

सिटी एक्सप्रेस मनि ट्रान्सफरले उत्सव एक्सप्रेस योजनाको पाँचौं विजेता घोषणा गरेको छ। कम्पनीले इलेक्ट्रोनिक लक्की ड्रमार्फत् चाँदीका सिक्का तथा ओप्पो फोन विजेताको घोषणा गरेको हो। विजेतामा ओप्पो फोन विजेता रूपेश विष्णु कुमार मगर र रेफ्रिजेरेटर विजेता देवीसरा रेग्मी रहेका छन्। त्यस्तै यमबहादुर दमाई, नन्दा कुमारी गुरुङ, कल्पना मोक्तान, रमिना खातुन, सुशीला ढुंगाना, विष्णु मोक्तान र ममता पुनमगर चाँदीको सिक्का जितेको कम्पनीले जनाएको छ।

लामो समयदेखि मनि ट्रान्सफर सम्बन्धि सेवा उपलब्ध गराइरहेको सिटी एक्सप्रेसले दशैं, तिहार र छठलाई लक्षित गर्दै उपहार योजना सञ्चालन गरेको छ। कम्पनीले उपभोक्ताका लागि यसपटक ९० दिनसम्म चल्ने उपहार योजना सार्वजनिक गरेको थियो। उपहार योजनाअन्तर्गत उपभोक्ताले दैनिक १ तोला चाँदीका सिक्का, क्याप, टी-सर्ट र किरिङलगायत उपहार जित्न सक्छन्। त्यसैगरी साप्ताहिक विजेतालाई ओप्पो मोबाइल, मासिक विजेतालाई एलजी रेफ्रिजिरेटर र बम्पर विजेतालाई रेनल्टको क्विड आरएक्सएल कार प्रदान गरिने कम्पनीले जनाएको छ।

# सिटिजन्स बैंकद्वारा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन

काठमाडौं, (नेस)

सिटिजन्स बैंक इन्टरनेसनलले नुवाकोटका साविकका ६ वटा गाविसमा वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको छ। बैंकले बागेश्वरी, गोर्स्याङ, खड्गभञ्जयाङ, मनकामना, जिलिङ र सुन्दरादेवी गाविसमा उक्त कार्यक्रमको आयोजना गरेको हो।

भदौ २५ बाट ३० गतेसम्म आयोजना गरिएको कार्यक्रम लुइस बर्जर तथा डीएफआईडीको सहकार्यमा भएको हो। युवा, विद्यार्थी, सिमान्तकृत समुदाय र विप्रेषणमा निर्भर परिवार र महिलालाई लक्षित गरी उक्त कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा बैंकको बारेमा सामान्य जानकारी दिने, सर्वसाधारणलाई बचत र ऋणको सही व्यवस्थापन गरी व्यवसाय सञ्चालन गर्ने, योजनाबद्ध रूपमा आफ्नो व्यवसाय तथा परिवारको बजेट निर्माण गरी उत्पादनमुलक क्षेत्रमा लगानी गर्न सहयोग गर्ने र ग्रामिण क्षेत्रमा उल्लेखिय विश्वास एवं बैंकिङ सभ्यता विकास गर्न सहयोग पुर्याउने उद्देश्यले आयोजना गरिएको बैंकले जनाएको हो।

# टीसीएलका टिभीको माग बढ्दो

काठमाडौं, (नेस)

अन्तर्राष्ट्रिय मान्यता प्राप्त विश्वकै ठूलो टिभी ब्रान्ड टीसीएलका स्मार्ट टिभीको माग बजारमा बढेको कम्पनीले जनाएको छ। स्टाइलिस डिजाइन तथा गुणस्तरीयताले भरिपूर्ण टीसीएका टिभीको माग बढेकाले उपभोक्ता प्रतिक्षा गर्न बाध्य रहेको कम्पनीको दाबी छ। ग्राहकको क्षमताभित्र मूल्य रहेका टीसीएलका ३२ इन्चदेखि ६५ इन्चसम्मका टिभी अहिलेसम्म पनि धमाधम बिक्री भइरहेको कम्पनीको दाबी छ। तसर्थ, कतिपय टिभीका लागि ग्राहकले अग्रिम बुकिङ पनि गरिरहेको कम्पनीले जनाएको छ।

गुणस्तरीय उत्पादनसँगै टीसीएलले आफ्ना




उपभोक्ताको चाहनालाई मध्यनजर गर्दै आकर्षक प्रस्ताव र योजना ल्याउने क्रममा यसपटक चाडपर्वलाई लक्षित गरी 'हातमा हात्ती पकेटको साथी' नामको योजना सञ्चालन गरिरहेको छ। नेपालका लागि टीसीएल टिभीको आधिकारीक बिक्रेता चौधरी ग्रुपअन्तर्गत सिजी इलेक्ट्रोनिक्स प्रालि रहेको छ।

# अग्नि इन्कर्पोरेटेडद्वारा प्रायोजन

काठमाडौं, (नेस)

इम्याजिन नेपालद्वारा आयोजित काठमाडौं-लोमाङथाङ-पोखरासम्मको साहासिक मोटर यात्राको लागि अग्नि इन्कर्पोरेटेडले महिन्द्रा थारका सहभागीलाई प्रायोजन गरेको छ। उक्त प्रायोजनमा कूल खर्चको ७० प्रतिशत रकम अग्नि इन्कर्पोरेटेडले व्यहोर्ने छ। ५० हजार प्रतिव्यक्ति सहभागिता शुल्क तोखिएकोमा प्रायोजनपछि १५ हजार रुपियाँमात्रै लाग्ने जानकारी अग्नि इन्कर्पोरेटेडले जनाएको छ।

यात्रा नोभेम्बर महिनाको ६ तारिखमा काठमाडौंबाट सञ्चालन भई १२ तारिखमा पोखरामा आई समापन हुने छ। सहभागीहरूको यात्रा काठमाडौं-पोखरा-जोमसोम हुँदै अन्तिम गन्तव्य लोमाङथाङमा पुगी पुनः पोखरासम्म आई पुगेपछि समाप्त हुने छ। साहासिक यात्रामा पहिलो सय जनाले मात्र सहभागिता जनाउन पाउने छन्।

# ११औं गोदावरी पुष्प प्रदर्शनी सम्पन्न



काठमाडौं, (नेस)

चार दिनदेखि चलेको ११औं गोदावरी पुष्प प्रतियोगितात्मक प्रदर्शनी आइतबार सम्पन्न भएको छ।

'रोपेर फूल गोदावरी, सजाऔं घर आँगन वरिपरि' भन्ने नाराका साथ पुष्प व्यवसायीको छाता संगठन फ्लोरिकल्चर एसोसिएसन नेपालको आयोजनामा गत २६ गतेदेखि शुरू भएको उक्त मेलामा ३७ हजारभन्दा बढीले अवलोकन गरेका र मेलामा ५२ लाखभन्दा बढीको कारोबार भएको मेला संयोजक रामजी तिमिल्सिनाले जानकारी दिनुभयो।

मेलामा व्यावसायिक स्टलहरू ४४ वटा, सूचनामुलक स्टल ३ वटा, प्रतिस्पर्धात्मक ३ वटा गरी जम्मा ५० वटा स्टल राखिएका थिए। नेपालमा सन् १९५० बाट सामान्य स्तरबाट शुरू भएको पुष्प व्यवसाय शहरीकरणको विकास तथा विस्तारसँगै पुष्प व्यावसायको केन्द्र काठमाडौं मात्रै नभएर पोखरा, नारायणघाट, हेटौंडा, काभ्रे, विराटनगर, धरान, धनगढीलगायतका ठाउँमा फैलिदै गएको छ।

# धान्याञ्चलको साधारणसभा सम्पन्न

नेपाल समाचारपत्र

काठमाडौं

धान्याञ्चल बचत तथा ऋण सहकारी संस्थाको ८औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। पूर्वसभामुख तथा नेपाली कांग्रेसका वरिष्ठ नेता कुलबहादुर गुरुङको प्रमुख आथित्यमा सम्पन्न कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्ष भविश्वर घिमिरेले गर्नुभएको थियो।

कार्यक्रममा बोल्दै अध्यक्ष घिमिरेले संस्थाले छोटो समयमा उल्लेखनीय प्रगति गरी शेयरधनीलाई १५ प्रतिशतसम्म मुनाफा वितरण गर्न सफल भएको जानकारी गराउनुभएको थियो। उहाँले २७ जना शेयर सदस्यबाट शुरू भएको सहकारीमा हाल २ सय ५० भन्दा बढीले शेयर खरिद गरिसकेको पनि बताउनुभयो।

संस्थाको हालसम्मको शेयरवापत १ करोड ८२ लाख ५५ हजार रुपियाँ तथा कर्जातर्फ २ करोड ३४ लाख ७३ हजार ७ सय ५५ रुपियाँ पुंजी परिचालित भएको छ। कार्यक्रममा उहाँले लगानीकर्तालाई ढुक्क भएर १० हजारदेखि ५ लाखसम्म शेयर खरिद गर्न सकिने विश्वास समेत दिलाउनुभएको थियो। कार्यक्रममा संस्थाको आय व्यय पनि प्रस्तुत गरिएको थियो।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ असोज ३० अक्टोबर १६ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०३।५९ | १०४।१९ |
| युरो १ का रु. | १२२।४८ | १२३।१९ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३७।६४ | १३८।४३ |
| स्विस फ्रन्क १ का रु. | १०६।३० | १०६।९२ |
| अस्ट्रेलियन डलर १ का रु. | ८१।७२ | ८२।२० |
| क्यानाडियन डलर १ का रु. | ८३।१३ | ८३।६१ |
| सिङ्गापुर डलर १ का रु. | ७६।७७ | ७७।२२ |
| जापानी यन १० का रु. | ९।२६ | ९।३१ |
| चिनियाँ युआन १ का रु. | १५।७४ | १५।८४ |
| साउदी अरब रियाल १ का रु. | २७।६२ | २७।७८ |
| कतारी रियाल १ का रु. | २८।४५ | २८।६१ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ का रु. | ३।१३ | ३।१५ |
| सं. अरब इमिरट दिराम १ का रु. | २८।२१ | २८।३७ |
| मलसियन रिङ्गिट १ का रु. | २४।५४ | २४।६८ |
| दक्षिण कारियन वन १०० का रु. | ९।१९ | ९।२५ |

### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।७६ |
| डनिस क्रानर १ का रु. | १६।४५ |
| हङकङ डलर १ का रु. | १३।२७ |

**नोटः** वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।



# सारापोभा तियान्जियन च्याम्पियन



लन्डन, (एजेन्सी)

पूर्वविश्व नम्बर एक महिला टेनिस खेलाडी मारिया सारापोभा तियान्जियान ओपन टेनिस प्रतियोगिताको च्याम्पियन बन्न सफल भएकी छन्।

चीनको तियान्जिन शहरमा भएको तियान्जिन ओपन टेनिसको महिला सिंगल्सको फाइनलमा रसियन टेनिस सुन्दरी मारिया सारापोभोले आर्यना सावालेन्कालाई ७-५, ७-६ को सोझो सेटमा पराजित गर्दै दुई वर्षपछि च्याम्पियन बन्न सफल भएका हुन्।

एन्टी डोपिङका कारण प्रतिबन्धमा परेपछि १५ महिना कोर्ट बाहिर रहेकी सारापोभा गत अप्रिलबाट टेनिस कोर्टमा फर्केकी थिइन्। सारापोभाले प्रतिबन्धमा पर्नुअघि सन् २०१५ मे मा इटालियन ओपन जितेकी थिइन्। त्यसपछि डोपिंगका कारण सारापोभालाई १५ महिनाको लामो प्रतिबन्ध झेल्नुपरेको थियो।

# स्वारेजद्वारा बार्सिलोनाको उद्वार



मेड्रिड, (एजेन्सी)

हारतिर अग्रसर खेलमा लुइस स्वारेजले बराबरी गोल फर्काउँदै बार्सिलोनाको उद्वार गरेका छन्।

खेलको ८२औं मिनेटसम्म १-० ले पछि परेको अवस्थामा सर्जी रोर्बेटोको क्रसमा हेडमार्फत स्वारेजले बराबरी गोल फर्काएका थिए। त्यसअघि साउल निगुइजको गोलमा एट्लेटिकोले खेलको २१औं मिनेटमा शुरूआती अग्रता लिएको थियो। बराबरीअघि बार्सिलोनाका स्टार लियोन मेसीको फ्रिकिक गोलपोस्टमा लागेर फर्केको थियो।

बराबरीसँगै अंक तालिकाको शीर्ष स्थानमा रहेको बार्सीलोनाको ८ खेलबाट २२ अंक भएको छ। जारी सिजनमा बार्सिलोना अपराजित नै रहेको छ। समान म्याच खेलेर दोस्रो स्थानमा रहेको रियल मेड्रिड र बार्सिलोनाबीच ५ अंकको फरक भएको छ। अक्टोबर १ मा क्याटालान स्वतन्त्रताको जनमत संग्रहपछि बार्सिलोना पहिलोपटक स्पेनको राजधानी मेड्रिड पुगेको थियो। जहाँ स्पेनिस राष्ट्रिय झन्डासहित सयौंको संख्यामा एट्लेटिकोका समर्थक रंगशालामा उपस्थित रहेका थिए। उनीहरूले बार्सिलोना र स्पेनिस टोलीका रक्षक जेरार्ड पिकेले हरेक पटक बल छुँदा व्यंग्य गरेका थिए। पिकेले जनमत संग्रहको समर्थन गर्दै आएका थिए।

६८ हजार दर्शक क्षमता भएको वान्डामा बार्सिलोनाका समर्थकलाई प्रतिबन्ध गरिएको थियो। बिनासमर्थक बार्सिलोनाले खेल्नुपरेको यो दोस्रो खेल हो। लास पाल्मासविरुद्ध घरेलु मैदानमा भएको खेल बिनादर्शक खेलाइएको थियो। बराबरीपछि १६ अंकसहित एथ्लेटिको मेड्रिड दोस्रो स्थानमा छ।

ला लिगाअन्तर्गत शनिबार राति नै भएको अर्को खेलमा रियल मेड्रिडले गेटाफेलाई २-१ ले हराएको थियो। खेलको ३९औं मिनेटमा करिम बेन्जेमाको गोलबाट रियलले शुरूआती अग्रता लिएको थियो। तर खेलको ५६औं मिनेटमा जर्ज मोलिनाले गोल फर्काउँदै खेललाई बराबरीमा ल्याएका थिए। बराबरीतिर अग्रसर उक्त खेलको ८५औं मिनेटमा क्रिस्टियानो रोनाल्डोले गोल गरेपछि रियलले खेलमा पुन: अग्रता लियो। त्यसपछि खेलमा कुनै गोल भएन र रियलले तीन अंक सुनिश्चित गऱ्यो। रोनाल्डो ५ खेलेको प्रतिबन्धपछि केही दिनअघि मात्र ला लिगामा फर्केका थिए। बार्सिलोनाविरुद्ध अगस्ट १४ मा सुपर कपमा रेफ्रीलाई धक्का दिएपछि रोनाल्डोले ५ खेल प्रतिबन्धमा बिताउनुपरेका थिए। घाइते भएका रियलका स्ट्राइकर गेरथ बेल पनि उक्त खेलमा अनुपस्थित रहेका थिए। ला लिगाअन्तर्गत शनिबार भएका अन्य खेलहरूमा एथ्लेटिक बिल्बाओले सेभियालाई १-० ले हराउँदा रियल सोसिडाडले पनि आल्भेजलाई २-० ले पराजित गरे।

## फेडेररलाई उपाधि

संघाई, (एजेन्सी)

स्वीजरल्यान्डका टेनिस स्टार रोजर फेडेररले दोस्रो पटक संघाई मास्टर्स ओपन टेनिस प्रतियोगिताको उपाधि जितेका छन्।

उपाधि जित्नेक्रममा ३६ वर्षीय फेडेररले स्पेनका राफेल नाडाललाई ६-४, ६-३ ले पराजित गरेका हुन्। यसअघि उनले सन् २०१४ पहिलो पटक सो उपाधि उचालेका थिए। ७२ मिनेट चलेको उक्त फाइनलमा खेलमा फेडेरर सफलता पाएका हुन्। यस वर्ष नाडालविरुद्ध यो उनको चौथो जित हो। आफ्नो करियरको ९४औं उपाधि हात पार्ने क्रममा उनले ईभान लेन्डीसँग उपाधि संख्या बराबरी गरेका छन्। टेनिसको सर्वाधिक १ सय ९ उपाधि जित्ने जिमी कोनोर्स भन्दा उनी १५ उपाधिले पछाडि छन्।

जितपछि आफूले राम्रो खेलेको प्रतिफल पाएको फेडेररले बताए। उनले भने-' नाडालसँगको खेल कसरी खेल्नुपर्छ भन्ने मलाई ज्ञान थियो। मैले शुरूआतदेखि राम्रो प्रयास गरे। नाडालमा जति बेला पनि खेललाई बदल्ने सक्ने गुण भएकोले म चनाखो थिएँ।'

## धरहरा

### 'स्वदेशी पिक्निक'



निकै तामझामका साथ शनिबारदेखि काठमाडौंमा गैरआवासीय नेपाली संघको ८औं अधिवेशन शुरू भएको छ। नयाँ नेतृत्व छनोटका लागि विश्वका ७७ मुलुकबाट करिब ३ हजार प्रतिनिधि नेपाल आएका छन्। यो जमघट देख्दा धरहरालाई लाग्छ, आर्थिक समृद्धिमा फड्को मार्न नसकेको मुलुकले अब ठूलै छलाङ मार्नेछ।

केही वर्षयता यस्तो जमघटलाई दशैंतिहार मनाउन, साथी-भाइ तथा आफन्तसाग भेटघाट गर्ने वहाना र बहानाले जुराएको 'स्वदेशी पिक्निक' का रूपमा विश्लेषण गर्न थालिएको धरहराको ठम्याइ छ। जुन रूपमा एनआरएनले नेपाल र नेपालीप्रति चासो र चिन्ता व्यक्त गर्ने गरेको छ, त्यो अनुसारको प्रतिफल मुलुक र आम नेपालीले महशुस गर्न नपाएपछि यस्तो विश्लेषण हुनु स्वाभाविक हो। त्यसैले विगत डेढ दशकदेखिको जमघटलाई नजिकबाट नियाल्दै आएको धरहरालाई भने कुनै उत्साह लाग्या छैन।

एनआरएनएका केही अगुवा भन्छन्- 'हामीले होटल, जलविद्युत आयोजना, बैंक, अस्पताल जस्ता क्षेत्रमा लगानी गरेका छौं, सयौंलाई रोजगार दिने वातावरण बनाइरहेका छौं।' भूकम्प र बाढी, डुवानका बेला राहत सामग्री उपलब्ध गराउन र गोरखाको लाप्राकमा भूकम्पपीडितका लागि आवास निर्माणमा एनआरएनए टोली जुटेको एक अगुवाले तर्क गरे। उनको तर्क केही हदसम्म ठिकै होला। तर नेपालमा लगानीका क्षेत्र र संभावनाबारे प्रस्ट रहेको, स्वदेशसँगको रगतको साइनो, विदेशी ज्ञान र अनुभवले खारिएको संस्थाको योगदान यस्तै मात्र हो त ? पाठकवृन्दहरूका तर्फबाट धरहरालाई प्रश्न गर्न मन लाग्यो।

## खेल सङ्क्षेप

### इपीएलमा डेढ सयभन्दा बढी खेलाडी

काठमाडौं, (नेस)

एभरेस्ट प्रिमियर लिग (इपीएल) टि-ट्वान्टी क्रिकेट प्रतियोगितामा सहभागी हुन १ सय ६० खेलाडीले नाम दर्ता गराएका छन्। असोज ९ देखि २३ गतेसम्म खुला गरिएको आवेदनमा 'ए', 'बी' र 'सी' गरी तीन श्रेणीमा १ सय ६० खेलाडीले नाम दर्ता गराएको इपीएलले जनाएको हो। इपीएलमा ६० खेलाडी अक्सनमार्फत छनोट हुनेछन्। अक्सन कात्तिक ६ गते हुनेछ। चर्चितसहित प्रत्येक टोलीमा १५ खेलाडी हुनेछन्। जसमध्ये १० खेलाडी अक्सनबाट छनोट गरिनेछ भने तीन जना विदेशी खेलाडी रहनेछन्। १८ विदेशी खेलाडीलाई प्रतियोगिताका लागि नेपाल बोलाइनेछ। एक स्थानीय खेलाडी ट्यालेन्ट हन्टमार्फत छनोट गरिनेछ। प्रतियोगिता करिब दुई महिनापछि राजधानीमा हुनेछ। इपीएलमा विभिन्न ६ सहरले सहभागिता जनाउँदै छन्। इपीएल खेल्ने टोलीमा काठमाडौं किंग्स इलावेन, ललितपुर पाट्रिओट्स, विराटनगर वारियर्स, भैरहवा ग्लाडिएटर, पोखरा राइनोज र चितवन टाइगर्स छन्। प्रतियोगिताको विजेता टोलीले उपाधिसहित २१ लाख रुपियाँ प्राप्त गर्नेछ।

### नेपाल उज्वेकिस्तानसँग पराजित

काठमाडौं, (नेस)

इरानमा जारी एएफसी फुटसल च्याम्पियनसिप क्वालिफायरमा नेपाललाई उज्वेकिस्तानले फराकिलो गोलअन्तरले पराजित गरेको छ।

पहिलो पटक अन्तर्राष्ट्रिय फुटसल प्रतियोगिता खेलिरहेको नेपाल उज्वेकिस्तानसँग १४-१ को फराकिलो अन्तरले पराजित भएको हो।

इरानको तावरिजमा भएको साउथ एन्ड सेन्ट्रल जोनको समूह ए को खेलमा नेपालका लागि एकमात्र सान्त्वना गोल कप्तान सुरज कुमार राउतले गरेका थिए। उज्वेकिस्तानको सहज जितमा दिलसोभ रहमातोभले ह्याट्रिक गरे भने डाभ्रोन चोरिच, अर्तुर युनुसोभ र दिलमुरोद साभकातोभले दुई -दुई गोल गरे। यस्तै फरहोद अबदुमाभलोनोभ, दाभरोन अबदुराखमानोभ र अनासकोन राखमातोभले एक-एक गोल गरे। नेपालका सौरभ मगरले एक आत्मघाती गोल गरेका थिए। नेपालले सोमबार दोस्रो खेल कीर्गिस्तानविरुद्ध खेल्नेछ।

### भलिबल उपाधि केन्द्रीय प्रतिष्ठानलाई

हेटौंडा, (नेस)

केशवलाल श्रेष्ठ स्मृति जिल्लास्तरीय भलिबल प्रतियोगिता-२०७४ को उपाधि केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठान हेटौंडाले जितेको छ।

हटिया स्पोर्टस् एकेडेमीको आयोजनामा हेटौंडा-१७, हटियास्थित नेपाल चौरमा भएको फाइनलमा आयोजकलाई सोझो सेटमा पराजित गर्दै प्रतिष्ठानले उपाधि जितेको हो। आयोजक हटिया स्पोर्टस् एकेडेमीलाई २५-२१, २५-२३ र २५-१५ को सोझो सेटमा हराउँदै प्रतिष्ठानले नगद १ लाख रुपियाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेताले नगद ५० हजार प्राप्त गरेको छ।

# वाटफोर्डसँग आर्सेनल पराजित



लन्डन, (एजेन्सी)

इंग्लिस प्रिमियर लिगमा वाटफोर्डले आर्सेनललाई पराजित गरेको छ।

प्रिमियर लिगअन्तर्गत शनिबार राति भएको खेलमा आर्सेनलले वाटफोर्डसँग २-१ को हार बेहोरेको हो। वाटफोर्डको घरेलु मैदान भिक्रेज रोडमा भएको उक्त खेलमा आर्सेनलले खेलको ३९औं मिनेटमा मर्टिस्याकरको गोलमार्फत शुरूआती अग्रता लिएको थियो।

पहिलो हाफसम्म एक गोलले अघि रहेको आर्सेनलले खेलको ७१औं मिनेटमा बराबरी गोल बहोऱ्यो। आर्सेनलका डिफेन्डर हेक्टर बेल्लेरिनले वाटफोर्डका रिचार्लिसनलाई आफ्नो डी एरियामा लडाएपछि पाएको पेनाल्टीलाई वाटफोर्डले पेनाल्टी हान्ने अवसर पाएको थियो। जसलाई परिवर्तित खेलाडी डिनीले गोलमा परिणत गरेका थिए। यसैगरी थपिएको इन्ज्युरी समयको दोस्रो मिनेटमा पूर्वम्यानचेस्टर युनाइटेडका खेलाडी टम क्लेभरलीले गोल गर्दै वाटफोर्डलाई महत्वपूर्ण जित दिलाएका थिए। जितसँगै सिजनमा बलियो शुरूआत गरेको वाटफोर्ड १५ अंकसहित तालिकाको चौथो स्थानमा उक्लेको छ। अर्कोतर्फ आठ खेलमा १३ अंक बटुलेको आर्सेनल भने छैठौं स्थानमा झरेको छ।

### चेल्सी स्तब्ध

इंग्लिस प्रिमियर लिग अन्तर्गत शनिबारै भएको अन्य खेलमा क्रिस्टल प्यालेसले पनि चेल्सीलाई स्तब्ध पारेको छ। खेलको ११औं मिनेटमा चेल्सीका सेजर अज्पीलीसुवेताको आत्मघाती गोलबाट क्रिस्टल प्यालेसले शुरूआती अग्रता लिएको थियो। तर खेलको १८औं मिनेटमा सेच फाब्रिगासको कर्नर प्रहारमा तिमाओ बाकायोकोले हेडमार्फत् गोल गर्दै चेल्सीका तर्फबाट बराबरी गोल फर्काए। खेलको ४५औं मिनेटमा विल्फ्राइड जाहाले प्यालेसको तर्फबाट गोल गर्दै टोलीलाई २-१ ले अघि पारे। खेलको दोस्रो हाफमा भने कुनै गोल भएन र प्यालेसले जित सुनिश्चित गऱ्यो। जारी सिजनमा प्यालेसको यो आठौं खेलमा पहिलो जित हो। जितसँगै अंक तालिकाको पुछारमा रहेको प्यालेसले सिजनकै पहिलो तीन अंक जोडेको छ। यता हारपछि गत सिजनको प्रिमियर लिग च्याम्पियन चेल्सीका ८ खेलबाट १३ अंक रहेको छ।

शनिबारै भएको अन्य खेलहरूमा म्यानचेस्टर सिटीले स्टोक सिटीमाथि ७-२ ले गोलको भारी बोकाउँदा स्वान्सीले हडर्सफिल्डलाई २-० ले र टोटेनह्याम हटसपोरले बाउर्नमाउथलाई १-० ले पराजित गरेका थिए। यस्तै बर्नले र वेस्टह्यामले १-१ तथा लिभरपुल र म्यानचेस्टर युनाइटेडले गोलरहित बराबरी खेल्दै अंक बाँडे।

# पारा तेक्वान्दो टोली बेलायततर्फ

काठमाडौं, (नेस)

सातौं विश्व पारा तेक्वान्दो च्याम्पियनसिपमा सहभागी हुन नेपाली टोली आइतबार बेलायततर्फ प्रस्थान गरेको छ।

बिहीबारदेखि शुरू हुने च्याम्पियनसिपमा सहभागी हुन चार खेलाडीसहित ७ सदस्यीय टोली आइतबार बेलायत प्रस्थान गरेको हो। कल्याण कुावर प्रशिक्षणमा रहेको नेपाली खेलाडीमा रोहितहाङ राई, राम अधिकारी, पलेसा गोवर्द्धन र रञ्जना धामी रहेका छन्। उक्त विगत ३ महिनादेखि विषेश प्रशिक्षणमा रहेको थियो। च्याम्पियनसिपमा खेलाडीबाट उत्कृष्ट प्रदर्शनको आशा राखेको प्रशिक्षक कुावरले बताए।

उनले भने 'हामीसँग यसअघि पनि अन्तर्राष्ट्रिय पदक जितिसकेको अनुभवी खेलाडी रञ्जना धामी रहेको छ। सबै खेलाडीबाट राम्रो प्रदर्शनको आशा राखेका छौं। विश्व उत्कृष्ट खेलाडी आउनेछन्। त्यसैले पदक जित्ने बाटो त्यति सहज भने छैन। यद्यपि, हामी उत्कृष्ट प्रदर्शन गर्नेछौं।' च्याम्पियनसिपमा रोहितले के-४२ अन्तर्गत ७५ केजी र राम अधिकारीले के-४२ कै ७० केजी तोल समूहमा प्रतिस्पर्धा गर्नेछन्। महिला खेलाडी पलेसाले के-४४ को ५८ र रञ्जनाले के-४४ कै ४९ केजी तौल समूहमा प्रतिस्पर्धा गर्नेछिन्। टोली नेतामा नेपाल तेक्वान्दो संघका कोषाध्यक्ष कासिममियाँ धोवी र टिम व्यवस्थापकमा राजेन्द्र उप्रेती छन्।

नेपाल समाचारपत्र कामना साधना

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं सम्पर्क : ०१-४२६११७९, एक्सटेन्सन: २१३ (९ बजेदेखि ६ बजेसम्म)

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ